अनुपानमञ्जरी

(प्रज्ञा नेपाली टीकासहिता)



श्रीगणेशायनमः॥ ॥योरावणंरणमुखेभुवनैकभारं हत्वाचकारजगतःपरमोपकारम्॥यच्छ्रद्धयाति द
धिरेपरंतोपियाऽनन्नौमि मैथिलसुताहृदयैकहारम्॥ १ ॥नारीकेलफलेक्षुतण्डुलमथद्राक्षारसालेहितंजम्बी
रोत्थरसोघृतेसमूचितंसर्पिस्तुमोचाफले॥गोधूमेषुचकर्कटीहितमथोमांसान्ययेकाञ्जिकं नारंगेगुडमेवराणां
चकथितंपिण्डालुकेकोद्रवं॥ २ ॥पिष्टान्नेसलिलंपियालफलजेपथ्याहितामाषजे खण्डक्षीरंभवेत्तुतक्र
मुचितंकोष्णाम्बुकोलांभुजे मत्स्येचूतफलेऽन्वजीर्णशमनं मधंवुपानान्ययेतैलंप्रकाण्जेकटुप्रशमनं शेयां
स्तुघ्राजयेत्॥ ३ ॥पनसेकदलेकदलेचघृतं घृतपाकविधावपिजंभरसः॥ तंडुपद्रवशान्तिकरंलव
णंलवणेषुचतण्डुलवारिवरं॥ ४ ॥नारीकेलफलनालवीजयोःपाचनंयदिहतण्डुलंविदुः॥नेवदन्तिमुनयो
ऽथतण्डुलंक्षारवारिपरिपाचयन्त्यपि॥ ५ ॥दाडिमामलकतालतिंदुकीबीजपूरलवलीफलानिवै॥वाकुल
फलमतीवपाचयेन्याकमेतिवजलंस्वमूलतः॥ ६ ॥मधूकमालूरनृपादनानां परूषखर्जूरकपित्थकाः



नाम् पाकाययेयंपिचुमन्दबीजं घृतेपितक्रेपितदेवपथ्यम्॥ ७ ॥गोधूममाषहरिमंथमसूरमुद्गपाके
भवेज्ज्वरितिमातुलपुत्रकेण॥खर्जूरिकाविशकसेरुसिनामुसस्लं शृंगाटकंमधुफलान्यपिभद्रमुस्तम्॥ ८
॥पिष्ठितपनसयोस्याद्दाम्रबीजेनपाकः कृशरमहिषयोर्मिन्त्रीरयोःसैन्धवेन॥चिपिटपरिणतिःस्यान्
पिप्पलीदीप्यकाभ्यामपहरतिजुषांशोवैदलानामजीर्णम्॥ ९ ॥कर्पूरपूंगीफलनागवल्लीकाश्मीरजा
तीफलजातिकोसम्॥कस्तूरिकासिल्हकनारिकेलजलम्यचन्याप्सुसमुद्रफेनम्॥ १० ॥श्यामाकनीवार
कुलस्थयष्टीनिष्पावकंगुदधिमण्डकस्तु॥चिंचाकुलत्थौतिलतैलयोगाज्जरह नाशयन्तिहंत्यथाम्रम्॥
११ ॥कसेरुशृंगाटमृणालमोक्षिखर्जूरखण्डस्वपिनागरेण॥पलासभस्माम्बुतथार्द्रजीवा इक्षोर्निहन्यादुक्ष
मिक्षुजातम्॥ १२ ॥अम्लेनकेनाप्यथवोषणेनकोष्णाम्बुनावाहृतमेतिपाकम्॥तिलादितैलान्यपिकाञ्जि
केनसर्जरसमज्जापनसामलकौ॥ १३ ॥किमत्रचित्रंवतमांसमत्स्यभोजीसुखीस्यात्परिपायमुक्तम्ः

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुपानमञ्जरी

(प्रज्ञा नेपाली टीकासहिता)

सम्पादक, अनुवादक/टीकाकार

डा.छत्रपति दाहाल

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुपानमञ्जरी

(प्रज्ञा नेपाली टीकासहिता)

प्रकाशक : नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय

संस्करण : २०७५

प्रकाशन प्रति : ५०० थान

मूल्य : रु. २००।-

मुद्रण : स्काई प्रेस प्रा.लि., बिजुलीबजार, काठमाडौं
फोन नं.: ०१-४७८४२८३

ISBN: 978-9937-0-4952-8

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

राष्ट्रिय अभिलेखालय विभिन्न विषयका अनुसन्धानकर्ताहरूका लागि उत्कृष्ट गन्तव्य रहँदै आएको छ। यसले विभिन्न विषयका ग्रन्थहरूको सम्पादन गरी प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ। अभिलेखालयमा रहेका विभिन्न विषयका ग्रन्थहरूमध्ये आयुर्वेद सम्बन्धी ग्रन्थहरू सिंङ्गो मानव सभ्यताकै निधिका रूपमा रहेका छन्।

आयुर्वेद चिकित्सा प्राचीन कालदेखि नै प्रसिद्धि पाएको विद्या हो। प्राचीन कालमा यसैका माध्यमबाट हरेका प्रकारका बिरामीको उपचार गर्ने पद्धति रहेको थियो। यसै परिप्रेक्ष्यमा राष्ट्रिय अभिलेखालयले आयुर्वेदका ग्रन्थहरूलाई सम्पादन गरेको छ। तिनै सम्पादित ग्रन्थहरू मध्येको एक हो - अनुपानमञ्जरी। 'अनु' र 'पान' दुईवटा शब्द मिलेर बनेको अनुपान शब्दले कुनैकुरा खाइसकेपछि पान गर्ने पेय पदार्थलाई बुझाउँछ। हामीले खाने पेयपदार्थबाट उत्पन्न हुने विकारहरूलाई कसरी निदान गर्न सकिन्छ। यसको विषयमा विस्तृत विवरण रहेको यो ग्रन्थ हामीले सम्पादन गरी प्रकाशन गरेका छौं। प्रस्तुत ग्रन्थ प्रकाशन गर्ने कार्यले आयुर्वेद पद्धतिबाट आफ्ना शरीरका विकारहरूलाई निर्मूल पार्न चाहने सम्पूर्ण जनमानसमा सहयोग पुग्नेछ भन्ने अपेक्षाका साथै यसको प्रकाशनले आयुर्वेदमा रुचि राख्ने अध्येता, विज्ञ, अनुसन्धाता, पाठक लगायत सबैलाई सहयोग पुग्नेछ भन्नेमा हामी विश्वस्त छौं।

प्रस्तुत ग्रन्थ आयुर्वेदका विद्वान् डा. श्री छत्रपति दाहालद्वारा सम्पादित भै यस रूपमा तयार भएको हो। यसका लागि उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु। त्यसैगरी प्रस्तुत ग्रन्थको परिष्कार परिमार्जनमा आयुर्वेदाचार्य उपप्रा.डा. श्री काशीराज सुवेदीज्यूको योगदानका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। यसका साथै ग्रन्थको सम्पादनदेखि प्रकाशनसम्मको कार्यमा सुरुवातदेखि नै लाग्नुभएका हस्तलिखित उपशाखाका अनुसन्धान अधिकृत राजु रिमाल र मनिता न्यौपाने लगायत परोक्ष, अपरोक्ष तवरले सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद। प्रस्तुत ग्रन्थले नेपालको आयुर्वेद चिकित्साको प्रचारप्रसार गर्ने राष्ट्रिय अभिलेखालयको योजनालाई सघाउ पुऱ्याउने हाम्रो विश्वास छ।

सौभाग्य प्रधानाङ्ग
प्रमुख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुभाशंसा

आयु अर्थात् जीवनको रक्षा गर्ने विद्या प्राचीन कालदेखी प्रसिद्ध छ। आयुर्वेदमा जीवनको रक्षा गर्ने प्रमुख साधनहरूलाई तीन उपस्तम्भको रूपमा दर्शाइएको छ। ती हुन् आहार, निद्रा र ब्रह्मचर्य। शरीरको पोषण वृद्धि र विकासका लागि नियमित रूपमा खाइने अन्न, फल–फूल, पानी आदिको सेवन आहार हो। आहार आफ्नो पोषक-रक्षक विविध गुणहरूले सम्पन्न, शुद्ध, उचित मात्रामा सेवन गरिएको, ठाउँ र ऋतुको अनुरुप भएमा स्वास्थ्यको संवर्धन गर्ने हुन्छ। यसको विपरीत गुणरहित वा गुण नष्ट भएको, प्रदूषित, अति वा कम मात्रामा सेवन गरिएको तथा ठाउँ र मौसम सुहाउँदो नभएमा अनेक रोगहरूको कारण बन्न जान्छ। अतः आयुर्वेदमा स्वास्थ्यवर्धक आहारलाई हित आहार र स्वास्थ्यलाई बिगार्ने आहारलाई अहित आहारका रूपमा विस्तृत ढंगले वर्णन गरिएको छ। हित आहारका प्रसंगमा अनुपानको पनि वर्णन गरिएको पाइन्छ -

> यदाहारगुणैः पानं विपरीतं तदिष्यते।
> अन्नानुपानं धातूनां दृष्टं यन्न विरोधि च॥
> - चरक. सूत्र. २७।३१९

अर्थात् जुन पान गरिने वस्तु आहारको गुणभन्दा विपरीत छ तर धातुहरूको विरोधी (दुषित गर्ने) छैन त्यो अन्नको अनुपान हुन्छ। भन्नाले अन्नका साथ अथवा अन्न खाएपछी सेवन गरिने पेय पदार्थ अनुपान हुन्छ। अन्नका साथ अनुपानको सेवन अन्नको पोषक वा रक्षक गुण बढाउन, पाचन राम्रो गराउनका लागी हुन्छ। अन्नको जस्तै रोगवाट बच्न अथवा रोग लागेको अवस्थामा त्यसलाई निको पार्न सेवन गरिने औषधिको प्रभावलाई बढाउन वा छिटो गर्न अनुपानको प्रयोग गरिन्छ। लोकमा प्रायः अनुपान भन्नाले यही बुझ्ने परम्परा छ। अनुपानको काम एकातिर औषधिको प्रभाव बढाउनु हो भने अर्कोतिर त्यसबाट हुनसक्ने दुष्प्रभाव हटाउनु हो। प्रस्तुत अनुपानमञ्जरी ग्रन्थले विशेष गरी औषधि सेवनबाट हुनसक्ने दुष्प्रभावलाई हटाउने माध्यमको रूपमा अनुपानलाई अर्थ्याएको बुझ्न सकिन्छ।

अनुपानमञ्जरीको प्रारम्भमा धातु - उपधातु तथा स्थावर - जंगम विषहरूको विकार शान्त गर्ने उपाय भन्नु नै ग्रन्थको उद्देश्य भएको स्पष्ट पारिएको छ। अनुपानमञ्जरीका उपलब्ध पाण्डुलिपिहरूमा कुनैमा चार, कुनैमा पाँच र प्रस्तुत प्रकाशित ग्रन्थमा छ समुद्देश भएको बुझिएको छ। प्राप्त कुनै पाण्डुलिपिमा लेखक वा प्रतिलिपकर्ताको नाम देखिएको छैन। यसका पाण्डुलिपिहरू भारतमा पनि उपलब्ध भनिएको छ। यस आधारमा मूल रूपमा यो ग्रन्थ पहिले चार समुद्देशसम्म मात्र लेखिएको र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पछि कुनै विद्वानूले यसैबाट रसशास्त्रका औषधिहरूको ज्ञान संक्षिप्त रूपमा हुनसकोस् भन्ने उद्देश्यले दुइ समुद्देशहरू थप्नु भएको हुनसक्छ। आयुर्वेदमा प्रतिसंस्कारको परम्परा पनि छ।

व्यावहारिक जीवनमा कुनै न कुनै रूपमा विषको सम्पर्कबाट शरीरमा बाहिर वा भित्र असर पर्न सक्छ। उपचारको क्षेत्रमा विषको औषधिको रूपमा प्रयोग व्यापक नै हुन्छ। कुचिला भनौ, वा स्ट्रिक्नीन भनौ, धतुरो भनौ एट्रोपीन भनौ, अफीम भनौं वा कोडीन, पेथेडिन भनौ विषकै प्रयोग हुँदै आएको पाइन्छ। विष उचित मात्रामा र प्रशोधित रूपमा विधिवत् प्रयोग गर्दा अमृत जस्तै तत्काल जीवनदाता बन्छ भने दुष्प्रयोग हुँदा मारक पनि हुन्छ। विषको प्रयोग गर्दा अज्ञान अथवा असावधानीका कारण समस्या उत्पन्न हुनसक्छ त्यसैभएर विषका उपचारका लागि आयुर्वेदको यौटा छुटै अङ्ग अगदतन्त्रको रूपमा स्थापित छ। प्रस्तुत अनुपानमञ्जरीले पनी त्यही विषयलाई सहज रूपमा प्रस्तुत रूपमा प्रस्तुत गरी पाठकवर्गलाई ठुलो उपकार गरेको छ। यस वाहेक अरु कुनै पनि ग्रन्थमा सबै थरी विषयहरूको निवारण गर्ने उपायहरूको क्रमबद्ध रूपमा वर्णन दुर्लभ छ। आयुर्वेदका हजारौ ग्रन्थहरू लोप भएर गएको आजको अवस्थामा रहेको अस्तित्वले नै यसको विशेष महत्वलाई संकेत गर्दछ।

राष्ट्रिय अभिलेखालयमा रहेका पुगनपुग १ हजार जति आयुर्वेदसम्बन्धी हस्तलिखित ग्रन्थहरूमध्ये एकाध ग्रन्थहरू मात्रै प्रकाशित हुनसकेका छन् जस्तै– सौश्रुत निघण्टु, पाकावली, वैद्यजीवन आदी। अरु बाँकी ग्रन्थहरू त्यतिकै थनकिएको अवस्था छ। चारैतिर आयुर्वेदको अनुसन्धानको डंका बजिरहेको वर्तमान परिप्रेक्ष्यमा यी पुस्तकहरू गुमनाम भएर बस्नु नपर्ने हो। जे होस्, अहिले राष्ट्रिय अभिलेखालयको पहल तथा सहयोगका साथ डा. छत्रपति दाहालज्युको विशेष परिश्रमको फलस्वरुप अजीर्णमञ्जरी र अनुपानमञ्जरी दुवै ग्रन्थहरू नेपाली टीकाका साथ प्रकाशित हुनलागेकोमा खुशी छु।

आयुर्वेद क्षेत्रका विविध पक्षको अनुभवका साथ शास्त्रीय पक्षको पनि गहन अध्ययन मननमा रुचि राख्ने र ग्रन्थहरूको सम्पादन, अनुवाद एवं प्रकाशनमा निरन्तर संलग्न डा. छत्रपति दाहालज्युको योगदान प्रशंसनीय छ। वहाँको आयुर्वेद क्षेत्रप्रति विद्यमान निष्ठा सबल रूपमा अरु पनि विशिष्ट ग्रन्थहरूको यसै गरी परिष्कृत रूपमा अनुवाद, सम्पादन एवं प्रकाशनमार्फत नेपालका आयुर्वेद विज्ञहरूको समक्ष उपस्थित हुँदै जाओस् त्यसबाट जनजनमा आयुर्वेदप्रति विश्वास बढोस् र सबैको स्वास्थ्य उन्नत हुँदै जाओस् यही अपेक्षा राखेकोछु। अन्तमा राष्ट्रिय अभिलेखालय परिवारसहित डा. छत्रपति दाहालज्यूको सुस्वास्थ्यका साथ निरन्तर अभिवृद्धिको लागि परमेश्वर पशुपतिनाथसँग प्रार्थना गर्दछु। अस्तु शुभम्॥

२०७५ भाद्रशुक्ल पुर्णिमा

डा. काशीराज शर्मा सुवेदी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठभूमिका

आयुर्वेद वाङ्मयमा दुईवटा लघुग्रन्थ अघिल्लो पुस्ताका नेपाली जनजीवनमा समेत प्रसिद्धि पाएका ग्रन्थ हुन् यद्यपि तिनीहरूको सर्वसुलभता अहिले छैन। ती हुन्–अजीर्णमञ्जरी र अनुपानमञ्जरी। अजीर्णमञ्जरीले आहार-विहारको कारणले भएको अजीर्ण, कुपथ या पाचनसम्बन्धी विकारलाई कसरी निको पार्ने भन्ने विषयमा झण्डै १८०वटा उपायहरूको वर्णन गरेको छ भने अनुपानमञ्जरीले सुवर्ण आदि धातु-उपधातु, पारद आदि रस-उपरस, स्थावरविष, जंगमविषको शान्ति कुन कुन अनुपानद्वारा हुनसक्छ र धातु-उपधातुहरूको मारणविधि केकस्तो हुन्छ एवं धातु-उपधातुहरूको विकार भएको अवस्थामा केकस्तो औषधिउपाय वा अनुपानद्वारा धातुउपधातुजन्य विकारको शमन गर्नसकिन्छ भन्नेबारेमा वर्णन गरेको छ। ६ वटा समुद्देशमा विभाजित अनुपानमञ्जरीमा प्रत्येक समुद्देशको वर्णन निम्नानुसार भएको छ।

१. पहिलो समुद्देशमा 'श्रीगणेशाय नमः अथानुपानमञ्जरी लिख्यते' भनेर ग्रन्थ प्रारम्भ गरिएको छ भने समुद्देशको प्रकरणनिर्देश गरिएकोचाहिं पाइँदैन। परमात्मास्वरूप भगवान्‌को पाउकमलमा वन्दना गर्दै मंगलाचरणबाट प्रारम्भ गरिएको यस प्रथम समुद्देशमा श्लोकसंख्या २१ रहेको पाइन्छ। मंगलाचरणबाहेकका दोस्रो र तेस्रो श्लोकमा ग्रन्थकारले आफ्नो उद्देश्य र प्रयोजन स्पष्ट पारेका छन् भने उनले आफ्नो परिचयभने खुलाएका छैनन्। चौथो श्लोकदेखि विषयवस्तुको उठान गरिएको छ। सुवर्ण, रौप्य, ताम्र, रंग, यशद, सीसा, फलाम यी सबै धातुको नाम यहाँ उल्लेख गरिएको पाइन्छ। त्यसपछि सुवर्णशान्ति, रौप्यविकारशान्ति, ताम्रविकारशान्ति, वंगविकारशान्ति, अयोविकारशान्ति, मण्डूरशान्ति, घोषशान्ति र हरितालशान्तिको वर्णन गरेर धातुविकारशान्तिप्रकरण नाम गरिएको समुद्देश समाप्त भएको पुष्पिका प्रस्तुत गरिएको छ।

२. दोस्रो १६ श्लोकको समुद्देशको प्रारम्भमा नै अथोपधातुविकारशान्तिप्रकरणम् भनी प्रकरणनिर्देशपूर्वक पारदशान्तिको वर्णनलाई पहिले प्रस्तुत गरिएको छ। पारदपछि मनःशिलाविकारको शान्तिबारे वर्णन गरिएको छ। त्यसपछि क्रमशः गन्धकशान्ति, अभ्रकशान्ति, माक्षिकशान्ति, शिलाजतुशान्ति, रसकर्पूरशान्ति, तुत्थशान्ति, मृगाङ्कशान्ति, काचशान्ति, मौक्तिकप्रवालशान्तिको बारेमा वर्णन गर्दै उपधातुविकारशान्तिप्रकरण-नामक द्वितीय समुद्देश समाप्त भएको पुष्पिका प्रस्तुत गरिएको छ।

३. तेस्रो समुद्देशको नाम स्थावरविषशान्तिप्रकरणम् भन्ने दिइएको छ। यस समुद्देशमा २३ श्लोक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन् । नागफेनविकार-शान्ति, मल्लविकार-शान्ति, धत्तूरविकार-शान्ति, वत्सनाभ-शान्ति, मृगदंशविष-शान्ति, गुञ्जाविकार-शान्ति, पूगीफल-शर्कराविकार-शान्ति, कोद्रवविकार-शान्ति, करवीरविकार-शान्ति, वज्री-मदारविष-शान्ति, दन्तीबीज-शान्ति, विषमुष्टिविकार-शान्ति, लूकरोग-शान्ति, शीतलादाह-शान्तिको बारेमा वर्णन गरेर प्रकरण समाप्त भएको पुष्पिका प्रस्तुत गरिएको छ।

४. चौथो प्रकरणलाई जंगमविषशान्तिप्रकरणम् भनिएको छ। ३३ श्लोक भएको यस समुद्देशमा क्रमशः दंष्ट्रविष-शान्ति, सर्पादिविष-शान्ति, सर्वविष-शान्ति, श्वानविष-शान्ति, दुष्टजन्तु-विकार-शान्ति, वृश्चिकविष-विकारशान्ति, गृहगोधिकाविषविकार-शान्ति, सरटविष-शान्ति, मूषकविष-शान्ति, ग्रन्थीविष-शान्ति, सिंहरोमविष-शान्ति, भ्रमरमाक्षिकविष-शान्ति, खर्जूरादिविषविकार-शान्ति, मूषकादिविविधअल्पजन्तुनिस्कासनप्रकार, दंशजनितविषविकार-शान्ति, भ्रमरकृतजलोदररोग-शान्ति, सर्वविषे अनुपानम्, सर्वविषविकारे सामान्यौषधम् शीर्षकहरूमा विविध विषविकारको वर्णन गर्दै अन्तमा प्रकरणसमापनको पुष्पिका प्रस्तुत गरिएको छ।

५. पाचौं प्रकरण धातूपधातुमारणरोगानुपानविषयक हो। यसमा १३१ श्लोक छन् र यही नै सबभन्दा लामो प्रकरण पनि हो जसमा सर्वप्रथम पारदको उत्पत्ति, वर्णभेद, दोष, गुण बताइएको छ। साथै हिंगुलोत्थ पारद र त्यसको शोधन, षड्गुणवलीजारित पारद, द्विगुण-त्रिगुण-चतुर्गुण-पञ्चगुणजारित पारदको गुण, गन्धकको वर्णन, जातिभेद, गन्धकशोधन, सुवर्णसंख्या, सुवर्णशोधन, सुवर्णमारण, सुवर्णभस्मको गुण, पथ्य-अपथ्य सुवर्णको वर्णन, रौप्यसंख्या, रौप्यदोष, रौप्यमारण, रौप्यगुण, ताम्रविधि, ताम्रसंख्या, ताम्रशोधन, ताम्रगुण, पक्व-अपक्व ताम्रको वर्णन, लौहविधि लौहदोष, लौहजनिरक्षामन्त्रम्, लोहमर्दनमन्त्रम्, बलिदानमन्त्रम्, भक्षणमन्त्रम्, लोहसेवने वर्जितानि, मृतलौहगुणाः, वंगविधि, वंगसंख्या, वंगदोष, वंगमारण, पक्व-अपक्ववंगवर्णन, वंगगुण, वंगेश्वरविधि, नागविधि, नागशोधन, नागमारण, नागगुण, नागेश्वरविधि, आरविधि, आरशोधन, आरमारण, पक्व-अपक्व आरवर्णन, सर्वधातुशुद्धपरीक्षा, औषधिप्रशस्त स्थान, औषधिस्पर्शननिषेध, औषधभक्षणपात्र, सप्तधातुसेवन मात्राप्रभावसम्मको वर्णन गरेर सप्तधातुशोधनमारणनामक पाचौ. प्रकरण समापन भएको पुष्पिका प्रस्तुत गरिएको छ।

६. प्रस्तुत अनुपानमञ्जरीमा छैटौं समुद्देश पनि पाइन्छ। यस समुद्देशको नाम धातुभिर्धातुमारणम् राखिएको छ। यसमा उपधातुहरूको संख्याशोधनमारण, उपधातुसंख्या, नीलाञ्जनशुद्धि-प्रकार, हेममाक्षिक-शोधन, सुवर्णमाक्षिकमारण, तारकमाक्षिकशोधन, तुत्थशुद्धि,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरितालशुद्धि, हरितालमारण, हरितालगुण, अपक्वदोष, रसकशुद्धि, अभ्रकमारण, अभ्रकसंख्या, अभ्रकमारणविधि, अभ्रकगुण आदिको वर्णन गरिएको छ। छेटौं समुद्देशमा ४८ श्लोक रहेका छन् ।

प्रयोगात्मक नेपाली शब्दकोषमा अनुपानलाई 'एक औषधिका साथमा खाइने अर्को चीज वा औषधि' भनिएको छ। बृहत् संस्कृत-नेपाली शब्दकोषमा 'औषधिको साथै या ओखति खानेबितिक्कै खाइने या पिइने वस्तु'लाई अनुपान भनिएको छ।

आयुर्वेदमा औषधिसँगै खाइने कुरालाई सहपान र औषधि खाइसकेपछि खाइने कुरालाई अनुपान भनिन्छ। धातु-उपधातु, रस-उपरस, रत्न-उपरत्न, विष-उपविष, यिनको सेवन गरेपछि हुने प्रतिकूल असर नहोस् भनेर त्यस्ता औषधिहरूको उपयोग गरेपछि जुन शामक उपाय औषधिकै रूपमा या सहायकको रूपमा गरिन्छ त्यही नै अनुपानमञ्जरीको मूल अभीष्ट हो।

नेपाली समाजमा अघिल्लो पुस्तासम्म अनुपान र सहपान 'अनुपाम' शब्दले चर्चित, लोकप्रिय र उपयोगी मानिन्थ्यो। हिजोआज खाने संस्कृति र पिउने संस्कृति नै फरक भएको छ। स्वास्थ्यभन्दा 'स्वाद हो कि सन्तुष्टि हो' अथवा लहैलहै हो त्यही गाँसिएको पाइन्छ हिजो आजको खानेपिउने प्रचलनमा। यसलाई अर्को पुस्ताको लागि बाँकी राख्नै नहुने कुरा हाम्रा स्वास्थ्यका परिसूचकहरूले सावित गर्दैगएका छन्। अनुपानमञ्जरीको उपयोगितालाई हामीले यिनै सन्दर्भलाई ध्यानमा राखी ग्रहण गर्नु उचित होला।

प्रस्तुत अनुपानमञ्जरीको सम्पादन कार्य राष्ट्रिय अभिलेखालयमा संरक्षित माइक्रोफिल्म A950/22 मा रहेको पाण्डुलिपिका आधारमा गरिएको हो। देवनागरी लिपिमा लेखिएको उक्त पाण्डुलिपिका जम्मा २३ पानामध्ये अघिल्ला पौने तीन पानाका पृष्ठहरू अजीर्णमञ्जरीका पनि त्यहीं रहेको पाइएकाले अजीर्णमञ्जरी र अनुपानमञ्जरीलाई साथसाथै अध्ययन गर्ने हाम्रो परम्परा रहेको बुझ्न सकिन्छ। सुन्दर र स्पष्ट बुझिने अक्षरहरू हुँदाहुँदै पनि पाणिनीय व्याकरणको विधानमा कतैकतै स्खलन हुनगएको हुँदा शुद्धपाठको निर्णय गर्न कठिनाइ भएता पनि यो कार्य सहजतापूर्वक नै समापन भएको मैले मानेको छु। यस कार्यका लागि मलाई योग्य ठानी राष्ट्रिय अभिलेखालयले अवसर र जिम्मेवारी प्रदान गरेकोमा सम्बद्ध सबै प्रति कृतज्ञ र हर्षान्वित भएको हार्दिक भाव व्यक्त गर्नु यहाँनेरि मलाई सान्दर्भिक र उल्लेखनीय पक्ष लागिरहेको छ।

मूल पाण्डुलिपिबाट ग्रन्थकारको नाम पनि पत्ता लाग्दैन र प्रतिलिपिकारको परिचय र कालको पनि केही भेउ पाउन सकिँदैन। यस महत्वपूर्ण ग्रन्थलाई बेनामी भन्नुपर्दा हृदयमा जति क्लेश पैदा हुन्छ त्यति क्लेश शायद अरू कुनै कारणले पनि पैदा हुँदैन होला।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुर्वेदका धुरन्धर विद्वान् एवं 'आयुर्वेद का वैज्ञानिक इतिहास'का लेखक आचार्य प्रियव्रत शर्माले 'कुछ अन्य ग्रन्थ' शीर्षकको सूचीमा अनुपानमञ्जरीको पनि नाम उल्लेख गरेका छन् । उनको भनाइअनुसार पीताम्बरनामक आचार्यका शिष्य विश्राम जसले व्याधिनिग्रह नामक ग्रन्थ रचना गरेका थिए तिनैले अनुपानमञ्जरीको पनि प्रणयन गरेका थिए । के.आ.प. Discriptive catlogue oF Sanskrit medical manuscript CCRIM new Delhi को1026 नं को पाण्डुलिपिको जिकिर गर्दै उनले यो कुरा भनेका हुन् । अर्को एक ठाउँमा उनले यो ग्रन्थ सम्पादित भई गुजरात आयुर्वेद विश्वविद्यालयबाट प्रकाशित भएको समेत उल्लेख गरेका छन् । गुजरातकै कच्छप्रदेशमा आचार्य विश्रामको निवास थियो भन्ने कुरा पनि आचार्य प्रियव्रतको भनाइ रहेको पाइन्छ । आचार्य विश्रामले आफ्नो प्रसिद्ध कृति व्याधिनिग्रह लेख्नुभन्दा पहिले नै अनुपानमञ्जरी लेखिसकेका थिए । उनका अनुसार अनुपानमञ्जरी सं १८२४मा र व्याधिनिग्रह १८३९ मा लेखिएको थियो । विश्रामकृत अनुपानमञ्जरीमा पाँचवटा समुद्देश रहेको बताइएको छ । यसमा सामान्य अनुपानको वर्णन नभएर धातु उपधातु तथा विष आदिको विकारको शान्तिका लागि उपाय बताइएको पाइन्छ जसको प्रयोग भएमा या त विकार उत्पन्न नै हुँदैनन् अथवा विकार उत्पन्न भएका छन् भने पनि शान्त हुन्छन् । उनले उद्धृत गरेको अनुपानमञ्जरीको पहिलो श्लोक र प्रस्तुत अनुपानमञ्जरीको पहिलो श्लोक उही छ यद्यपि यसको एउटा थप विशेषता पनि रहेको छ । आचार्य प्रियव्रत शर्माले बताएको अनुपानमञ्जरीमा पाँच समुद्देश रहेका छन् भने डा. काशीराज शर्मा सुवेदीले लेख्नुभएको 'अभिलेख' पत्रिकामा प्रकाशित लेखअनुसार अनुपानमञ्जरीमा चार प्रकरण रहेको उल्लेख गरिएको पाइन्छ । प्रस्तुत अनुपानमञ्जरीमा भने ६ समुद्देश रहेका छन् । यस कुराले पनि राष्ट्रिय अभिलेखालयको A950/22 मा सुरक्षित पाण्डुलिपिको थप महत्व पनि दर्शाएको छ। यसका ६वटै समुद्देशको गहिरो अध्ययन गर्दा यसले अनुपानको प्रयोगमात्र होइन नजानिंदो गरी आयुर्वेदीय रसशास्त्रको सार निचोर्न समेत खोजेको स्पष्ट हुन्छ। यो भयो अनुपानमञ्जरीको र यसका रचनाकारको विषयको कुरा। जसले यस ग्रन्थको प्रणयन गरेका छन् ती प्रणेतालाई शिरसा अभिवादन गर्नु मैले आफ्नो परम कर्तव्य मानेको छु र उनको बारेमा थप शोध, खोज र अनुसन्धान हुनु आवश्यक छ भन्ने पनि ठानेको छु।

धातु-उपधातु, विष-उपविषहरूको प्रयोगमा हिजोआज सावधानी अपनाइन थालिएको छ भन्नुभन्दा पनि प्रयोग नै गर्न छाडिएको छ भन्नु उपयुक्त होला । जसको जे कार्मुकता छ त्यसको त्यही कार्मुकता ग्रहण गर्दै त्यसबाट हुने बेफाइदाबाट सजग र मुक्त हुन खोज्नु नै मानवीय प्रवृत्ति हो । हाम्रा पुर्खाहरूले अनादिदेखि जे प्रयोग गर्दैआए अहिले आधुनिक अनुसन्धानका विविध सन्दर्भहरूलाई जोड्दै हामी धातु-उपधातु, रस-उपरस र विष-उपविषको प्रयोगमा बन्देज लगाउँदै छौं । अर्कातिर कृषि उत्पादकत्व र खाद्य संरक्षणका नाउँमा भएका विषाक्तता र खानेपिउने असल संस्कारका विरुद्धमा विकसित भैरहेका हाम्रा कुसंस्कारहरू प्रति भने हाम्रो ध्यान पुग्न सकेको छैन। यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्वेदनशील प्रसंगलाई विचार गर्दा अनुपानमञ्जरीले हामीलाई हाम्रा परम्परागत प्रयोग र तिनीहरूको वैज्ञानिक उपादेयताको सम्बन्धमा फेरि पनि दृष्टिपात गर्ने अवसर दिएको छ। आयुर्वेद क्षेत्रमा संलग्न उत्साही भाइबहिनीहरूलाई अनुपानमञ्जरीले औंल्याएका सन्दर्भहरूमा अनुसन्धान गर्न र उपयोगी कुराहरूलाई सामाजिक जनजीवनमा पुनः प्रचलित गराउन मार्ग प्रशस्त गरेको छ। विज्ञ अनुसन्धाता र चिकित्साप्रदाताहरूलाई नयाँ उपायहरू यसले पहिल्याइदिएको छ । यति नै अनुपानमञ्जरीको उपादेयताबारे बोलौं होला ।

प्रस्तुत सम्पादनकार्यमा डा. काशीराज शर्मा सुवेदीको भरोसापूर्ण सहकार्य रहेको छ । आयुर्वेदका वयोवृद्ध जवान डा. शेषराज आचार्य, डा. ठाकुरराज अधिकारी, डा.खडानन्द पौडेल, डा. शालिग्राम शर्माका पुराना प्रेरणा पनि यसमा मिसिएका छन् । जसबाट आयुर्वेदीय रसशास्त्र पढियो ती डा. प्रभाकर झा, डा. बी एम् गुप्ता, डां के. पी. शर्मा आदि मेरा गुरूहरू चलचित्रवत् मेरो मानसपटलमा उत्रिएर ममा अन्तःप्रेरणा बन्नुभएको कुरालाई मैले यहाँ जस्ताको तस्तै बताएको मात्र हूँ । द्रव्यगुण र निघण्टुमा मलाई प्रेरित गरिदिने गुरू यमनाथ अधिकारी र प्रा.डा. नरेन्द्रनाथ तिवारीले पनि बारबार मलाई झक्झक्याएको कुरा हृत्कपाटमा भएको यथार्थ हो । मैले यस्तो कार्य अहिलेभन्दा पहिले नै गर्नुपर्थ्यो भन्ने डा. वंशदीप लगायतका मित्र एवं भविष्यका आशा भाइबहिनीहरूका उत्साहप्रद प्रेरणाहरूलाई पनि मैले यहाँ पाएको छु। श्लोकहरूलाई जस्ताको तस्तै हिजोआजको टंकणप्रक्रियामा ल्याउँदा र ती प्राविधिक शब्दहरू प्रचलित नेपालीभाषामा ल्याउँदा आयुर्वेदीय शब्दहरूको महत्वलाई पनि ध्यानदृष्टि दिई मध्यममार्ग अपनाएको छु । यसो गर्नुपर्दा अनुवादमा नेपालीकरणको सट्टा संस्कृतीकरण धेरै भयो कि भन्ने डर पनि लागेको छ। शब्द ब्रह्म हो, ब्रह्ममय ती शब्दलाई हामीले बिर्सनुहुँदैन। संस्कारमा पाश्चात्य शब्दहरू कति हुलिसक्यौं हामीले अतः प्रयोग भएका तत्सम शब्दहरूलाई हामीले आफ्नै पूजापाठका मन्त्रजस्तै हुन् भन्ठानी स्वीकार गर्नुपर्दछ। यसोभन्दा यो मेरो अर्घेल्याईं नठानिएला भन्ने कुरामा पनि म ढुक्क छु।

छोटो समय, कार्यको व्यस्तता र समय चोर्ने अभ्यासको कमीले मेरो सम्पादन र अनुवादनमा केही खोट पक्कै छाडेका होलान् । शब्द र अर्थमा अनर्थ नभएपनि यथार्थको अभाव भएन होला भन्न पनि सकिंदैन। तथापि यस सानो मेरो प्रयासलाई स्वीकार गर्दै थप अनुसन्धान र यथार्थ ज्ञानको प्रयासलाई निरन्तरता दिइरहने अन्तःप्रेरणा मलाई विद्वज्जनबाट प्राप्त भइरहनेछ भन्ने विश्वास मैले गरेको छु। यो पहिलो खुड्किलो हो, टेक्न नजानेको पनि हुनसक्छु, ठेस लागेर अन्यत्रै पछारिएको पनि हुनसक्छु– मलाई असल हृदय भएका महापुरुष आत्माहरूको आशीष अवश्य प्राप्त हुनेछ भन्ने पनि ठानेको छु।

प्रज्ञा जहिले पनि प्रतिष्ठा र स्थापना हुने कुरा हो । मेरो यस अनुपानमञ्जरीको टीकामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञा रहनुमा यही आशय मूलभावना हो । जसले मेरो हृदयमा ऋतम्भरा प्रज्ञाको भाव भरिदिन्छ त्यस भावसौन्दर्यलाई स्वान्तःसुखाय आत्मसात् गर्नुभन्दा पहिले म 'पण्डा आत्मविषया बुद्धिर्येषां ते पण्डिताः' यस व्युत्पत्तिलाई स्मरण गर्नचाहन्छु । पण्डित भनिँदा अपमानित हुनुपर्ने र वैद्य भनिँदा तिरस्कृत हुनुपर्ने यस जमानामा मैले उहाँलाई डा. हरि प्रसाद खकुरेल नै भन्नुपर्छ होला । नेपालमा आयुर्वेद चिकित्सालयको आधुनिक जग बसाइदिनुहुने पण्डित हरि प्रसाद खकुरेल जसले आजभन्दा १०० वर्षपहिले विष्णुमतीको तटबाट आयुर्वेद चिकित्सालयको सेवा प्रारम्भ गरिदिनुभयो उहाँलाई म शतशत अभिवन्दन गर्न चाहन्छु । उहाँको नाउँ लिइसकेपछि अब अरू कुनै नाउँ नलिउँ भन्दै 'गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः । हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः ॥' भन्दै आफ्नो कलमलाई यहीँ विराम दिन्छु ।

डा. छत्रपति दाहाल
२०७५।२।२८ अपरा एकादशी
ज्ञानेश्वर, काठमाण्डौ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय | पृष्ठसंख्या

प्रथमः समुद्देशः

१.	मंगलाचरणम्	१

धातुविकारशान्तिप्रकरणम्

२.	सुवर्णादिधातुविषविकारशान्तिः	२
३.	रौप्यविकारशान्तिः	२
४.	ताम्रविकारशान्तिः	३
५.	वंगविकारशान्तिः	३
६.	यशदविकारशान्तिः	३
७.	नागविकारशान्तिः	४
८.	अयोविकारशान्तिः	४
९.	मण्डूरशान्तिः	५
१०.	घोषशान्तिः	६
११.	हरितालशान्तिः	६

द्वितीयः समुद्देशः

उपधातुविकारशान्तिप्रकरणम्

१२.	कुनटीशान्तिः	९
१३.	गन्धकशान्तिः	९
१४.	अभ्रकशान्तिः	१०
१५.	माक्षिकशान्तिः	१०
१६.	शिलाजतोः शान्तिः	१०
१७.	रसकर्पूरशान्तिः	११

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१८. तुत्थशान्तिः ११
१९. मृगांकशान्तिः ११
२०. काचत्रुटिशान्तिः १२
२१. मौक्तिकप्रवालशान्तिः १२

तृतीयः समुद्देशः
अथ स्थावरविषशान्तिप्रकरणम्

२२. मल्लविकारशान्तिः १४
२३. धत्तूरविकारशान्तिः १४
२४. वत्सनाभशान्तिः १५
२५. भृंगदंशयोर्विषशान्तिः १६
२६. गुञ्जाविकारशान्तिः १६
२७. पूगीफलशर्करयोर्विकारशान्तिः १६
२८. कोद्रवजविकारशान्तिः १७
२९. करवीरविषशान्तिः १७
३०. वज्रीमदारयोर्विषशान्तिः १७
३१. दन्तीबीजशान्तिः १८
३२. विषमुष्टिविषविकारशान्तिः १८
३३. दुष्टवात-रवितापजनितलूकरोगशान्तिः १९
३४. शीतलादाहशान्तिः १९

चतुर्थः समुद्देशः
जंगमविषशान्तिप्रकरणम्

३५. दंष्ट्रविषशान्तिः २०
३६. सर्पादिविषशान्तिः २१
३७. श्वानविषशान्तिः २२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३८. दुष्टजन्तुविकारशान्तिः २३
३९. वृश्चिकविषशान्तिः २३
४०. गृहगोधिकाविषशान्तिः २३
४१. सरटविषशान्तिः २४
४२. मूषकविषशान्तिः २४
४३. श्वेतमूषककृतग्रन्थीविषशान्तिः २४
४४. सिंहरोमविषशान्तिः २५
४५. भ्रमरमाक्षिकयोः विषशान्तिः २५
४६. कर्णप्रवेशस्य खर्जूरादिविषशान्तिः २६
४७. मूषकाद्यल्पजन्तोर्गृहान्निष्कासनप्रकारः २६
४८. यूकादीनां दंशनजनितविषविकारशान्तिप्रकारः २७
४९. भ्रमरकृतजलोदररोगशान्तिः २७
५०. सर्वविषेऽनुपानम् २८
५१. सर्वविषविकारेषु सामान्यौषधम् २८

पञ्चमः समुद्देशः

धातूपधातुमारणरोगानुपानप्रकरणम्

५२. पारदस्य साधारणक्रिया ३०
५३. वर्णभेदः ३१
५४. दोषकथनम् ३२
५५. हिंगुलोत्थरसः ३३
५६. तस्य शोधनप्रकरणमाह ३३
५७. सामान्य षड्गुणबलिजारणम् ३४
५८. गन्धकस्य जातिर्भेदः ३५
५९. गन्धकशुद्धिः ३६
६०. धातूनां मारणम् ३६
६१. सुवर्णसंख्या ३७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६२.	सुवर्णपरीक्षा	३७
६३.	सुवर्णशोधनमाह	३८
६४.	सुवर्णमारणम्	३८
६५.	हेमभष्मगुणाः	३९
६६.	पक्वगुणाः	३९
६७.	अपक्वदोषाः	४०
६८.	रौप्यमारणविधिः	४०
६९.	रौप्यपरीक्षा	४१
७०.	रौप्यदोषाः	४१
७१.	रौप्यमारणम्	४१
७२.	रौप्यगुणाः	४२
७३.	अपक्वदोषाः	४३
७४.	ताम्रविधिः	४३
७५.	ताम्रदोषाः	४४
७६.	शोधनमाह	४४
७७.	अन्यग्रन्थे गुणाः	४६
७८.	अपक्वदोषः	४७
७९.	लौहविधिः	४७
८०.	दोषाः	४७
८१.	लौहजनिरक्षामन्त्रम्	४९
८२.	गुणाः	५०
८३.	ग्रन्थान्तरे गुणाः	५०
८४.	अन्यग्रन्थ	५१
८५.	वंगविधिः	५१
८६.	वंगदोषाः	५२
८७.	वंगशोधनम्	५२
८८.	मारणम्	५३
८९.	वंगगुणाः	५३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९०. अपक्वदोषाः ५४
९१. वंगेश्वरविधिः ५४
९२. गुणाः ५५
९३. नागविधिः ५५
९४. नागशोधनम् ५६
९५. नागमारणम् ५६
९६. नागगुणाः ५६
९७. अन्यग्रन्थे ५७
९८. अपक्वदोषाः ५७
९९. नागेश्वरविधिः ५७
१००. नागेश्वरगुणाः ५८
१०१. ग्रन्थान्तरे ५८
१०२. आरविधिः ५९
१०३. आरमारणम् ५९
१०४. आरभस्मगुणाः ५९
१०५. अपक्वदोषाः ६०
१०६. सर्वधातूनां शुद्धपरीक्षा ६०
१०७. ओषधीकरणे प्रशस्तस्थानमाह ६१
१०८. औषधस्पर्शने निषेधमाह ६१
१०९. औषधकरणे निषेधस्थानमाह ६१
११०. औषधभक्षणे पात्रमाह ६२
१११. सप्तधातूनां सेवनस्य मात्राप्रमाणम् ६४

षष्ठः समुद्देशः

धातुभिर्धातुमारणं तथोपधातूनां संख्याशोधनमारणानि एवं धातूपधातुसेविनः पथ्यापथ्यप्रकरणम्

११२. धातुभिर्धातुमारणम् ६५
११३. उपधातूनां संख्याशोधनमारणानि लिख्यन्ते ६५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११४. नीलाञ्जनशुद्धिप्रकारः ६६
११५. हेममाक्षिकशोधनम् ६६
११६. सुवर्णमाक्षिकमारणम् ६६
११७. अन्यग्रन्थे सुवर्णमाक्षिकगुणाः ६७
११८. तारकमाक्षिकशोधनम् ६७
११९. तुत्थकशुद्धिः ६७
१२०. हरितालशुद्धिप्रकारः ६८
१२१. हरितालमारणम् ६८
१२२. हरितालगुणाः ६९
१२३. अपक्वदोषाः ६९
१२४. मनःशिलाशुद्धिः ६९
१२५. रसकशुद्धिः ७०
१२६. अभ्रकमारणम् ७०
१२७. अभ्रकमारणविधिः ७१
१२८. अभ्रकगुणाः ७२
१२९. ग्रन्थान्तरे गुणाः ७३
१३०. अपक्वदोषाः ७३
१३१. ग्रन्थान्तरे ७४
१३२. मुक्ताशोधनम् ७४
१३३. धातूपधातुसेविनः पथ्यापथ्यप्रकारः ७४
१३४. शूलादिरोगनाशने रसनामनुपानयोगाः ७५
१३५. जयपालशोधनम् ७६
१३६. अहिफेनशोधनम् ७७
१३७. परिशिष्ट ७८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. प्रथमः समुद्देशः

श्रीगणेशाय नमः । अथानुपानमञ्जरी लिख्यते ॥

प्रज्ञाः– श्रीगणेशलाई नमस्कार छ । अनुपानमञ्जरी नामक ग्रन्थका ग्रन्थकार ग्रन्थसम्पादनमा कुनै विघ्नबाधा नआइपरोस् भनेर विघ्नेश्वर गणेशलाई नमस्कार गर्दै ग्रन्थ प्रारम्भ गर्दछन् । कार्यको आरम्भमा, कार्यको मध्यमा र कार्य समाप्त भएपछि मंगलाचरण गर्नु हाम्रो शिष्टाचार र परम्परा हो । यहाँ ग्रन्थकार गणेशलाई नमस्कार गरेपछि **अथानुपानमञ्जरी लिख्यते** भनेर ग्रन्थ प्रारम्भ भएको संकेत गर्दछन् ।

अथानुपानमञ्जरी लिख्यते ॥

प्रज्ञाः– अब अनुपानमञ्जरी नामक अनुपानविषयक ग्रन्थ लेखिन्छ ।

यस्य ज्ञानमयी मूर्तिः सच्चिदानन्दकारिणी ।
तत्पादपंकजं वन्दे ग्रन्थसम्पूर्णहितवे ॥१॥

प्रज्ञाः– जसको ज्ञानरूपी मूर्ति सत्, चित् र आनन्दलाई पैदा गराउने खालको छ त्यस्ता परमात्मास्वरूप भगवान्को पाउकमलमा यो ग्रन्थ राम्ररी पूर्ण होस् भन्ने हेतुले म वन्दना गर्दछु ॥१॥

धातोस्तथोपधातोश्च विषं स्थावरजंगमम् ।
तद्विकारस्य शान्त्यर्थं वक्ष्येऽनुपानमञ्जरीम् ॥२॥

प्रज्ञाः– सुवर्ण, रौप्य, ताम्र, वंग, यशद, नाग, अयस् आदि धातु हुन् । पारद, गन्धक, अभ्रक, माक्षिक, शिलाजित, तुत्थ, मनःशिला आदि उपधातु हुन् । नागफेन, मल्ल, भल्लातक, धत्तूर, वत्सनाभ, गुञ्जा आदि स्थावर विष हुन् । सर्प, अलर्क, वृश्चिक, गोधा, मूषक, भ्रमर, माक्षिक आदि जंगम विष हुन् । यहाँ ग्रन्थकारले अनुपानमञ्जरीनामक प्रस्तुत ग्रन्थको मूल उद्देश्य बताउन खोजेका छन् । ग्रन्थकार भन्दछन्– धातु तथा उपधातु, स्थावर तथा जंगम विष र तिनीहरूको विकार शान्तिको उपाय म यो अनुपानमञ्जरीनामक ग्रन्थको माध्यमबाट बताउँदछु ॥२॥

पक्वापक्वस्य धातोश्च तथा सर्वविषस्य च ।
सर्वेषां दोषशान्त्यर्थं कथितं शास्त्रदर्शिभिः ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– पक्व र अपक्व धातुको र त्यसैगरी सबै प्रकारका विषहरूको दोषशान्ति अर्थात् दोष शमनका लागि शास्त्रद्रष्टाहरूले विभिन्न उपायहरू बताएका छन् । तिनै कुराहरूको म यस अनुपानमञ्जरीनामक ग्रन्थमा वर्णन गर्दछु ॥३॥

अथ सुवर्णादिधातुविषविकारशान्तिरुच्यते ॥

प्रज्ञाः– अब सुवर्ण आदि धातुहरूको विषको विकारलाई शान्ति गर्ने उपाय बताइन्छ ।

सुवर्णादयो धातवो यथा–

प्रज्ञाः– सुवर्ण आदि धातु निम्नानुसार छन् –

स्वर्णं रौप्यञ्च ताम्रञ्च रंगं यशदमेव च ।
सीसं लौहं च सप्तैते धातवो गिरिसम्भवाः[1] ॥४॥

प्रज्ञाः– स्वर्ण (सुवर्ण,gold/Auram, सुन), रौप्य (रजत, silver/Argentum, चाँदी), ताम्र (शुल्व, copper/Cuprum, तामा), रंग (वंग Tin/Stantum टिन) यशद (Zink/Zinkam, जस्ता) सीस(Lead/Plumbum सीसा),लौह(Iron Steel/Ferum फलाम) यी सातलाई धातु भन्दछन् र यी गिरिसम्भव अर्थात् पर्वतमा पाइने हुन्छन् ॥४॥

तत्रादौ सुवर्णशान्तिः॥

प्रज्ञाः– सबभन्दा पहिले सुवर्णविकारको शान्तिबारे बताइन्छ ।

हरीतकीं सितायुक्तां यः खादति दिनत्रयम् ।
तस्य सौवर्णशान्तिः स्याद्यथा भानूदये तमः ॥५॥

प्रज्ञाः– जसले हरीतकी (हर्रो) लाई मिश्री मिलाएर तीन दिनसम्म खान्छ त्यसको सुवर्णको प्रयोगबाट भएको विकार त्यसरी नै नाश हुन्छ जसरी सूर्योदय भएपछि अन्धकार नाश हुन्छ ॥५॥

अथ रौप्यविकारशान्तिः ॥

प्रज्ञाः– अब रौप्य अर्थात् चाँदीको विकारको शान्तिबारे बताइन्छ ।

१ प्रायः सबै धातु-उपधातुका खानीहरू पर्वतीय इलाकामा पाइने भएकोले धातुहरूलाई गिरिसम्भव भनिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मधु च शर्करायुक्तं यः खादति दिनत्रयम्।
पक्वापक्वस्य रौप्यस्य शान्तिर्भवति निश्चितम् ॥६॥

प्रज्ञाः– जसले सख्खर महमा मिसाएर तीन दिनसम्म खान्छ त्यसको पक्व तथा अपक्व दुवै खालको चाँदीको विकार नाश हुन्छ, यो निश्चित छ ॥६॥

अथ ताम्रविकारशान्तिः ॥

प्रज्ञाः– अब ताम्र अर्थात् तामाको विकारको शान्तिबारे बताइन्छ।

वनव्रीहिं सितायुक्तां जले पिष्ट्वा दिनत्रयम्।
यः पिबेत्प्रातरुत्थाय ताम्रजस्तस्य नश्यति ॥७॥

प्रज्ञाः– जसले बिहान सबेरै उठेर वनव्रीहि[२] अर्थात् नीवार वा जंगली धानलाई मिश्रीमा मिसाई पानीमा घोटेर तीन दिनसम्म पिउँछ त्यसको ताम्रजन्य विकार नाश हुन्छ ॥७॥

अथ वंगविकारशान्तिः ॥

प्रज्ञाः– अब वंग अर्थात् टिनको विकारको शान्तिबारे बताइन्छ।

मेषशृंगीं सितायुक्तां यः खादति दिनत्रयम्।
तस्य वंगनिवृत्तिः स्यात् तमश्चन्द्रोदये यथा ॥८॥

प्रज्ञाः– जसले मिश्री मिसाइएको मेषशृंगी (अजशृंगी वा गुडमार) लाई तीन दिनसम्म खान्छ त्यसको वंगविकारको शान्ति त्यसैगरी हुन्छ जसरी चन्द्रमाको उदयले अन्धकारको नाश हुन्छ ॥८॥

अथ यशदविकारशान्तिः ॥

प्रज्ञाः– अब यशद अर्थात् जस्ताको विकारको शान्तिबारे बताइन्छ।

यः पुमान् प्रातरुत्थाय सेवयेत् त्रिफलाकणम्।
तस्य त्रिधातुजा शान्तिर्यथा पापं शिवार्चने ॥९॥

२ *व्रीहिशब्द धान्यवाचक हो। यहाँ वनव्रीहि शब्द प्रयोग गरिएको छ। नेपाली निघण्टुका निघण्टुकार कोषनाथ देवकोटाले नावो धान (नीवार)लाई वनव्रीहिको पर्यायमा उल्लेख गरेका छन्।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– जुन मानिस विहान सबेरै उठेर त्रिफलाको कण अर्थात् त्रिफला चूर्णको सेवन गर्दछ त्यसको त्रिधातुज शान्ति अर्थात् नाग-वंग-यशद (सीसा, राङ वा टिन र जस्ता) तीनैवटा धातुको विकारको शान्ति हुन्छ, जसरी शिवको पूजा गर्दा पापको नाश हुन्छ ।।९।।

अथ नागविकारशान्तिः ।।

प्रज्ञाः– अब नागविकार अर्थात् सीसाको विकारको शान्तिबारे बताइन्छ ।

हेमाहरीतकीयुक्तां सितां भक्षयेद् दिनत्रयम् ।
सद्यो नागविकारस्य शान्तिर्भवति निश्चितम् ।।१०।।
हेमा श्वेतवचा ।

प्रज्ञाः– हरीतकी मिसाइएको हेमा वा सेतो बोझोलाई मिश्रीमा मिसाएर जो तीन दिनसम्म खान्छ त्यसको तत्कालै नागविकार नाश हुन्छ । यो निश्चित छ ।।१०।।

हरीतकी= हर्रो । **हेमा**= श्वेतवचा, सेतो बोझो, पारसीकवचा ।[३]
यसमा हेमा र हरीतकी समभाग तथा दुवै बराबर मिश्री मिसाउनु उपयुक्त हुन्छ ।

अथायोविकारशान्तिः ।।

प्रज्ञाः– अब फलामको विकारको शान्तिबारे बताइन्छ ।

सेवितं मधुखण्डाभ्यां त्रुटीचूर्णं दिनत्रयम् ।
अयोविकारशान्तिः स्यादज्ञानं साधुसंगमे ।।११।।
त्रुटी सूक्ष्मैला ।

प्रज्ञाः– मह र खुँदो वा सख्खरका साथमा जो तीन दिनसम्म त्रुटीचूर्ण खान्छ त्यसको साधुहरूको संगतले जसरी अज्ञानको नाश हुन्छ त्यसैगरी फलामको विकारको पनि शान्ति हुन्छ ।।११।।

त्रुटी = सूक्ष्मैला, सुकुमेल ।

अन्यच्च

---

३ श्वेतवचा हिमाली क्षेत्रमा पाइने सतुवा त होइन ? विज्ञहरूबाट अनुसन्धान अपेक्षित छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– अयोविकार अर्थात् फलामको विकारको शान्तिका लागि अन्य उपायहरू पनि बताइन्छ।

सैन्धवं त्रिवृतायुक्तं सेवयेत्तप्तवारिणा।
अयोविकारशान्तिः स्यात्पापं केशवदर्शनात् ॥१२॥

प्रज्ञाः– सैन्धवलवण अर्थात् सिधेनुनलाई त्रिवृता वा निशोथको चूर्णमा मिसाएर तातो पानीसित जो खान्छ त्यसको फलामको विकारको शान्ति त्यसैगरी हुन्छ जसरी केशव अर्थात् विष्णुभगवान्को दर्शन गर्दा पाप नाश हुन्छ ॥१२॥

दूर्वारसं समादाय मधुना सह संपिबेत्।
अयोविकारशान्तिः स्यात्कष्टवद् देविदर्शने ॥१३॥

प्रज्ञाः– दुबोको रसलाई महमा मिसाएर पिएमा देवीदर्शन गर्नाले कष्ट नाश भएजस्तै फलामको विकारको पनि नाश हुन्छ ॥१३॥

श्वेतदूर्वारसं धीमान् सितोपलयुतं पिबेत्।
तेन कार्प्पाणिका लोहविषाः शान्तिमवाप्नुयुः ॥१४॥
कार्पाणिका लोहखण्डाः।

प्रज्ञाः– सेतो दुबोको रसलाई मिश्री मिसाएर पिएमा कार्पाणिका अर्थात् फलामका टुक्रा खाएर हुने लौहविषबाट शान्ति पाउनसकिन्छ ॥१४॥

कार्पाणिका लोहखण्डाः= फलामका टुक्राहरू।

अथ मण्डूरशान्तिः ॥

प्रज्ञाः– अब मण्डूर अर्थात् किटको विकारको शान्तिबारे बताइन्छ।

क्षौद्रं हरीतकीयुक्तं यः खादति दिनत्रयम्।
तस्य मण्डूरशान्तिः स्यात् स्नानाद् देहमलं यथा ॥१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– जो हर्रोको चूर्णमा मह मिलाएर तीन दिनसम्म खान्छ त्यसको मण्डूरविकारको शान्ति त्यसै गरी हुन्छ जसरी स्नान गर्नाले शरीरको मैलो नाश हुन्छ ॥१५॥

अथ घोषशान्तिः ॥

प्रज्ञाः– अब घोष अर्थात् कांस्य वा काँस(काँसो)को विकारको शान्तिबारे बताइन्छ।

चिञ्चाफलानि पक्वानि जले पिष्ट्वा पिबेन्नरः।
घोषविकारशान्तिः स्याद् दारिद्य्रं निधिदर्शने ॥१६॥

प्रज्ञाः– जो मानिस पाकेको चिञ्चाफल वा अमिलीलाई पानीमा मिलाएर पिउँछ त्यसको घोषविकारशान्ति वा कांस्यविकारको शान्ति त्यसरी नै हुन्छ, जसरी कुबेरको दर्शनले दरिद्रता नाश हुन्छ ॥१६॥

अथ हरितालशान्तिः ॥

प्रज्ञाः– अब हरितालको विकारको शान्तिबारे बताइन्छ।

दाडिमस्य फलं पक्वं रसं तस्य पिबेन्नरः।
पिंगविकारशान्तिः स्यात्पातकं गुरुवन्दने ॥१७॥

प्रज्ञाः– जो दाडिमको पाकेको फलको रसलाई पिउँछ त्यसको पिंगविकार अर्थात् हरितालको विकारको शान्ति गुरुको वन्दन गर्नाले पातक नाश भएजस्तै गरी हुन्छ ॥१७॥

अन्यच्च

प्रज्ञाः– तालविकार (हरितालविकार) शान्तिका लागि अन्य उपायहरू पनि बताइन्छ।

जीरकं शर्करायुक्तं सेवयेद् दिनसप्तकम्।
तालविकारशान्तिः स्याद् दारिद्र्यमुद्यमे यथा ॥१८॥

प्रज्ञाः– जीराको धुलोलाई सख्खरमा मिसाएर सात दिनसम्म सेवन गर्नुपर्दछ। यसरी सेवन गरेपछि उद्यम गर्दा दरिद्रता नाश भएजस्तै गरी तालविकारको शान्ति हुन्छ ॥१८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कूष्माण्डस्य रसं चैव दुरालम्भा तथैव च।
राजहंसीरसो वापि तालविकृतिशान्तिकृत् ॥१९॥

प्रज्ञाः– कूष्माण्ड वा कुभिण्डोको रस, दुरालम्भा वा दुरालभा (यवासा, धमासा,जवासा)को रस तथा राजहंसीको रस यी सबै तालविकारका शान्तिकारक हुन्छन् ॥१९॥

सुवर्णपुष्पभूनिम्बक्वाथं सेवेद् दिनत्रयम्।
तालविकारशान्तिः स्याद् कामशान्तिर्यथा स्त्रियाः ॥२०॥

प्रज्ञाः– सुवर्णपुष्प[४] वा राजवृक्ष र भूनिम्ब[५] वा चिराइतोको क्वाथलाई जसले तीन दिनसम्म सेवन गर्दछ त्यसको तालविकारशान्ति पनि त्यसरी नै हुन्छ जसरी स्त्रीको सेवनले गर्दा कामशान्ति हुन्छ ॥२०॥

यथा रसविषं हन्याद् गोदुग्धेन च गन्धकम्।
ससितः सर्पाक्षिरसस्तथा तालविषं पुनः ॥२१॥

प्रज्ञाः– जसरी रसविषलाई गन्धकका साथ गाईको दूधको सेवनले नाश गर्दछ त्यसै गरी मिश्री मिलाएर सेवन गरिएको सर्पाक्षीरसले तालविकारको शान्ति गर्दछ ॥२१॥

सर्पाक्षी सर्पको काफल।

इत्यनुपानमञ्जर्यां धातुविकारशान्तिप्रकरणन्नाम समुद्देशः ॥१॥

यति अनुपानमञ्जरीको तालविकारशान्तिनामक पहिलो समुद्देश हो ॥१॥

***

---

४ *स्वर्णपुष्प, हेमपुष्प यी राजवृक्षका पर्याय हुन्।*

५ *भूनिम्बलाई प्रतिनिधि चिराइतोको रूपमा ग्रहण गरिएको हो।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. द्वितीयः समुद्देशः

अथोपधातुविकारशान्ति प्रकरणम्

प्रज्ञाः– अब उपधातु-धातुविकारशान्तिनामक दोस्रो प्रकरण लेखिन्छ।

प्रज्ञाः– सबभन्दा पहिले पारदको शान्तिबारे बताइन्छ।[६]

विकारो यदि जायेत पारदान्मलसंयुतात्।
गन्धकं सेवयेद् धीमान् पाचितं विधिपूर्वकम्॥१॥

प्रज्ञाः– यदि मलयुक्त पारदको सेवन गरेर विकार पैदा भएको छ भने त्यतिखेर बुद्धिमान्‌ले विधिपूर्वक पाचित अर्थात् मलरहित शुद्ध गन्धकको सेवन गर्नुपर्दछ॥१॥

गन्धकं माषयुग्मं च नागवल्लीदलैः सह।
यः खादेत् पारदग्रस्तस्तद्दोषस्तस्य शाम्यति॥२॥

प्रज्ञाः– जुन पारोको दोषले ग्रस्त व्यक्तिले दुई माषाको परिमाणमा गन्धकलाई नागवल्लीदल अर्थात् पानको पातसँग सेवन गर्दछ त्यसको त्यो दोषको शमन हुन्छ॥२॥

द्राक्षा कुष्माण्डखण्डा च तुलसी शतपुष्पिका।
लवंगं नागकेशं च गन्धकेन समांशकम्॥३॥
कर्षमात्रं पयोयुक्तं सर्वमेतत् पृथक् पृथक्।
सूर्ययोगान्तरासाध्यान् सूतदोषविकारनुत्॥४॥
खण्डा सितोपला। शतपुष्पिका सौंफ। नागकेशं नागकेशरम्।

प्रज्ञाः– दाख, कुभिण्डो, खुँदो/सख्खर, तुलसी, सूप, ल्वाड, नागकेशर यी सबै औषधलाई

६ *पारदलाई रसराज पनि भनिन्छ। आयुर्वेदीय रसौषधिहरू पारद अर्थात् पारोमै आधारित रहेर बन्दछन्। राम्ररी शोधन र संस्कार पूरा भएन भने पारद मारक पनि हुन्छ। धातुसिद्धि अर्थात् निकृष्ट धातुलाई उत्कृष्ट धातु बनाउन पारदकै अष्टादशसंस्कार सिद्ध गरेर गर्न सकिन्छ। देहसिद्धि भनेको शरीरलाई नीरोग, अजर, अमर तुल्याउने सामर्थ्य सिद्धि गर्ने उपाय हो। धातुसिद्धि गरेर फलामबाट सुन बनाइएको कुरा कतैकतै सुनिएको छ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समानभाग गन्धकसित मिलाएर एक कर्ष बराबरको मात्रामा दुधसित छुट्टाछुट्टै खाएमा असाध्य खालको पारदविकार पनि नाश हुन्छ ।।३,४।।

खण्डा सितोपला मिश्री ।। **शतपुष्पिका**, शतपुष्पा, मधेशी सूप **सौंफ** । **नागकेश नागकेशरम्** नागकेशर ।

नागवल्लीरसप्रस्थं भृंगराजरसं शुभम् ।
तुलसीरसप्रस्थं च छागीदुग्धं समांशकम् ।।५।।
मर्दनं सर्वगात्रेषु यामयुग्मं दिनत्रयम् ।
स्नानं शीतलनीरेण सूतदोषप्रशान्तये ।।६।।

प्रज्ञाः– १ प्रस्थ नागवल्लीरस, १ प्रस्थ भृंगराजरस, १ प्रस्थ तुलसीदलरस तथा समानभाग बाखाको दुध मिलाएर प्रत्येक दिन २।२ प्रहरका दरले तीन दिनसम्म सम्पूर्ण शरीरमा मर्दन गर्ने र मर्दनपश्चात् चिसो पानीले नुहाउने गरेमा पारदको दोष शान्त हुन्छ । यो पारदको संसर्गबाट छाला आदिमा उत्पन्न हुने उपद्रवहरूका लागि हो ।।५,६।।

अथ कुनटीशान्तिः।।

प्रज्ञाः– अब मनःशिलाविकारको शान्तिबारे बताइन्छ ।

क्षीरकं माक्षिकैर्युक्तं सेवयेद् यो दिनत्रयम् ।
तस्मै विकारं कुनटी न करोति कदाचन ।।७।।
क्षीरकं गोदुग्धम् । माक्षिकम् मधु । कुनटी मनःशिला ।

प्रज्ञाः–गाईको दुधमा मह मिलाएर जो तीन दिनसम्म सेवन गर्दछ त्यसलाई कहिल्यै पनि कुनटी या मनःशिलाको विकार हुँदैन ।।७।।

क्षीरकं गोदुग्धम् गाईको दुध । **माक्षिकम् मधु** मह । **कुनटी मनःशिला** मनशिला ।।

अथ गन्धकशान्तिः।।

प्रज्ञाः– अब गन्धकविकारको शान्तिबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गवां पयो घृतैर्युक्तं वलीविकृतिशान्तिकृत् ।
तथैव देवकुसुमं वचायुक्तं च शान्तिकृत् ।।८।।

प्रज्ञाः– गाईको दुधमा घिउ हालेर सेवन गरेमा वलीविकार अर्थात् गन्धकको विकारको शान्ति हुन्छ। त्यस्तै देवकुसुम (ल्वाङ)मा वचा (बोझो) मिलाएर सेवन गरेमा पनि गन्धकविकारको शान्ति हुन्छ ।।८।।

अथाभ्रकशान्तिः ।।

प्रज्ञाः– अब अभ्रकविकारको शान्तिबारे बताइन्छ ।

धात्रीफलं जले पिष्ट्वा सेवयेद् यो दिनत्रयम् ।
तस्य विकारशान्तिः स्याच्चाभ्रकस्य न संशयः ।।९।।

प्रज्ञाः– अमलालाई पानीमा पिसेर जो तीन दिनसम्म सेवन गर्दछ त्यसको अभ्रकविकारशान्ति पक्कै हुन्छ। यसमा संशय छैन ।।९।।

अथ माक्षिकशान्तिः ।।

प्रज्ञाः– अब माक्षिकविकारको शान्तिबारे बताइन्छ ।

कुलत्थस्य कषायेण माक्षिदोषप्रशान्तिकृत् ।
तथैव दाडिमत्वचा देहस्य सुखकांक्षिणः ।।१०।।

प्रज्ञाः– कुलत्थको कषाय (गहतको दाल वा क्वाथ) माक्षिकविकारको शान्तिकारक हुन्छ । त्यसैगरी दाडिमको बोक्राको क्वाथ पनि माक्षिकविकारबाट शान्ति पाएर देहसुख चाहनेहरूका लागि उपाय हो ।।१०।।

अथ शिलाजतोः शान्तिः ।।

प्रज्ञाः– अब शिलाजितविकारको शान्तिबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मरिचं घृतसंयुक्तं सेवयेद् दिनसप्तकम् ।
तस्य शिलाजतोः शान्तिस्तद्वद्रक्तस्य शान्तिकृत् ।।११।।

प्रज्ञाः– घिउ र मरिच मिलाएर सात दिनसम्म सेवन गरेमा शिलाजितविकारको साथै रक्तविकारको पनि शान्ति गर्दछ ।।११।।

अथ रसकर्पूरशान्तिः ।।

प्रज्ञाः– अब रसकपूरविकारको शान्तिबारे बताइन्छ ।

धान्यकं सितया युक्तं वारिमर्दितपानतः ।
कर्पूरस्य निवृत्तिः स्यान्महिषीशकृता तथा ।।१२।।

प्रज्ञाः– धनियाँ र मिश्रीलाई पानीमा घोटेर पिएमा रसकर्पूरको विकार नाश हुन्छ । त्यसैगरी भैंसीको गोबरको बाह्य प्रयोगले पनि रसकपूरविकारको शान्ति हुन्छ ।।१२।।

अथ तुत्थशान्तिः ।।

प्रज्ञाः– अब तुत्थविकारको शान्तिबारे बताइन्छ ।

जम्बीररसमादाय पिबेद्यस्त्रिदिनन्नरः ।
तस्य तुत्थकशान्तिः स्यात्तद्वल्लाजेन वारिणा ।।१३।।

प्रज्ञाः– ज्यामीरको रसलाई तीन दिनसम्म जो मानिस पिउँछ त्यसको तुत्थ अर्थात् नीलो तुथोको विकार शान्त हुन्छ । त्यसैगरी लाजा (धानको लावा) पानीमा मिलाएर सेवन गरेमा पनि तुत्थविकार शान्त हुन्छ ।।१३।।

अथ मृगांकशान्तिः ।।

प्रज्ञाः– अब कपूरको विकारको शान्तिबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गवाङ्घृतं सितायुक्तं मृगांकस्य च शान्तिकृत् ।
तथैव चाम्लकरसः सद्यो विकृतिशान्तिकृत् ॥१४॥
अम्लकरसः धात्रीरसः ।

प्रज्ञाः– गाईको घिउमा मिश्री मिलाएर सेवन गरेमा कपूरबाट भएको विकारको शान्ति हुन्छ । त्यसैगरी अमलाको रस पनि तत्काल कपूरको विकारको लागि शान्तिकारक हुन्छ ॥१४॥

अम्लकरसः धात्रीरसः अमलाको रस ।

अथ काचत्रुटिशान्तिः ॥

प्रज्ञाः– अब काचविकारको शान्तिबारे बताइन्छ ।

गर्दभस्य विटं भक्षेत् तथैव नवसादरम् ।
मृत्तिकागैरिकाभिश्च काचत्रुटचाञ्च शान्तिकृत् ॥१५॥

प्रज्ञाः– गदहाको विष्टा खायो भने काचविकारको शान्ति हुन्छ । त्यसैगरी नवसादर र मृत्तिका (माटो)लाई गैरिक(गेरु)सित मिलाएर सेवन गरेमा पनि काचदोष शान्त हुन्छ ॥१५॥

अथ मौक्तिकप्रवालशान्तिः ॥

प्रज्ञाः– अब मोती र प्रवालको विकारको शान्तिबारे बताइन्छ ।

घृतं मधु सितायुक्तं गोदुग्धेन समं पिबेत् ।
तस्य मौक्तिप्रवालस्य हीरकस्य विषं हरेत् ॥१६॥

प्रज्ञाः– घिउ, मह र मिश्री गाईको दुधमा मिलाएर पिएमा मोती, प्रवाल तथा हिराको विषविकारलाई समेत हरण गर्दछ ॥१६॥

इत्यनुपानमञ्जर्यामुपधातुविकारशान्तिप्रकरणन्नाम द्वितीयः समुद्देशः ॥२॥

यति अनुपानमञ्जरीको उपधातुधातुविकारशान्तिनामक दोस्रो समुद्देश हो ॥२॥

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. तृतीयः समुद्देशः

अथ स्थावरविषशान्तिप्रकरणम् ॥

प्रज्ञाः– अब स्थावरविषशान्तिप्रकरणनामक तेस्रो प्रकरण लेखिन्छ ।

तत्रादौ नागफेनविकारशान्तिरुच्यते ॥

प्रज्ञाः– सबभन्दा पहिले नागफेन (अहिफेन) वा अफिमको विकारको शान्तिबारे बताइन्छ ।

बृहत्क्षुद्रारसं दुग्धं पलमात्रं निषेवणम् ।
नागफेनविषं याति स जीवति चिरं पुमान् ॥१॥
बृहत्क्षुद्रा वनभण्टा

प्रज्ञाः– बृहत्क्षुद्रा अर्थात् बनभण्टाको रसलाई दुध मिलाएर एक पलको मात्रामा सेवन गर्‍योभने अफिमको विष नाश हुन्छ र त्यो मान्छे लामो समयसम्म बाँच्दछ ॥१॥
बृहत्क्षुद्रा वनभण्टा वनभण्टा ।

उग्रा सिन्धुस्तथा कृष्णाप्यथो मदनकं फलम् ।
तप्तनीरेण तद् देयमहिफेनविषं हरेत् ॥२॥

प्रज्ञाः– उग्रा (बोझो), सिन्धु (सिधे नुन), कृष्णा (पिप्ला) अनि मदनफल (मैनकाँडो) यिनलाई तातो पानीका साथमा खान दिएमा अफिमको विष नाश हुन्छ ॥२॥

टंकणं नीलतुत्थञ्च घृतयुक्तं च दापयेत् ।
तेन वान्तिर्भवेत् सद्यो नागफेनविषं त्यजेत् ॥३॥

प्रज्ञाः– टंकण र नीलो तुथोलाई घिउ मिलाएर सेवन गराएमा त्यसले तत्कालै वमन गराउँछ र अफिमको विषलाई समेत नाश गर्दछ ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ मल्लविकारशान्तिः ॥

प्रज्ञाः– अब मल्लविकार अर्थात् संखियाको विकारको शान्तिबारे बताइन्छ ।

सितया सह यामाच्च[७] मेघनादरसस्य च ।
तस्माद् मल्लविषं हन्ति यथालिंगं प्रसेवनात् ॥४॥

प्रज्ञाः– मिश्रीका साथमा मेघनाद या लुँडेको रसको सेवन गराएमा त्यसबाट मल्ल (सखिया)को विषविकार नष्ट हुन्छ ॥४॥

सर्षपो मेघनादश्च नवनीतसमन्वितः ।
भल्लातकभवं शोथं हन्ति लेपेन देहिनः॥५॥

प्रज्ञाः– सर्सिउँ र मेघनाद(लुँडे)को रस वा कल्कलाई नौनीमा मिलाएर लेप लगाएमा भलायोका कारणले भएको सूजलाई निको पार्दछ ॥५॥

दारुसर्षपमुस्तानि नवनीतेन लेपयेत् ।
भल्लातकविकारोऽयम् सद्यो गच्छति सत्वरम् ॥६॥

प्रज्ञाः– देवदारु, सर्सिउँ र मोथे नौनीमा मिलाएर लेप लगाएमा तुरुन्तै भलायोको विकार जान्छ ॥६॥

नवनीतं तिलो दुग्धं पुनः खण्डयुतं तथा ।
एतद्द्वयं प्रलेपेन हन्ति भल्लातकव्यथाम् ॥७॥

प्रज्ञाः– नौनी र तिल तथा दुध र खुँदो/सख्खर/ खाँड यी दुईको प्रलेपले भल्लातकजनित व्यथा हरण हुन्छ ॥७॥

अथ धत्तूरविकारशान्तिः ॥

प्रज्ञाः– अब धतुरोको विकारको शान्तिबारे बताइन्छ ।

---

७ *पानाच्च यस्तो पाठ हो कि ?*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वृन्ताकफलबीजस्य रसो हि पलमात्रया ।
भक्षणाद् भुक्तधत्तूरविषं नश्यति निश्चितम् ॥८॥

प्रज्ञा:– भण्टाका फलको बीजको रस निकाली त्यसलाई एक पलको मात्रामा खानाले धतुरो खाएर लागेको विष पक्कै नाश हुन्छ ॥८॥

कार्पासपुष्पं सितया जलेनोत्काल्य पानतः ।
धत्तूरस्य विषं याति तथा लवणसेवनात् ॥९॥

प्रज्ञा:– कपासको फूललाई मिश्री मिसाएर पानीमा भिजाई पिउनाले धतुरोको विष जान्छ । त्यसैगरी लवणको सेवन गर्नाले पनि धतुरोको विष नाश हुन्छ ॥९॥

गोदुग्धं प्रस्थमेकं तु शर्करायाः पलद्वयम् ।
तस्य पानाद् विषं याति धत्तूरस्य च निश्चितम् ॥१०॥

प्रज्ञा:– गाईको दुध एक प्रस्थ, सख्खर दुई पल मिलाएर पिएमा धतुरोको विष नाश हुन्छ । यो निश्चित छ ॥१०॥

अथ वत्सनाभशान्तिः ॥

प्रज्ञा:– अब वत्सनाभविकारको शान्तिबारे बताइन्छ ।

वटूशनस्य[८] वृक्षस्य रसः पलप्रमाणतः ॥
शर्करायुक्तपानेन वत्सनाभविषं हरेत् ॥११॥

प्रज्ञा:– बटूशननामक वृक्षको रसलाई एक पलको मात्रामा सख्खर मिसाएर पिएमा वत्सनाभको विष हरण हुन्छ ॥११॥

---

८ *मूल पाण्डुलिपिमा बटूशन शब्द लेखिएको छ । आयुर्वेद र दर्शनका विद्वान् डा. काशीराज सुवेदीको अभिलेखपत्रिकामा प्रकाशित लेखमा यस स्थानमा पटवर्णास्यिवृक्ष उल्लेख गरिएको छ । निश्चयका लागि अनुसन्धान अपेक्षित छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ भृंगदंशयोर्विषशान्तिः ॥

प्रज्ञाः– अब भृंगदंशजनित अर्थात् भमराले डसेर लागेको विषको शान्तिबारे बताइन्छ ।

गोदधिविश्वसंयुक्तं पानं भृंगविषापहम् ।
हरिद्रां दंशजं तद्वज्जले पिष्ट्वा पिबेन्नरः ॥१२॥

प्रज्ञाः– गाईको दहीमा सुठो मिलाएर पिएमा भृंगविष नाश हुन्छ । त्यसैगरी हरिद्रालाई पानीमा पिसेर सेवन गरेमा पनि भृंगदंशजनित विकार नाश हुन्छ ॥१२॥

अथ गुञ्जाविकारशान्तिः ॥

प्रज्ञाः– अब गुञ्जा अर्थात् रातीगेडीको विकारको शान्तिबारे बताइन्छ ।

मेघनादरसो ग्राह्यः शर्करायुक्तपानतः ।
उच्चटाया विकारस्य शान्तिः स्याद् दुग्धसेवनात् ॥१३॥

प्रज्ञाः– मेघनाद या लुँडेको रसमा मिश्री मिलाएर पिएमा अथवा दुधको सेवन गरेमा उच्चटा या रातीगेडीको विकारको शान्ति हुन्छ ॥१३॥

अन्यच्च

प्रज्ञाः– रातीगेडीको विकारशान्तिबारे अरू पनि उपाय बताइन्छ ।

मधुखर्जूरमृद्वीकावृक्षाम्लाम्ला च दाडिमा ।
परूषं चामलं चैव युक्ताः सद्यो विकारनुत् ॥१४॥

प्रज्ञाः– मधु, खर्जूर, दाख, वृक्षाम्ल, दाडिम, परुष वा फर्सा र अमला मिलाएर सेवन गरेमा तुरुन्तै विकार नाश हुन्छ ॥१४॥

अथ पूगीफलशर्करयोर्विकारशान्तिः ॥

प्रज्ञाः– अब पूगीफल वा सुपारी र शर्कराको विकारशान्तिबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूगीफले जलं शीतं वस्त्रवातो हितं भवेत् ।
शर्कराभक्षणे देयं मधु वा शर्करान्वितम् ॥१५॥

प्रज्ञाः– सुपारी खाएर विकार भएमा चिसो कपडा वा चिसो हावा हितकारक हुन्छ । त्यसैगरी शर्कराभक्षण[१] अर्थात् मिश्री खाएर भएको विकारमा महमा मिश्री वा सख्खर मिलाएर दिनुपर्दछ ॥१५॥

अथ कोद्रवजविकारशान्तिः ॥

प्रज्ञाः– अब कोदोबाट भएको विकारको शान्तिबारे बताइन्छ ।

कोद्रवाणां भवेन्मूर्च्छा देयं क्षीरं सुशीतलम् ।
सगुडः कूष्माण्डरसो हन्ति मद्यं सकौद्रवम् ॥१६॥

प्रज्ञाः– कोदोको विकार भयोभने मूर्च्छा हुनसक्छ । यस्तो अवस्थामा चिसो दुध पिउन दिनुपर्दछ । कोदोको मद्यको विकार भएमा कुभिण्डोको रसमा गुड मिलाएर दिनुपर्दछ ॥१६॥

अथ करवीरविषशान्तिः ॥

प्रज्ञाः– अब करवीरको विषशान्तिबारे बताइन्छ ।

सितायुक्तं सदा देयं दधिना माहिषं पयः ।
तथा चार्कत्वचा पीतं करवीरविषापहम् ॥१७॥

सितामाहिषदधियुक्तं माहिषं पयो देयमित्यन्वयः ॥

प्रज्ञाः–भैसीको दही र मिश्री मिलाएर भैंसीको दुध सेवन गर्न दिएमा करवीरको विष नाश हुन्छ । त्यसैगरी आँकको बोक्रा पानीमा मिलाई पिएमा पनि करवीरको विष नाश हुन्छ ॥१७॥

अथ वज्रीमदारयोर्विषशान्तिः ॥

प्रज्ञाः– अब वज्री (सिउँडी) र मदार (आँक)को विषशान्तिबारे बताइन्छ ।

---

१ *शर्कराको अर्थ बालुवा पनि हुन्छ । शर्करा भक्षण भन्नाले बालुवाको भक्षण पनि बुझिने भएकोले यो प्रसंग विचारणीय र अनुसन्धेय छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शीतं वारि सितायुक्तं पानं वज्रीविषापहम् ।
वस्त्रवायुस्तथा कार्यः शीतछायां च सेवयेत् ॥१८॥

प्रज्ञाः– मिश्री मिसाएर चिसो पानी पिएमा वज्री या सिउँडीको विष नाश हुन्छ । त्यस्तै वस्त्रवायु (कपडाले हम्किने कार्य)को व्यवस्था मिलाउनुपर्छ । शीतल छाहारीको पनि सेवन गर्नुपर्दछ ॥१८॥

चिञ्चापत्रं जले पिष्ट्वा मर्दयेच्छान्तिकृत् सदा ।
हिमगिरिजलपानेन[१०] स्नुही चार्कविकारनुत् ॥१९॥

प्रज्ञाः– चिञ्चा या अमिलीको पातलाई पानीमा थिचेर त्यसको लेदोले जिउ माडेमा शान्ति हुन्छ । त्यसैगरी हिमनदीको पानी पिएमा पनि आँक र सिउँडीको विकार नाश गर्ने हुन्छ ॥१९॥

अथ दन्तीबीजशान्तिः॥

प्रज्ञाः– अब दन्तीबीजको विकारशान्तिबारे बताइन्छ ।

धान्यकं सितया युक्तं दधिना सह यः पिबेत् ।
दन्तीबीजविकारस्य निवृत्तिस्तस्य जायते ॥२०॥

प्रज्ञाः–जो मानिस धनियाँमा मिश्री मिलाएर दहीसँग पिउँछ त्यसको दन्तीबीजबाट भएको विकारको निवृत्ति यसैबाट हुन्छ ॥२०॥

अथ विषमुष्टिविषविकारशान्तिः ॥[११]

प्रज्ञाः– अब विषमुष्टि वा कुचिलाको विषविकारशान्तिबारे बताइन्छ ।

घृतं मधु सितायुक्तं सदा पिबति यो नरः ।
विषमुष्टिविकारस्य शान्तिस्तस्य प्रजायते ॥२१॥

प्रज्ञाः– घिउ, मह र मिश्री मिलाएर जो सधैं पिउने गर्दछ त्यसको विषमुष्टिविकारको शान्ति हुनेगर्दछ ॥२१॥

---

१० यहा छन्दोभंग भएको देखिन्छ ।
११ विषमुष्टि भन्नाले डोडी साग पनि बुझिन्छ । यहाँ विषको प्रसंग भएकोले विषमुष्टि भन्नाले कुचिला नै बुझ्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ दुष्टवात-रवितापजनितलूकरोगशान्तिः ।

प्रज्ञाः– अब दूषित हावा र सूर्यतापजनित लूकरोग(लू)को शान्तिबारे बताइन्छ ।

दुष्टवातै रवेस्तापैर्लूकरोगः प्रजायते ।
चिञ्चाम्लकसिताक्षौद्रां दापयेत् तु पृथक् जले ॥२२॥

प्रज्ञाः– दूषित हावा र सूर्यको तापले लूकरोग अर्थात् लू लाग्दछ । यसका लागि अमिली, वृक्षाम्ल (भकमिलो)लाई छुट्टाछुट्टै मिश्री र मह मिलाएर पानीसित सेवन गर्न दिनुपर्दछ ॥२२॥

अथ शीतलादाहशान्तिः ॥

प्रज्ञाः– अब शीतलादाहको शान्तिबारे बताइन्छ ।

मधु जलयुतं पीतं शीतलादाहनाशनम् ।
नीलिका च घृते पिष्ट्वा देहलेपे च शान्तिकृत् ॥२३॥
नीलिका हरशृंगारपत्रम् ।

प्रज्ञाः– महपानी पिएमा शीतलाको दाह शान्त हुन्छ । हरसिंगार (पारिजात)को पात घिउमा मिलाएर पिसी त्यस चिल्लो लेदोले देहमा लेप गरेमा पनि शीतलाजनित दाहको शान्ति गर्दछ ॥२३॥
नीलिका हरशृंगारपत्रम् = हरसिंगारपत्र, पारिजात ।

इत्यनुपानमञ्जर्यां स्थावरविषशान्तिप्रकरणन्नाम तृतीयः समुद्देशः ॥

यति अनुपानमञ्जरीको स्थावरविषशान्तिप्रकरणनामक तेस्रो समुद्देश हो ॥२॥

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. चतुर्थः समुद्देशः

अथ जंगमविषशान्तिप्रकरणम् ।।

प्रज्ञाः– अब जंगमविषशान्तिप्रकरणनामक चौथो प्रकरण लेखिन्छ ।

वन्ध्याकर्कोटिकामूलं छागमूत्रेण भावितम् ।
नस्यं काञ्जिकसम्पिष्टं विषोपहतचेतसाम् ।।१।।

प्रज्ञाः– बन्ध्याकर्कोटकी(चटेलो)को जरालाई बोकाको मूत्रमा भावित गरेर काञ्जीसँग पिसेर तयार गरिएको नस्यले विषजनित चेतनानाशको अवस्थालाई निको गर्दछ ।।१।।

लज्जामूलं करे बद्ध्वा विलिप्य सकलं वपुः ।
रमते फणिभिः सार्द्धं वातिकाद्[12] गरुडो यथा ।।२।।

प्रज्ञाः– लज्जावतीको जरालाई हातमा बाँधेर र त्यसकै लेप सम्पूर्ण शरीरमा लेपन गरेको अवस्थामा सर्पहरूका साथमा त्यसैगरी रमाउनसकिन्छ जसरी वातिकनामक पक्षीबाट गरुड रमाउनसक्तछ ।।२।।

अथ दंष्ट्रविषशान्तिः ।।

प्रज्ञाः– अब दंष्ट्राविष (विषालु जन्तुले डसेर लागेको विष)को शान्तिबारे बताइन्छ ।

त्रिफला चन्दनं कुष्ठमार्द्रकं घृतसंयुतम् ।
पानलेपसमायोगो दंष्ट्रस्य विषनाशकः ।।३।।

प्रज्ञाः– त्रिफला, चन्दन, कुष्ठ, अदुवा यति चीजलाई घिउमा मिलाएर तयार पारिएको लेप तथा साथमा पान पनि गरेमा विषालु प्राणिले डसेको विष नाश हुन्छ ।।३।।

---

१२ वातिक एक खालको सानो चरा हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ सर्पादिविषशान्तिः ॥

प्रज्ञाः– अब सर्प आदिको विषशान्तिबारे बताइन्छ।

गोजिह्वा फलिनी शक्रवारुणी वा त्रिपर्णिका।
एकैका पानमात्रेण सर्पादिगरलं हरेत् ॥४॥

प्रज्ञाः– गाईजिब्रे, फलिनी (दहिकाम्लो), इन्द्रवारुणी, त्रिपर्णिका (चरीअमिलो) यी मध्ये कुनै पनि एकलाई पानीमा पिएमा सर्प आदिको विष नाश हुन्छ ॥४॥

सरामठवचा पिष्ट्वा करबाहुप्रलेपनात्।
घटसर्पस्तदा ग्राह्यो न दस्यति कदाचन ॥५॥

प्रज्ञाः– हिड र बोझो मिसेर पानीमा पिसी त्यसको लेप हात र गोडामा लाएर सर्पलाई हातले समाएमा सर्पले कहिल्यै पनि डस्दैन ॥५॥

यथा खलस्य वैषम्यात् पीडितो याति सज्जनः।
तथा वचाया धूपेन गृहं मुक्त्वा व्रजेद् गृही ॥६॥
गृहस्थितसर्पो व्रजेदित्यन्वयः।

प्रज्ञाः– जसरी मूर्ख व्यक्तिको विषम व्यवहारले सज्जन पीडित हुन्छ त्यसैगरी बोझोको धूपले गृहस्थित सर्पले गृहलाई छोड्दछ। अर्थात घरमा सर्प बसेको अवस्थामा बोझोको धूप प्रभावकारी हुन्छ ॥६॥

तुत्थं चोग्रा कामफलं गोदुग्धेन च पाययेत्।
तस्मात् सर्वविषं याति तथोषणघृतेन च ॥७॥
कामफलं मदनफलं। ऊषणं मरिचम् ॥

प्रज्ञाः– नीलो तुथो, उग्रा (बोझो), मदनफल (मैनकाँडो)लाई गाईको दुधसित पिउन दिएमा त्यसबाट सबै विष जान्छ। त्यसैगरी मरिचको धुलोलाई घिउसित पिउन दिएमा पनि विष जान्छ ॥७॥
कामफलं मदनफलम् = मैनकाँडो। **ऊषणं मरिचम्** =मरिच ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ श्वानविषशान्तिः ।

प्रज्ञाः– अब बौलाहा कुकुरको विषको शान्तिबारे बताइन्छ ।

श्वानस्य च विषं हन्ति लेपं कुक्कुटविष्टया ।
गुडतैलार्कदुग्धैश्च लेपः श्वानविषं हरेत् ॥८॥

प्रज्ञाः– कुखुराको विष्टा या सुलीको लेप बनाएर लगाउनाले बौलाहा कुकुरले टोकेको विष नाश हुन्छ । गुड, तिलको तेल र आँकको दुधको लेप लगाउनाले पनि बौलाहा कुकुरले टोकेको विष हरण हुन्छ ॥८॥

उन्मत्तश्वानदष्टानां कुमारीदलसैन्धवम् ।
सुखोष्णापः पिबेत्पीडा त्रिदिनान्ते सुखावहा ॥९॥

प्रज्ञाः– बौलाहा कुकुरले टोकेको छ भने घिउकुमारीको दलभित्रको गुदीमा सिधेनुन हालेर पानीमा तताउने र मनतातो गराएर पिउने तीन दिनसम्ममा सञ्चो गर्दछ ॥९॥

तैलं तिलानां पललं गुडं च क्षीरं तथार्कस्सममेव पीतम् ।
अलर्कमुग्रं विषमाशु हन्ति सद्योभवं वायुरिवाभ्रवृन्दम् ॥१०॥
अलर्क : श्वा ।

प्रज्ञाः– तिलको तेल, तिलको पिना, गुड र आँकको दुध समानभाग मिलाएर पिएमा उग्र किसिमको बौलाहा कुकुरको विष पनि चाँडै जान्छ जसरी मेघसमूहलाई वायुले तत्कालै पन्छाइदिन्छ ।
अलर्क, श्वा= कुकुर ।

यात्याशु कर्कमूलं च मरिचं कर्षभक्षणम् ।
तद्व्रणं तत्क्षणादेव दहेल्लोहशलाकया ॥११॥
कर्कमूलम् कूष्माण्डमूलम् ।

प्रज्ञाः– कुभिण्डोको जरा र मरिचलाई एक कर्षको मात्रा बनाएर खाएमा बौलाहा कुकुरको विष छिटै जान्छ । बौलाहा कुकुरले टोकेको घाउमा तत्कालै फलामको डण्डी तताएर सेकाउनु या पोलाउनु पनि पर्दछ ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्कमूलम् कूष्माण्डमूलम् = कुभिण्डोको जरा।

अथ दुष्टजन्तुविकारशान्तिः ॥

प्रज्ञाः– अब विषालु जन्तुको विकारको शान्तिबारे बताइन्छ।

विषकौञ्चं जले घृष्ट्वा नित्यं पिबति यो नरः।
तस्योदरे दुष्टजन्तोर्विषं नश्यति तत्क्षणात् ॥१२॥

प्रज्ञाः– विषक्रौञ्चलाई पानीमा घोटेर जो मानिस नित्य पिउनेगर्छ त्यसको पेटमा भएका दुष्टजन्तुको विषलाई त्यसले तत्क्षणै नष्ट गर्दछ ॥१२॥

अथ वृश्चिकविषशान्तिः।

प्रज्ञाः– अब बिच्छीको विषको शान्तिबारे बताइन्छ।

हिंगुश्चार्कपयो घृष्टो देहोपरि च दापयेत्।
वृश्चिकस्य विषं हन्ति रजनीं द्युपतिर्यथा ॥१३॥

प्रज्ञाः– हिङ र आँकको दुध घोटेर बिच्छीले टोकेका ठाउँमा लगाएमा जसरी बिहान सूर्य उदाएपछि रात हराउँछ त्यसैगरी बिच्छीको विष पनि हराउँछ ॥१३॥

बाणपुंखरसः पीतो मेघनादरसस्तथा।
शर्करासहितः सद्यो विषं वृश्चिकजं हरेत् ॥१४॥

प्रज्ञाः– बाणपुंखरस अर्थात् शरपुंखाको रस तथा मेघनादरस अर्थात् लुँडेको रस सख्खर मिलाएर पिउन दिएमा तत्काले वृश्चिकदंशजनित विष नाश हुन्छ ॥१४॥

अथ गृहगोधिकाविषशान्तिः।

प्रज्ञाः– अब गृहगोधिका या माउसुलीको विषको विकारशान्तिबारे बताइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

कटुत्रयं सिन्धु करञ्जवीजं निशाद्वयं च कपिकच्छुबीजम् ।
निहन्ति पानेन विलेपनेन विषं समस्तं गृहगोधिकायाः ॥१५॥

प्रज्ञाः– त्रिकटु (हर्रो, बर्रो, अमला) सिन्धु (सहिजन), करञ्जबीज (पांग्रो), हलेदो या बेसार, काउछोको बियाँ यी सबैलाई पानीमा मिसाएर पिउन दिनु माउसुलीको विष जान्छ । त्यसैगरी यी सबैको लेप बनाएर लगाउँदा पनि फाइदा हुन्छ ॥१५॥

अथ सरटविषशान्तिः ॥

प्रज्ञाः– अब छेपाराको विष शान्तिबारे बताइन्छ ।

अर्कमूलं वचाचूर्णं पीतं शीतेन वारिणा ।
विषं सरटकं सद्यः शान्तिर्भवति निश्चितम् ॥१६॥

प्रज्ञाः– आँकको जरा, बोझोको चूर्ण चिसो पानीमा मिलाएर पिउन दिएमा छेपारोको विष शान्ति हुन्छ । यो निश्चित हो ।

अथ मूषकविषशान्तिः ॥

प्रज्ञाः– अब मुसाको विषको शान्तिबारे बताइन्छ ।

सितायाः पलमानन्तु बाणपुंखरसः परम् ।
यः पिबेत्प्रातरुत्थाय मूषकस्य विषापहम् ॥१७॥

प्रज्ञाः– शरपुंखाको रस एक पलको मात्रामा मिश्रीसित बिहान उठेपछि खाएमा मुसाको विष नाश हुन्छ ॥१७॥

अथ श्वेतमूषककृतग्रन्थीविषशान्तिः ॥

प्रज्ञाः– अब सेतो मुसाले गर्दा हुने ग्रन्थीविषको शान्तिबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऊर्ध्वांगपतितं मूषं श्वेतवर्णं सुदारुणम् ।
तत्स्थाने तु भवेद् ग्रन्थी सा ग्रन्थी मृत्युदायिका ॥१८॥
शस्त्रेण ग्रन्थीं विष्फोट्य खरस्य शकृतः क्षिपेत् ।
तेन दुष्टस्य ग्रन्थ्याश्च विकृतेः शान्तिकृद् भवेत् ॥१९॥

प्रज्ञाः– ऊर्ध्वांगमा (टाउको,काँधमा) परेको सेतो वर्णको मुसा सेतै रंगको दारुण खालको हुन्छ । त्यस स्थानमा जुन ग्रन्थी बन्दछ त्यो ग्रन्थी मृत्युदायक हुन्छ ॥१८॥ यस्तो अवस्थामा शस्त्रले त्यस ग्रन्थीलाई फोरेर गदहाको मल हाल्दिनुपर्छ । त्यसले त्यो दूषित ग्रन्थीको विकार निकाल्छ र सञ्चो गराउँछ ॥१९॥

अथ सिंहरोमविषशान्तिः ।

प्रज्ञाः– अब सिंहको रौंको विषशान्तिबारे बताइन्छ ।

मधुनः पलमानस्य दिनं विंशति यः पिबेत् ।
तस्य सिंहस्य वालस्य विषं न स्यात् कदाचन ॥२०॥

प्रज्ञाः– एक पलको मात्रामा महलाई लिएर जसले बीस दिनसम्म पिउँदछ त्यसलाई कहिल्यै पनि सिंहका रौंको विष लाग्दैन ॥२०॥

अथ भ्रमरमाक्षिकयोः विषशान्तिः ॥

प्रज्ञाः– अब भमरा र मौरीको विषको शान्तिबारे बताइन्छ ।

महिषी नवनीतं च टंकणैः सह मर्दयेत् ।
माक्षिकभ्रमरस्यान्तं नागफेनेन तत्समम् ॥२१॥

प्रज्ञाः– भैंसीको नौनीमा टंकण वा सुहागलाई मर्दन गरेर त्यतिकै मात्रामा अहिफेन मिलाएर दिएमा माक्षिक र भ्रमरजनित विष जान्छ ॥२१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ कर्णप्रवेशस्य खर्जूरादिविषशान्तिः ॥

प्रज्ञाः– अब कानमा पसेको खजुरो या कनसुत्लो आदिको विषशान्तिबारे बताइन्छ।

कर्णप्रवेशखर्जूरं तत्कर्णे मूत्रकं क्षिपेत्।
तथा च तिलतैलं च डंके वत्सस्य श्लन्थकम् ॥२२॥
डंके कीटविशेषे, श्लन्थकं वत्सशकृत्रसम्।
डंके डंकसंज्ञककीटविशेषः तत्प्रवेशे तु श्लन्थकं वत्सशकृत्रसम् ॥

प्रज्ञाः– कानमा खजुरो या कनसुत्लो आदि पसेमा त्यस कानमा गहुँत हाल्नुपर्छ। त्यसैगरी तिलको तेल पनि हाल्नुपर्छ। डंकनामक किरा परेमा गाईको बाछाको मलको रस हाल्नुपर्छ ॥२२॥ **डंके कीटविशेषे**= एक किसिमको किरा। **श्लन्थकं वत्सशकृत्रसम्** = बाछाको मलको रस। **डंके डंकसंज्ञककीटविशेषः** = डंक नाम गरेको एक किसिमको किरा। **तत्प्रवेशे तु** = त्यो किराले कानमा प्रवेश गरेको अवस्थामा । **श्लन्थकं वत्सशकृत्रसम्** = बाच्छाको मलको रस ॥

जिह्वायास्तालुकायोगादमृतं स्रावयेत्तु यत्।
विलिप्तं तेन दंशस्य निर्विषं क्षणमात्रतः ॥२३॥

प्रज्ञाः– जिउरो र तालुको सहयोगबाट अमृतस्राव गराएर त्यसले दंशस्थानमा लेप लगाएमा एकैछिनमा नै विषनाश हुन्छ ॥२३॥

अथ मूषकाद्यल्पजन्तोर्गृहान्निष्कासनप्रकारः ॥

प्रज्ञाः– अब मूसा आदि साना जन्तुहरूलाई घरबाट निकाल्ने उपाय बताइन्छ।

भल्लातकफलं मुस्ता कपिकच्छुफलं तथा।
रालसिद्धार्थमेतेषां चूर्णं धूपप्रभावतः ॥२४ ॥
मूषकामशकामक्षीमत्कुणाविषकीटकाः।
पलायन्ते गृहं त्यक्त्वा यथा युद्धेषु कातराः ॥२५॥

प्रज्ञाः– भलायोको फल, मोथे, काउछोको बियाँ, राल या सालधूप र सर्सिउँ यी सबैको चूर्ण

 CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनाएर धूप धुवाउँनाले मूसा, लामखुट्टे, माखा(झिँगा), उडुस र अन्य विषालु किराहरू जसरी युद्धमा कायरहरू भाग्दछन् त्यसैगरी घरबाट भाग्दछन् ॥२४–२५॥

अर्कमूलं च वार्ताया भावितं पावके रसे ।
कटुतैलोक्तदीपस्था निशायां मत्कुणापहा ॥२६॥

प्रज्ञाः– आँकको जरा र कपासलाई तोरीको तेलमा भिजाई राती बत्ती बालेमा मत्कुण या उडुसलाई भगाइदिन्छ ॥२७॥

अथ यूकादीनां दंशनजनितविषविकारशान्तिप्रकारः ॥

प्रज्ञाः– अब जुम्रा लिखा आदिले टोकेर भएको विषविकारलाई शान्ति गर्ने उपाय बताइन्छ ।

श्रीमूलं गोजले घृष्ट्वा देहलेपं च कारयेत् ।
यूका च लिक्षका सा वा नाशयन्त्यपि तत्क्षणात् ॥२७॥

प्रज्ञाः– श्रीमूल अर्थात् तुलसीमूललाई गोजल वा गहुँतमा घोटेर देहलेप गरेमा जुम्रा लिखा आदि तत्कालै झर्छन् ॥२८॥

शिलागन्धकगोमूत्रविडंगं कटुतैलतः ।
एषां लेपाद् भवेच्छान्तिः सा वा यूका च लिक्षका ॥२८॥

प्रज्ञाः– मनःशिला, गन्धक, गहुँत, वायुविडंगको धुलोलाई तोरीको तेलमा मिलाएर लेप लगाएमा त्यस लेपबाट जुम्रा लिखाहरूबाट उत्पन्न विकारमा शान्ति मिल्दछ ॥२८॥

अथ भ्रमरकृतजलोदररोगशान्तिः॥

प्रज्ञाः– अब भ्रमरले गर्दा हुने जलोदररोगको शान्तिबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यत्पादे चोदरे प्राप्ते जलोदरः प्रजायते ।
स्योनाकपिप्पली सेव्या विकृतेः शान्तिकृत्सदा ॥२९॥

प्रज्ञाः– जसको विष शरीरमा व्याप्त हुँदा जलोदर हुन्छ त्यसका लागि श्योनाकपिप्पली या टटेलाको बियाँ सेवन गनुपर्दछ त्यही शान्तिकारक हुन्छ ॥२९॥

अथ सर्वविषेऽनुपानम् ॥

प्रज्ञाः– अब सर्वविष वा सबै खालका विषका लागि अनुपान बताइन्छ ।

तैलं चाम्लं तथा निद्रां वर्जयेद् विषपीडितः ।
तण्डुलं घृतदुग्धञ्च श्रेष्ठं पथ्यं विषातुरे ॥३०॥

प्रज्ञाः– तिलको तेल, अमिलो खाना र निद्रा यति कुरालाई विषपीडितले वर्जित गर्नुपर्दछ । विषातुरका लागि चामलको भात, घिउ र दुध श्रेष्ठ पथ्य हुन्छ ॥३०॥

धातोस्तथोपधातोश्च विषं स्थावरजंगमम् ।
सर्वेषां वमनं श्रेष्ठं विरेचनं तथैव च ॥३१॥

प्रज्ञाः– धातु र उपधातुको तथा स्थावर तथा जंगम विष सबैका लागि वमन र त्यसपछि विरेचन श्रेष्ठ हुन्छ ॥३१॥

अथ सर्वविषविकारेषु सामान्यौषधम् ॥

प्रज्ञाः– अब सबै खालका विषविकारका लागि सामान्य औषधि बताइन्छ ॥३२॥

ज्ञाताज्ञातविकारेषु सदा देयं च भेषजम् ।
सिता मधु घृतं दुग्धं तैर्युतं माहिषं शकृत् ॥३२॥
पृथक् पृथक् तदा देयं श्वानस्य च विषं विना ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– ज्ञात अज्ञात जेजस्तो विकार भए पनि त्यसका लागि औषधि दिनुपर्दछ। अलर्कविषबाहेक अरू विषविकारमा मिश्री, मह, घिउ, दुध, भैंसीको शकृत् अर्थात् गोबर दिनुपर्दछ।

अलर्के रुक्षमन्नञ्च जलं पश्चात्पलाण्डुना ॥३३॥
अलर्कः श्वा, पलाण्डु प्याज इति लोके ।

प्रज्ञाः– अलर्कविषमा चाहिँ पहिले रुक्ष अन्न र अनि त्यसपछि प्याजको रस र पानी दिनुपर्दछ ॥३३॥

अलर्कः श्वा =कुकुर। **पलाण्डु प्याज इति लोके** =प्याज।

इत्यनुपानमञ्जर्यां जंगमविषशान्तिप्रकरणन्नाम चतुर्थः समुद्देशः ॥४॥

यति अनुपानमञ्जरीको जंगमविषशान्तिप्रकरणनामक चौथो समुद्देश हो ॥४॥

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३१. पञ्चमः समुद्देशः

अथ धातूपधातुमारणरोगानुपानप्रकरणम् ॥

प्रज्ञाः– अब धातुउपधातुमारण र रोगानुपानप्रकरणनामक पाँचौ प्रकरण लेखिन्छ ।

यहाँ ग्रन्थकार ग्रन्थको मध्यमावस्थामा पनि छन् विषयको महत्वपूर्ण अवस्थाको सन्दर्भमा पनि छन् । ग्रन्थका आदिमा, ग्रन्थका मध्यमा र ग्रन्थका अन्त्यमा मंगलाचरण गर्ने हाम्रो शिष्टाचार हो । यसैले विषयवस्तुको गाम्भीर्य पनि प्रकट हुने र मंगलाचरण पनि हुने अथ शब्दलाई ग्रन्थकारले आफ्नो पाँचौ समुद्देशको प्रथम पद्यको प्रारम्भमा नै प्रयोग गरेका छन् – **अथातः सम्प्रवक्ष्यामि** भनेर । ॐकारश्चाथशब्दश्च द्वावेतौ ब्रह्मणः पुरा । कण्ठं भित्वा विनिर्यातौ तस्मान्माङ्गलिकावुभौ ॥ अर्थात् ॐकार र अथ यी दुई शब्द उहिले ब्रह्माको कण्ठ पार गरेर बाहिर आएका हुन् यसैले यी दुवै शब्द मांगलिक छन् ।

अथातः सम्प्रवक्ष्यामि धातूपधातुमारणम् ।
रोगाणामनुपानं च संक्षेपात्कथ्यतेऽधुना ॥१॥

प्रज्ञाः– अब यसपछि म ग्रन्थकार मंगलकामना गर्दै धातु र उपधातुको मारण तथा रोगहरूको अनुपानको बारेमा पूर्वाचार्यहरूले भनेका कुराहरू कालक्रमले नाशिदै र हराउँदैगएकाले अहिले फेरि बताउँछु ॥१॥

अथ पारदस्य साधारणक्रिया लिख्यते –

प्रज्ञाः– अब पारदको साधारण क्रिया लेखिन्छ ।

तत्रादौ पारदोत्पत्तिः ॥

प्रज्ञाः– सबभन्दापहिले पारदको उत्पत्तिबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्कन्दात्तारकहिंसार्थं कैलाशे प्रार्थितः सुरैः ।
करुणात्मा महादेवः पार्वतीवल्लभः शिवः ॥२॥
रते शम्भोश्च्युतं रेतो गृहीतं वन्हिना मुखे ।
क्षिप्तं तेन चतुर्दिक्षु क्षमायां तत्पृथक् पृथक् ॥३॥
सौम्यादिदिक्त्रयस्थं तद् गौरीशापान्न कार्यकृत् ।
पश्चिमायान्तु यत् क्षिप्तं सदिशं सर्वकार्यकृत् ॥४॥
एषोत्पत्तिः समाख्याता पारदस्य मनीषिभिः ॥५॥

प्रज्ञाः– अघि देवताहरूले स्कन्दकुमारबाट तारकासुरलाई वध गर्नका लागि प्रार्थना गरेका थिए । त्यतिखेर पार्वतीवल्लभ करुणात्मा महादेव शिवले यो कुरा सुनेर स्कन्दकुमारको गर्भाधानका लागि महारत स्वीकार गर्नुभयो । त्यस रतिबाट स्खलित भएको रेतस् वा वीर्यलाई अग्निदेवले आफ्नो मुखमा राखेर चारै दिशातिर थुके । महारतका बेलामा अग्निदेवता सूक्ष्मरूपमा शिवपार्वतीको एकान्तमा गएका थिए । यसको एउटा कारण थियो कैलाशको शीतलतामा आवश्यक तापसञ्चार गर्नु जसले गर्भाधानमा सहायता पुगोस् । अर्को कारण थियो शिवपार्वतीको श्रद्धा र सम्मान । प्रकट रूपमा अग्नि त्यहाँ गएका भए शिवपार्वतीको अपमान हुने थियो । तेस्रो कारण त्यस शिवपार्वतीको सुरतमा अलिकति पनि विक्षेप नहोस् जसले गर्दा गर्भाधानमा व्यवधान होस् । त्यहाँ अग्निको जरुरत पनि थियो र उनको सूक्ष्मरूपको पनि यसैले अग्निको कैलाशमा जानु अन्यथा थिएन तापनि महामैथुनपश्चात् विरत भएका शिवपार्वतीका अगाडि अग्निले आफ्नो वास्तविक रूप प्रकट गरेपछि पार्वतीमा एक खालको क्षोभ पैदा भयो र उनले श्राप दिएकी थिइन् । त्यही श्रापका कारणले पश्चिम दिशातिर परेको बाहेक चारै दिशातिर प्रक्षेपण गरिएको त्यो शिववीर्य उदासीन या काम नलाग्ने भयो । पश्चिमतिर फालिएको शिववीर्य भने शिवकृपाले पूरै काम गर्ने भयो । यही नै पारदको उत्पत्ति थियो । पारदको उत्पत्तिको सम्बन्धमा मनीषीहरूद्वारा यही व्याख्यान गरिएको थियो भन्नेकुरा पौराणिक आख्यानहरूमा प्रसिद्ध रहेको छ ॥२-५॥

अथ वर्णभेदः॥

प्रज्ञाः– अब पारदको वर्ण अनुसारको प्रकार बताइन्छ ।

श्वेतवर्णो द्विजः सूतो रक्तः क्षत्रियसंज्ञकः ।
पीतवर्णो भवेद् वैश्यः कृष्णस्तु शूद्रजातयः ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– सेतो वर्णको पारद द्विज वा ब्राह्मण पारद हो । रातो वर्णको पारद क्षत्रिय पारद हो । पहेलो वर्णको पारद वैश्य पारद हो । कालो वर्णको पारद शूद्र पारद हो ॥६॥

अथ दोषकथनम् ॥

प्रज्ञाः– अब पारदका दोषबारेमा बताइन्छ ।

नागो वंगो मलो वन्हिश्चाञ्चल्यं च विषं गिरिः ।
असह्याग्निर्महादोषाः स्वभावात्पारदे स्थिताः ॥७॥

प्रज्ञाः– नागदोष, वंगदोष, मलदोष, वन्हिदोष, चापल्यदोष, विषदोष, गिरिदोष र असह्याग्निदोष यी आठ महादोष पारदमा स्वभावैले रहेका हुन्छन् ॥७॥

सूतः षड्रसयुक् त्रिदोषशमनः सर्वामयध्वंसकृत् ।
कान्ताकामविमर्दनोऽतिबलकृत् यच्छ्रीसुधायाः शिवः॥
चक्षुष्यः स्मृतिरूपदो मरणहृद् वार्धक्यजिद् वृद्धिकृद् ।
जाडयघ्नो कृमिकुष्ठहा कनककृत् संयोगवाही रसः ॥८॥

प्रज्ञाः– शुद्ध पारद मधुर-अम्ल-लवण-कटु-तिक्त-कषाय ६वटै रस भएको, वात-पित्त-कफ तिनै दोषलाई शमन गर्ने खालको, सबै किसिमका रोगहरूलाई नाश गर्ने, सुन्दरीको कामेच्छालाई थकाउनसक्ने र अत्यन्त बलकारक हुनुको साथै यो अमृतकै श्रीस्वरूप र शिव अर्थात् कल्याणकारक पनि हुन्छ । यो चक्षुष्य अर्थात् आँखालाई शक्ति प्रदान गर्ने खालको हुन्छ । यो स्मृति अर्थात् सम्झनाशक्ति र रूप अर्थात् शारीरिक कान्ति प्रदान गर्ने खालको हुन्छ । यो मृत्युलाई रोक्नसक्ने, बुढापा आउन नदिने र शरीरको वृद्धि या विकास गर्ने खालको हुन्छ । यसले जडतालाई नाश गर्दछ । यसले कृमि र कुष्ठरोगलाई निको पार्दछ । यसले निकृष्ट धातुलाई पनि उत्कृष्ट धातु अर्थात् सुन बनाउँदछ । यो जोसित मिल्छ त्यसको गुणलाई पनि बढाइदिन्छ र आफ्नो गुणलाई पनि यथावत् कायम गर्दछ अर्थात् यो संयोगवाही हुन्छ ॥८॥

अन्यच्च

शुष्केन्धनमहाराशिं यद्वद्दहति पावकः ।
तद्वद् धातुगतान् रोगान् सूतो दोषत्रयोद्भवान् ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– जसरी सुकेका दाउराहरूको ठूलो खलियालाई आगोले डढाएर खरानी बनाइदिन्छ त्यसैगरी शरीरका विभिन्न धातुमा रहेका तीनै दोषबाट उत्पन्न रोगहरूलाई पारदले खरानी बनाइदिन्छ ॥९॥

अथ हिंगुलोत्थरसः ॥

प्रज्ञाः– अब हिगुलोत्थरस (हिगुलबाट निकालिएको पारद) हिगुलोत्थ पारदको बारेमा बताइन्छ ।

जम्बीरनिम्बुनीरेण मर्दितं हिंगुलं दिनम् ।
ऊर्ध्वपातनयन्त्रेण ग्राह्यः स्यान्निर्मलो रसः ॥१०॥
कञ्चुकैर्नागवंगाद्यैर्निर्मुक्तो रसकर्मणि ॥११॥

प्रज्ञाः– ज्यामीरका रसमा एक दिनसम्म मर्दन गरिएको हिंगुललाई ऊर्ध्वपातनयन्त्रमा राखेर विधिपूर्वक प्राप्त निर्मल रस या दोषरहित पारदलाई हिंगुलोत्थ पारद भनिन्छ। यो कञ्चुक आदि सात दोष र नागवंग आदि आठ दोषबाट मुक्त र रसकर्मका लागि योग्य हुन्छ ॥१०-११॥

अथ तस्य शोधनप्रकरणमाह ॥

प्रज्ञाः– अब पारदको शोधनको प्रकरण बताइन्छ।

जम्बीरोत्थद्रवेणैव पारिभद्रद्रवेण च।
यामं संमर्द्य यत्नेन रसो ग्राह्यः सुनिर्मलः ॥१२॥

प्रज्ञाः– ज्यामीरको रस र पारिभद्रको रसमा एक यामसम्म यत्नपूर्वक मर्दन गरेर निर्मल अर्थात् शुद्ध पारद ग्रहण गर्न सकिन्छ ॥१२॥

ऊर्ध्वपातनादिविशिष्टपारदे नपुंसकत्वमस्ति तदुक्तं बोधनसंस्कारे तस्माद्बलप्रकर्षाच्च दोलिकायां सैन्धवचूर्णगर्भे जले इति शेषः ॥१३॥

प्रज्ञाः– ऊर्ध्वपातन आदि संस्कार गरेर तयार पारिएको विशेषपारदमा पनि नपुंसकत्व हुन्छ भनेर पारदको बोधन संस्कारमा उल्लेख गरिएको छ। यसकारण दोलायन्त्रविधिले दोलिकामा राखिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

सैन्धवचूर्णगर्भित पानीमा स्वेदन गरेर पारदको नपुंसकत्वलाई जगाउनुपर्दछ ।।१३।।

अथ सामान्य षड्गुणबलिजारणम् ॥

प्रज्ञाः– अब पारदको सामान्य षड्गुणवलिजारणबारे बताइन्छ ।

क्षुद्रभाण्डे रसं कृत्वा बालुकायन्त्रमध्यगम् ।
षड्गुणं गन्धकं तत्र क्षिपेदल्पाल्पकं शनैः॥१४॥
तैलरूपो यथा गन्धस्ततोऽवतारयेद् द्रुतम् ।
स्वांगशीते दृढे गन्धे स्फोटयित्वा रसं नयेत् ॥१५॥

प्रज्ञाः– एउटा सानो भाँडोमा पारदलाई राखेर त्यसलाई बालुकायन्त्रको मध्यमा स्थापित गर्ने । पारदको छ गुना गन्धक त्यहाँ थोरै थोरै गरेर विस्तारै विस्तारै हाल्दैजाने । तैलरूपमा जब गन्धक द्रवित हुन्छ तब स्वांगशीत भएपछि साह्रो भएको गन्धकलाई फुटाएर त्यहाँ षड्गुणवलिजारित रस प्राप्त गर्न सकिन्छ ।।१५।।

सर्वरोगेषु दातव्यो रसो व्याधिनिषूदनः ।
सर्वपापक्षये जाते प्राप्यते रसजारणम् ॥१६॥

प्रज्ञाः– यस रसलाई सबै रोगमा दिनसकिन्छ किनभने यो रोगलाई नाशगर्ने क्षमता भएको छ र सबै दोष हटाएर मात्र पारदलाई जारण गरिएको हुन्छ ।।१६।।

तत्प्राप्तं सर्वमेवं स्याद् विज्ञानं मुक्तिलक्षणम् ।
यावद् दिनानि वन्हिस्थो जारणे धार्यते रसः ॥१७॥
तावद् वर्षसहस्राणि शिवलोके महीयते । ॥१८॥

प्रज्ञाः– यसरी प्राप्त पारद मुक्तिदायक हुन्छ । यसरी प्राप्त पारदलाई उपयोग गर्ने गराउने व्यक्ति जति दिनसम्म पारदलाई जारणका लागि आगोमा राख्दछन् त्यति नै हजार वर्षसम्म तिनीहरू शिवलोकमा सम्मानित हुन्छन् ।।१७-१८।।

अजारयन्तो यदि हेमगन्धे वाञ्छन्ति सूतात्फलमप्युदारम् ।
क्षेत्रादनुप्तादधिशस्यजातं कृषीवलास्ते भिषजश्च मन्दाः ॥१९॥

प्रज्ञाः– सुवर्ण र गन्धकलाई जारण नगरिकन यदि कोही पारदको उदार(उत्तम) फल चाहन्छन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भने ती खेतमा पानी नलगाइकन अनाज फलेको चाहने किसानजस्तै हुन्छन् र त्यस्ता वैद्यहरू मन्द वैद्य मानिन्छन् ॥१९॥

अथ षड्गुणगन्धजारणफलं यथोक्तं शिवागमे ।
शुद्धरसतुल्यशुद्धगन्धकाच्छतगुणप्रभावो जायते ॥

प्रज्ञा:– अब शिवागममा बताएअनुसारको षड्गुणगन्धजारणको फल बताइन्छ । यसरी जारण गरिएको पारद शुद्धरस बराबरको शुद्धगन्धकभन्दा शयौं गुणा प्रभावकारी हुन्छ ॥२०॥

द्विगुणे गन्धके जीर्णे सर्वथा सर्वकष्टहा ।
त्रिगुणे गन्धके जीर्णे सर्वजाड्यविनाशनः ॥
चतुर्गुणे तु सञ्जीर्णे वलीपलितनाशनः ।
गन्धे पञ्चगुणे जीर्णे क्षयक्षयकरो रसः ॥
षड्गुणे गन्धके जीर्णे सर्वरोगहरो भवेत् ।
अवश्यमित्युवाचेदं देवि श्रीभैरवः स्वयम् ॥२४॥

प्रज्ञा:– द्विगुण गन्धक जारण गरिएको छ भने त्यो सर्वथा सबै खालका कष्टहरूलाई हरण गर्ने खालको हुन्छ । त्रिगुण गन्धक जारण गरिएको छभने त्यसले सबै खालका जडतालाई विनाश गर्दछ । चतुर्गुण गन्धक जारण गरिएको छभने यसले वली र पलित अर्थात् केश झर्ने र फुल्ने रोगलाई नाश गर्दछ । पञ्चगुण गन्धक जारण गरिएको छभने यसले क्षयरोगको विनाश गर्दछ । षड्गुण गन्धक जारण गरिएको छभने यो सबै खालका रोगलाई नाश गर्ने हुन्छ ॥२१-२४॥

अथ गन्धकस्य जातिभेदः ॥

प्रज्ञा:– अब गन्धकका जातिभेदबारे बताइन्छ ।

चतुर्द्धा गन्धकः प्रोक्तो रक्तः पीतः सितोऽसितः ।
उत्तमोऽरुणवर्णः स्याद् दाडिमीकुसुमच्छविः ॥२५॥
मध्यमः पीतवर्णः स्याच्छुक्लवर्णोऽधमः स्मृतः
रक्तो हेमक्रियासूक्तः पीतश्चैव रसायने ॥२६॥
व्रणादिलेपने श्वेतः कृष्णपीतः सुदुर्लभः ।
शुकपुच्छसमप्रायो नवनीतसमप्रभः ॥२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मसृणः कठिनः स्निग्धो गन्धकः श्रेष्ठ उच्यते ॥२८॥

प्रज्ञाः– गन्धक चार प्रकारको बताइएको छ रक्त, पीत, सित र असित । रक्त अर्थात् अरुण वर्णको दाडिमको फूलजस्तो छवि भएको रातो खालको गन्धक उत्तम हुन्छ । पीतवर्णको अर्थात् पहेंलो वर्णको गन्धक मध्यम हुन्छ । सित अर्थात् शुक्लवर्णको या सेतो गन्धक अधम अर्थात् चुत्थो हुन्छ । व्रण आदिमा लेपन गर्नका लागि सेतो गन्धक प्रयोग गरिन्छ । असित अर्थात् कालो कालो पहेलो पहेलो खालको गन्धक दुर्लभ छ । श्रेष्ठ गन्धक सुगाको पुच्छरजस्तै तेजिलो, नौनीजस्तै कमलो, मसिनो, साह्रो, चिल्लो खालको हुनुपर्दछ ॥२५-२८॥

अथ गन्धकशुद्धिः ॥

प्रज्ञाः– अब गन्धकको शोधनबारे बताइन्छ ।

लोहपात्रे विनिक्षिप्य घृतमग्नौ प्रतापयेद् ।
तप्ते तप्ते तत्समानं प्रक्षिपेद् गन्धकं रजः ॥२९॥
विद्रुतं गन्धकं ज्ञात्वा दुग्धमध्ये निधापयेद् ।
एवं गन्धकशुद्धिः स्यात् सर्वकार्येषु योजयेत् ॥३०॥

प्रज्ञाः– एउटा फलामको भाँडोमा घिउ हालेर त्यसलाई अगेनामा बसालेर तातो हुनेगरी पकाउने । तताउँदै तताउँदै त्यति नै परिमाणमा त्यो तातेको घिउमा गन्धकको चूर्णलाई हाल्ने । जब गन्धक पग्लिन्छ त्यसपछि त्यसलाई अर्को भाँडोमा राखिरहेको दुधमा डुबाइदिने । यसरी गन्धकको शुद्धि हुन्छ । यसरी शुद्ध गरिएको गन्धकलाई सबै कार्यमा प्रयोग गर्न सकिन्छ ॥२९-३०॥

अथ धातूनां मारणम् ॥

प्रज्ञाः– अब धातुको मारणविधिबारे बताइन्छ ।

तत्रादौ धातुसंख्याप्रमाणम् ॥

प्रज्ञाः– सबभन्दा पहिले धातुसंख्या प्रमाण बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कनकतारकताम्रकतीक्ष्णकत्रपुभुजंगममारकमेव च।
इति वदन्त्यपि धातुगणं बुधाः सकलशास्त्रमतेप्यतिविस्तरात् ॥३१॥
तीक्ष्णकं लोहम्, त्रपु यशदम्, भुजंगमं सीसम्, मारकम् रंगम्।

प्रज्ञाः– कनक(सुवर्णम्, सुन, Gold/Auram), तारक(रौप्य, चाँदी Silver/Argentum), ताम्र (ताम्रम्, तामा Copper/Cuprum), तीक्ष्णक (लौहम्, फलाम Iron/Ferum), त्रपु (त्रपुषम्, यशद, जस्ता Zink/Zincum), भुजंगम, (सीसम्, सीसा Lead/Plumbum), मारकम् (रंगम्, वंगम्, वंग Tin/Stantum) यी सातलाई धातुगणमा उल्लेख गरिएको छ। ज्यादै विस्तार हुने भएकोले सबै शास्त्रको मत यहाँ उल्लेख गरिएको छैन।
तीक्ष्णकम् लोहम् फलाम, **त्रपु यशदम्** जस्ता, **भुजंगमम् सीसम्** सीसा, **मारकम् रंगम्** वंग/ टिन।

अथ सुवर्णसंख्या ॥

प्रज्ञाः– अब सुवर्णको संख्याबारे बताइन्छ।

प्राकृतं सहजवन्हिसम्भवं ह्याकरोद्भवरसेन्द्रबेधजम्।
हेम पञ्चविधमाहुरादराद् बालबोधन[१३]कारणात् ॥३२॥

प्रज्ञाः– प्राकृत, सहज, वन्हिसम्भव, आकरोद्भव र रसेन्द्रवेधज यी सुवर्णका पाँच भेद छन्।

अथ सुवर्णपरीक्षा

प्रज्ञाः– अब सुवर्णको परीक्षाबारे बताइन्छ।

यद्धेम तप्तं शुचिवन्हियोगाच्छीतं सरक्तं यदि चाकरस्थम्।
ग्राह्यं च शुभ्रत्वमथो भजेच्च त्याज्यं सुवर्ण भिषजां वरेण्यम् ॥३३॥

प्रज्ञाः– जुन सुवर्ण उपयुक्त आगोमा तताएर सेलाएपछि रातो वर्णका देखिन्छ त्यो सुवर्ण ग्राह्य हुन्छ। जुन सुवर्ण सेतो खालको हुन्छ त्यो वैद्यहरूका लागि त्याज्य हुन्छ ॥३३॥

१३ *'यहाँ छन्दको पादपूरण भएको देखिँदैन। छुटेका अक्षरहरू पत्ता लगाउनुपर्ने देखिन्छ। विशेष' शब्द थप्नुपर्ने देखिन्छ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection.

अथ सुवर्णशोधनमाह

प्रज्ञाः– अब सुवर्णको शोधनबारे बताइन्छ।

तैले तक्रे काञ्जिके धेनुमूत्रे कौलत्थानां संकषायेऽर्कदुग्धे।
हेम्नः.शुद्धिर्जायते काञ्चनारे तप्तं तप्तं भावयेत्सप्तवारम् ॥३४॥

प्रज्ञाः– सुनलाई आगोमा रातो हुने गरी तताएर तिलको तेलमा, तक्र वा महीमा, काञ्जीमा, गाईको गहूँतमा, गहतको क्वाथमा, आँकको दुधमा काञ्चनार वा कोइरालोको क्वाथमा सात सात भावना दिनुपर्दछ। यति गरेपछि सुवर्णको शोधन हुन्छ।

अथ सुवर्णमारणम्

प्रज्ञाः– अब सुवर्णको मारणबारे बताइन्छ।

तपनीयरसो भुजंगमस्य रसके वै विमलेऽपि षोडशांशे।
सह चाम्लजलेन चूर्णमेतत् परिपिष्ट्वा शुभगोलको विधेयः ॥३५॥
सुशराबपुटेऽपि गोलतुल्यः शुभगन्धः परितोऽपि धारणीयः।
अधरोत्तरमाशु सम्पुटास्यं परिरुध्यात्परिपाचयेत्सुवन्हौ ॥३६॥
दृढत्रिंशवनोपलाः सुशुष्काः परिदेयाः सततं पुटे पुटे च।
अपि सप्तपुटैः सुशुद्धमेवं परिसञ्जायत एव हेमभष्म ॥३७॥
भुजंगमरसके ताम्बूलपत्ररसे। अम्लजलेन धात्रीरसेन।

प्रज्ञाः– मारण गर्नुपर्ने रसको चूर्णलाई शुद्ध षोडशांश ताम्बूलपत्रको रसमा अर्थात् पानको रसमा अमलाको रसका साथ पिसेर राम्रो गोली बनाउने। त्यसपछि त्यस गोलकको चारैतिर शुद्ध गन्धक पनि राख्ने र त्यसलाई राम्ररी तयार पारिएको शरावपुटमा राखी शरावसम्पुट बन्द गरिदिने। त्यसपछि उपयुक्त आगोमा सुदृढ र राम्ररी सुकेका तीसवटा वन्योपल हरेक पुटमा दिँदै जाने। यसरी सात पुट दिएपछि सुवर्ण भष्म तयार हुन्छ ॥३५-३७॥

भुजंगमरसके ताम्बूलपत्ररसे= पानको पातको रसमा।

अम्लजलेन धात्रीरसेन= अमलाको रसले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ हेमभष्मगुणाः ॥

प्रज्ञाः– अब सुवर्णभष्मको गुण बताइन्छ ।

मृतं हाटकं दिव्यकान्तिं तनोति क्षतश्वासकासक्षयं पित्तवातौ ।
प्रमेहग्रहण्यातिसारं च कुष्ठं ज्वरं हाति चाखण्डकन्दर्पदञ्च ॥३८॥

प्रज्ञाः– मृत सुवर्ण वा सुवर्ण भष्मले शरीरमा दिव्य कान्ति पैदा गर्दछ, क्षत-श्वास-कास-क्षयरोगलाई निको पार्दछ, पित्त र वातका समस्याहरूमा फाइदा पुऱ्याउँदछ, प्रमेह-ग्रहणी-अतिसाररोगलाई हटाउँछ, कुष्ठ र ज्वररोगलाई नाश गर्दछ । यसका साथै सुवर्ण भष्म अखण्डकन्दर्पद पनि छ । यसले कहिल्यै पनि खण्डित नहुने गरी कामशक्ति प्रदान गर्दछ ॥३८॥

ग्रन्थान्तरेऽपि

प्रज्ञाः– ग्रन्थान्तरमा सुवर्ण भष्मका गुणहरू

स्वर्णं तिक्तं कषायं मधुरमतिवयस्थापनं कान्तिदं च ।
वृष्यं हृद्यं च बल्यं रुचिकरमखिलं वाग्विशुद्धिप्रदञ्च ॥
आयुर्द वै वलीनां हरणमचिरतो नाशनं दुर्विषाणाम् ।
रोगे सोन्मादजानां खलु ज्वरहरणं सर्वरोगाभिनाशम् ॥३९॥

प्रज्ञाः– सुवर्णको रस तितो, टर्रो र गुलियो हुन्छ । यो वयःस्थापन अर्थात् उमेर वा यौवनलाई स्थापित गर्नेखालको हुन्छ, बुढ्याइँ आउन दिदैंन । यसले शरीरको रूपलाई कान्ति या शोभा प्रदान गर्दछ । यसले साँढेजस्तै बलियो बनाउँदछ र हृदयका लागि पनि हितकारक हुन्छ । यसले बल बढाउँछ, रुचि बढाउँछ र बोलीको शुद्धता प्रदान गर्दछ । यसले असल अर्थात् स्वस्थ आयु प्रदान गर्दछ, कपाल झरेकोलाई तुरुन्त ठिक गरिदिन्छ दुष्ट विषहरूको नाश गर्दछ । उन्माद, ज्वर लगायत सबै खालका रोगहरूलाई नाश गर्दछ ॥३९॥

अथ पक्वगुणाः

प्रज्ञाः– अब पक्व सुवर्णको गुण बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वर्ण विधत्ते किल रोगनाशं करोति सौख्यं प्रबलेन्द्रियत्वम् ।
शुक्रस्य वृद्धिं बलतेजऋद्धिं क्रियासु युक्तिं च मृतं च हेम ॥४०॥

प्रज्ञाः– राम्ररी युक्तिपूर्व तयार पारिएको पक्व स्वर्णले रोगहरूको नाश गर्दछ । यसले सौख्य प्रदान गर्दछ । इन्द्रियहरू प्रबल या बलवान् बनाइदिन्छ । शुक्रधातुको वृद्धि गरिदिन्छ, बल र तेजलाई बढाइदिन्छ ॥४०॥

अथापक्वदोषाः

प्रज्ञाः– अब अपक्व सुवर्णको दोषबारे बताइन्छ ।

बलं च वीर्यं हरते नराणां रोगव्रजं पोषयतीह काये ॥
असौख्यकारं च सदैव हेम अपक्वदोषान्मरणं करोति ॥४१॥

प्रज्ञाः– यदि सुवर्णको पाक राम्रोसित भएको छैन भने त्यस अपक्व सुवर्णले बल र वीर्यलाई नाश गर्दछ, शरीरमा रोगहरूलाई बढाइदिन्छ । यसले सुख दिदैंन । सुवर्णको अपक्वदोषले मान्छे मर्न पनि सक्तछ ॥

इति हेमभष्म ।

यति सुवर्णभष्मका बारेमा बताइयो ॥

अथ रौप्यमारणविधिः ।

प्रज्ञाः– अब रौप्यभष्म अर्थात् चाँदीको भष्मको बारेमा बताइन्छ ।

तत्रादौ रौप्यसंख्या–

प्रज्ञाः– सबभन्दा पहिले चाँदीको संख्या बताइन्छ ।

त्रिविधं परिकीर्तितं च रूप्यं खनिजं वंगजवेधजे तथैव ।
अवलोक्य रसोदधिंश्च ग्रन्थान् सकलैर्वैद्यवरैर्विशारदैश्च ॥४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञा:– चाँदी तीन किसिमको बताइएको छ –खनिज, वंगज र वेधज। यो संख्या सबै विशारद र श्रेष्ठ वैद्यहरूले रसोदधि आदि ग्रन्थहरूको अवलोकन गरेर बताएका हुन्।

अथ रौप्यपरीक्षा

प्रज्ञा:– अब चाँदीको परीक्षाबारे बताइन्छ।

उभे वंगजं वेधजं चैव ग्राह्ये यतो वै सुशुभ्रत्वमेवं मृदुत्वम्।
अतो ग्राह्यमेवं खनिस्थञ्च रूप्यं यतः श्वेतवर्णं न कौमाल्ययुक्तम्॥४३॥
खनिस्थं खनिजम्।

प्रज्ञा:– वंगज र बेधज दुवै खालका चाँदीहरू ग्रहणयोग्य हुन्छन् तिनीहरूमा शुभ्रता अर्थात् सेतोपना र मृदुत्व वा नरमपना भने हुनुपर्दछ। खनिज चाँदी पनि सेतो वर्णको र कोमलतायुक्त छ भने ग्राह्य नै हुन्छ। नभए अग्राह्य हुन्छ॥४४॥

खनिस्थं खनिजम् खानीमा भएको।

अथ रौप्यदोषाः॥

प्रज्ञा:– अब चाँदीका दोषबारे बताइन्छ।

तापो रोधो भ्रान्तिवान्त्यौ च रूप्ये दोषाः ह्येते शोधनं कीर्तयिष्ये।
तैले तक्रे संक्षिपेत् कुम्भितोये तप्तं वारान्मूत्रवर्गे च सप्त॥४४॥
कुम्भी जलकुम्भी।

प्रज्ञा:– ताप, रोध-अवरोध, भ्रान्ति-भ्रम या चक्कर आउनु, वान्ति-वमन यी अशुद्ध चाँदीका दोषहरू हुन्। अतः चादीलाई शोधन गर्नुपर्दछ। शोधनका लागि तिलको तेलमा, तक्रमा, जलकुम्भीका रसमा, मूत्रवर्गका साथमा सात पटकसम्म तताएर डुबाउनुपर्दछ। यसरी चाँदी मारणका लागि अर्थात् भष्म बनाउनका लागि योग्य हुन्छ॥४४॥

कुम्भी जलकुम्भी जलकुम्भी झार।

अथ रौप्यमारणम्॥

प्रज्ञा:– अब चाँदीको मारण अर्थात् भष्म बनाउने विधिबारे बताइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

तारपत्रसमसूतगन्धके काञ्जिकेन सहिते विलेपयेत् ।
गर्भगुप्तशुभयन्त्रके क्षिपेत् पाचयेच्छशिदिनं सुवन्हिना ।।४५।।
शशिदिनं एकदिनम् ।

प्रज्ञाः– तारपत्र अर्थात् चाँदीको पत्रम बराबर पारद र गन्धकलाई लिएर काञ्जीको सहायताले लेपन गर्नुपर्दछ । यति गरेपछि गर्भयन्त्रमा[१४] राखेर एकदिनसम्म राम्रो आँचमा पकाउनुपर्दछ । यसो गरेपछि चाँदीको भष्म तयार हुन्छ ।।४५।।

शशिदिनं एकदिनम् एक दिनसम्म ।

अथ रौप्यगुणाः

प्रज्ञाः– अब चाँदीको भष्मको गुणबारे बताइन्छ ।

तारं च तारयति रोगसमुद्रपारं देहस्य सौख्यकृदलं पलितापहञ्च ।
हन्तीह रोगविषदोषमलं प्रसह्य वृष्यं पुनर्नवतरं कुरुते चिरायुः ।।४६।।

प्रज्ञाः– तार अर्थात् शुद्ध चाँदीले रोगहरूको समुद्रबाट तार्दछ अर्थात् पार लाउँछ । देहमा सुख पैदा गराउँछ । पलित अर्थात् केश फुलेकोलाई हटाउँछ । विभिन्न रोग, विष, दोष र मललाई नाश गर्दछ । यो वृष्य छ यसले कामशक्तिलाई बढाउँछ र शरीरलाई पुनर्नवीन वा ताजा तुल्याउँदै लामो आयुसम्म बाँच्ने गराउँछ ।।४६।।

अथ ग्रन्थान्तरे गुणाः

प्रज्ञाः– अब ग्रन्थान्तरमा भएका चाँदीका गुणहरूबारे बताइन्छ ।

तारं रोगसमुद्रपारदमहो पित्तापहं वातजित् ।
[१५]..श्लेष्मविषार्तिमेहशमनं क्षुत्कान्तिसन्दायकम् ।।

---

१४ चतुरंगुलदीर्घञ्च त्र्यंगुलोन्मितविस्तराम् । मृण्मयीं सुदृढा मूषां वर्तुलं कारयेन्मुखम् ।। ४ अंगुल लम्बाइ, ३ अंगुल चौडाइ भएको गोलो मुख भएको माटाको भाँडो जसमा पारद र गन्धकको पिष्टी राखेर सन्धिवन्धन गरी त्यसलाई भूसभित्र राखी माथिबाट पनि भूस र गोबरका सूक्ष्मचूर्णले छोपिन्छ अर्थात् गर्भित गरिन्छ र तीन दिनसम्म अग्नि प्रज्वलित गरिन्छ । यो गर्भयन्त्रविधि हो ।

१५ गुल्म ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्वासप्लीहयकृद्वलीपलितजित् पाण्ड्वर्तिशोषापहम् ।
कासक्षीणक्षतक्षयप्रशमनं दीर्घायुषं पुष्टिदम् ॥४७॥

प्रज्ञा:– चादी रोगको समुद्रबाट पार लगाउने खालको हुन्छ। यसले पित्तलाई नाश गर्दछ। यसले वातलाई पनि नाश गर्दछ। कफरोग, विषविकार एवं प्रमेहरोगलाई शमन गर्दछ। यसले भोक जगाउँछ र कान्ति प्रदान गर्दछ। श्वास, कास, प्लीहा, यकृत, वली, पलितका अवस्थाहरूमा यो फाइदाकारक हुन्छ। पाण्डु र शोषरोगलाई पनि यसले नाश गर्दछ। कास-क्षीण-क्षत-क्षयजस्ता रोगहरू यसले शमन गर्दछ। यो दीर्घायुकारक र पुष्टि दिने खालको हुन्छ ॥४७॥

अथापक्वदोषा:

प्रज्ञा:– अब अपक्व चाँदीका दोषबारे बताइन्छ।

तारं च देहस्य करोति तापं विड्गन्धतां यच्छति शुक्रनाशम् ।
अपाटवं वीर्यबलप्रहानिं महागदान्पोषयतीह काये ॥४८॥

प्रज्ञा:– अपक्व चाँदीले शरीरमा ताप बढाउँदछ। दिसालाई दुर्गन्धित बनाउँदछ। शुक्रधातुको नाश गराउँदछ। वीर्य र बलमा हानि पुऱ्याउँदछ। शरीरमा ठुल्ठुला रोगहरूलाई समेत बढाउँदछ ॥४८॥

इति रौप्यविधि: ॥

यति रौप्यका विधिका बारेमा बताइयो।

अथ ताम्रविधि: ॥

प्रज्ञा:– अब तामाका विधिहरू बताइन्छ।

तत्र पूर्वं ताम्रसंख्या लिख्यते ।

प्रज्ञा:– सबभन्दा पहिले तामाका संख्या लेखिन्छ।

म्लेच्छं च नैपालमथो वदन्ति शुल्वं रसज्ञा द्विविधं रसेषु ।
यत्क्षालनाच्छ्यामतमा च कान्तिस्तत् ताम्रकं म्लेच्छकमेव हेयम् ॥४९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यत्क्षालनाद्रक्ततमा च कान्तिर्नैपालकं ग्राह्यमथो भिषग्भिः ।
अतः परं ताम्रसमाश्रितांश्च दोषांश्च वक्ष्ये बहुधा विलोक्य ॥५०॥

प्रज्ञाः– म्लेच्छ र नैपाल दुई थरिका तामा रसका विशेषज्ञहरूले बताएका छन् । जो पखाल्दाखेरि श्यामसेतो चमकयुक्त हुन्छ त्यो म्लेच्छ र अग्राह्य तामा हो । प्रक्षालन गर्दा रातो चमकयुक्त हुने चाहिं नैपाल तामा हो र वैद्यहरूले यसैलाई नै ग्राह्य भनेका छन् । यसपछि ताम्रमा रहेका दोषहरूलाई धेरै किसिमले हेरेर बताइनेछ ॥४९-५०॥

अथ ताम्रदोषाः ॥

प्रज्ञाः– अब तामाका दोषहरूबारे बताइन्छ ।

वान्तिर्भ्रान्तिः संक्लमस्तापशूले कण्डूत्वं वै रेचता वीर्यहन्ता ।
अष्टौ दोषाः कीर्तितास्ताम्रमध्ये तेषां सर्व शोधनं कीर्तयिष्ये ॥५१॥

प्रज्ञाः– वान्ति-वमन, भ्रान्ति-भ्रम या चक्कर आउनु, संक्लम-जिउ गल्नु, ताप-जिउ पोल्नु, शूल-जिउ दुख्नु, कण्डू-जिउ चिलाउनु, रेचता-पखाला लाग्नु, वीर्यहन्ता-वीर्यनाश हुनु यी आठ दोषहरू तामामा रहेका हुन्छन् । अतः तामालाई शोधन गरेर मात्र प्रयोग गर्नुपर्दछ । तामाको शोधनबारे अब बताइन्छ ॥५१॥

अथ शोधनमाह ॥

प्रज्ञाः– अब तामाको शोधनबारे बताइन्छ ।

तक्रे तैले धेनुमूत्रे च वान्तिं भ्रान्तिं हन्यात् काञ्जिके कुलत्थाम्भः ।[१६]
वज्रीदुग्धं धेनुदुग्धं क्लमं यत् तापं हन्यात् तिन्तिडी निम्वुतोयम् ॥५२॥
शूलं हन्यात् कन्यका शीर्षतोयम् हन्याद् दुग्धं गोघृतं कण्डुतां च ।
रेचं हन्यात् सौरणं मस्तुतोयं क्षौद्रं द्राक्षा वीर्यहन्तारमाशु ॥५३ ॥
कन्यका घृतकुमारी । शीर्षतोयं शिरीषरसः ।

प्रज्ञाः– तक्र, तिलको तेल र गहुँतले शोधन गर्दा वान्तिदोष हटाउँदछ । काञ्जी, गहतको

१६ *वै कुलत्थे ?*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दाल, सिउँडीको दुध र गाईको दुधले शोधन गर्दा संक्लमदोष हरण गर्दछ। तिन्तिडी (अमिली) र कागतीको रसले शोधन गरेमा तापदोष नाश गर्दछ। घिउकुमारी र शिरीषको रसले शोधन गरेमा शूल नाश गर्दछ। गाईको दुध र घिउले शोधन गरेमा कण्डूदोषलाई हटाउँदछ। सूरण र मस्तुले शोधन गर्दा विरेचनदोषलाई नाश गर्दछ। मह र दाखले शोधन गरेमा वीर्यहरणदोषको नाश गर्दछ॥ ५२-५३॥

कन्यका घृतकुमारी घिउकुमारी, **शीर्षतोयं शिरीषरसः** शिरीषको रस।

तप्तानि तप्तानि च पत्रकाणि ताम्रस्य सूक्ष्माणि विशोधयेद् वै।
सप्तैव वारांश्च पृथक् पृथग्वै ततः परं, शुद्धतराणि नूनम्॥५४॥
पत्राणि तान्येव सुखल्वमध्येऽप्यर्द्धेन मूत्रेण च निम्बुतोयैः।
विमर्दयेद् वैद्यमतिश्च गाढं गुणान्वितः श्वेततराणि यावत्॥५५॥
सुशुद्धगन्धं द्विगुणं सुमन्दं विमर्दयेद् धान्यरसेन सार्द्धम्।
प्रलेपयेत्तानि च पत्रकाणि क्षिपेत्ततो दाढर्चयुतं स्वमध्ये॥५६॥
निरुह्य तान्येन शरावकेण प्रपूरयेद् वालुकया च भूत्या।
वन्हिर्विदेयोऽथ शनैश्शनैर्वा यामैश्चतुर्भिम्रियते हि शुल्वम्॥५७॥
पिष्ट्वार्द्धगन्धेन पुनश्च खल्वे सम्भावयेत्सूरणजद्रवेण।
एके दिने निर्ज्वलने विदेयः शरावकैरेव गजाह्वयन्त्रे॥५८॥
ततो विदेयाः खलु पञ्चभागाः पृथक् पृथक् तैः शुभपञ्चगव्यैः।
ईषद्विदेयं खलु गन्धकोऽसौ पुटे पुटेनात्र विचारणीयम्॥५९॥
क्षौद्रस्य खण्डस्य पुटो विदेयस्ततः परं शुद्धतरं हि शुल्वम्।
मयूरकण्ठाभमिदं यदा चेत्तत्ताम्रकं शुद्धतमं वदन्ति॥६०॥
खण्डस्य सितायाः।

प्रज्ञाः– साना साना टुक्रा बनाइएका ताता ताता तामाका पातालाई राम्ररी केलाएर सात पटकसम्म तैल-तक्र आदिमा छुट्टाछुट्टै डुबाएपछि तामा राम्ररी शुद्ध हुन्छ। तिनै शुद्ध तामाका पत्रहरूलाई उपयुक्त खलमा राखेर आधा आधा भाग गहूँत र कागतीको रसका साथ तबसम्म मर्दन गर्नुपर्दछ जबसम्म गाढा र सेतो हुँदैन। त्यसपछि दुई गुना शुद्ध गन्धक राखेर धनियाँको रसका साथ विस्तारै मर्दन गर्नुपर्दछ। यसलाई अघिको शुद्ध ताम्रपत्रमा लेपन गर्नुपर्दछ र अनि शरावसम्पुटमा राखेर वालुकायन्त्रमा हाल्नुपर्दछ। विस्तारै विस्तारै मन्द आँच दिँदै चार यामसम्म पकाएपछि तामा मृत हुन्छ र ताम्रभष्म तयार हुन्छ। यसपछि आधा भाग गन्धकका साथ फेरी पनि खलमा राखेर सूरणरसको भावना दिनुपर्दछ। त्यसपछि एक दिन शरावसम्पुटमा राखेर गजपुट दिनुपर्दछ। सेलाएपछि पञ्चगव्यका साथ पाँच भावना दिएर प्रत्येक पुटमा गन्धक पनि दिँदै जानुपर्छ। त्यसपछि मह र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिश्रीको पनि पुट दिनुपर्दछ। यसरी विचारपूर्वक र सावधानीपूर्वक पुट दिएपछि मयूरको कण्ठजस्तै चमक भएको शुद्धतम तामाको भस्म प्राप्त हुन्छ ।।५४-६०।।

यत्सेवितं चेद् वितनोति वान्तिं गोदुग्धकेनैव विशोधयेत ।।
कृष्णामधुभ्यां परिसेवयेद् वै विहाय ग्रीष्मं शरदं च नूनम् ।।६१।।

प्रज्ञाः– सेवन गर्दा वमन भयो भने गोदुग्धले नै शोधन गर्नुपर्दछ। ग्रीष्म र शरद् ऋतुलाई छोडेर अरू ऋतुहरूमा यसको सेवन पिप्ला र महसित मिलाएर गर्नुपर्दछ।

अन्य ताम्रगुणाः ।।

प्रज्ञाः– अब तामाको गुणबारे बताइन्छ।

कुष्ठप्लीहज्वरकफमरुच्छ्वासकासार्तिशोफान् ।
तन्द्राशूलोदरकृमिवमीन् पाण्डुमेहातिसारान् ।।
अर्शोगुल्मक्षयभ्रमशिरोव्याधिमेहादिहिक्कान् ।
शुद्धं शुल्वं हरति सततं वन्हिवृद्धिं करोति ।।६२।।

प्रज्ञाः– शुद्ध तामाले कफ र वायुको शमन गर्छ, कुष्ठ, प्लीहा, ज्वर, श्वास, कास, शोफ, तन्द्रा, शूल, उदर, कृमि, वमन, पाण्डु, प्रमेह, अतिसार, अर्श, गुल्म, क्षय, भ्रम, शिरोरोग, हिक्कारोगहरूलाई हरण गर्नुका साथै अग्निलाई पनि बढाउँदछ ।।६२।।

अथान्यग्रन्थे गुणाः ।

प्रज्ञाः– अन्य ग्रन्थमा बताइए अनुसार तामाका गुणहरू

वन्हिं प्रदीपयति नाशयतीह कुष्ठं अर्शांसि पाण्डुगदमेहगदं सशोफम् ।
अन्यांश्च दुस्तरगदानखिलांस्तनूत्थान् ताम्रं प्रयुक्तमचिराच्च निहन्ति शीघ्रम् ।।६३।।

प्रज्ञाः– शुद्ध तामाले अग्निलाई बढाउँदछ, कुष्ठलाई नाश गर्दछ, अर्श-पाण्डु-प्रमेह-शोफ लगायत अनेक दुस्तर रोगहरूलाई नाश गर्दछ ।।६३।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथापक्वदोषः ॥

प्रज्ञाः– अब ताम्रको अपक्व दोषबारे बताइन्छ ।

पाकेन हीनं वमनं करोति विरेचनं तापमदोऽतिमूर्च्छाम् ।
हन्त्यायुरुच्चैर्भ्रममोहपाकं शुक्रापहं मेहबलापहारि ॥६४॥

प्रज्ञाः– अपक्व ताम्रले वमन, विरेचन, ताप, मद, मूर्च्छा गराउँदछ । तीव्र भ्रम, मोह र पाकका साथै आयुहरण समेत गर्नसक्तछ । अपक्व ताम्र शुक्रनाशक र बलनाशक पनि हुन्छ ॥

इति ताम्रविधिः।

यति ताम्रका विधिबारे बताइयो ।

अथ लौहविधिर्लिख्यते–

प्रज्ञाः– अब लौहविधिबारे लेखिन्छ ।

कान्तं तीक्ष्णं वाथ मुण्डं तृतीयं त्रैधं लोहं बुद्धिमन्तो वदन्ति ।
दिव्यं मध्यं चाधमं सम्वदन्ति ग्राह्यं तस्मात्कान्तलोहं भिषग्भिः॥६५॥
कान्ताभावे तीक्ष्णलौहञ्च ग्राह्यं तल्लौहं वै संमृदुत्वं विधत्ते ।
मुण्डं त्याज्यं सर्वथा नैव ग्राह्यं यस्मान्मुण्डे भूरिदोषा वदन्ति ॥६६॥

प्रज्ञाः– कान्त, तीक्ष्ण र मुण्ड गरी तीन किसिमका लौहहरू बुद्धिमान्हरूले बताएका छन् । कान्तलौह[१७] दिव्य, तीक्ष्ण लौहलाई मध्यम र मुण्डलौहलाई अधम मानिएको छ । यसैले वैद्यहरूले कान्तलौहलाई ग्राह्यलौह भनेर मानेका छन् । कान्तलौहको अभावमा तीक्ष्णलौह पनि ग्राह्य हुन्छ । तर त्यो लौहमा मृदुत्व भने हुनुपर्दछ । मुण्डलौह सर्वथा त्याज्य हुन्छ र यसलाई ग्रहण गर्नुहुँदैन किनभने मुण्डलौहमा धेरै धेरै दोषहरू हुन्छन् ॥६५-६६॥

अथ दोषाः

प्रज्ञाः– अब लौहका दोषबारे बताइन्छ ।

१७ *चुम्बकलाई कान्तलौह भनिएको हो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरलं क्लमकान्तिवीर्यहा निः । इति दोषाः प्रवदन्ति लोहके ॥
अथ शोधनभावकान् पुटान् विधिनैकेन वदन्ति सूरयः ॥६७॥

प्रज्ञाः– विषदोष, क्लमदोष, कान्तिनाश र वीर्यहानि यति दोषहरू लोहाका हुन्छन् भनेर बताइएको छ । यसैले शोधन, भावना र पुटहरू विद्वानूहरूले बताएका छन् ॥६७॥

अन्यच्च

प्रज्ञाः– लोहाका प्रकार बारे अन्य कुराहरू

कान्तलोहं चतुर्धोक्तं रोमकं भ्राजकं तथा ।
चुम्बकं द्रावकं चेति गुणस्तस्योत्तरोत्तरम् ॥६८॥
मुण्डादिसर्वलोहानि ताम्रवच्छोधयेत्सुधीः ।
त्रयोदशपलादूर्ध्वं ननु चेत् षट्पलादधः ॥६९॥
लोहपाकस्त्रिधा प्रोक्तो मृदुर्मध्यः खरस्तथा ।
पंकशुष्कौरसौ पूर्वौ बालुकासदृशः खरः ॥७०॥
लोहपत्रं गन्धलिप्तं वन्हौ तप्तं पुनः पुनः ।
क्षिपेन् मीनाक्षिजे नीरे यावत्तन्नावशीर्यते ॥७१॥
रसहिंगुलगन्धेन तुल्यं तन्मर्दयेद् दृढम् ।
निर्गुण्डी वृषमत्स्याक्षीरसैर्गजपुटान्मृतिः ॥७२॥
लौहचूर्णं वटक्वाथे पिण्डं कृत्वा पुनः पुनः ।
षोडशांगुलमात्रेण निर्वाते गर्भपूरयेत् ॥७३॥
चतुःषष्ठिपुटैरेवं जायते पद्मरागवत् ।
निरुत्थाम्बुतरं योगवाही स्यात्सर्वरोगहृत् ॥७४॥

प्रज्ञाः– कान्तलौह रोमक, भ्राजक, चुम्बक र द्रावक गरी चार प्रकारको छ । यिनीहरू गुणमा पहिलोभन्दा दोस्रो, तेस्रो, चौथो क्रमशः बढी अर्थात् उत्तरोत्तर गुणवान् हुन्छन् । मुण्ड आदि सबै लौहहरूलाई तामाको जस्तै गरी शोधन गर्नुपर्दछ । १३ पलभन्दा माथि र ६ पलभन्दा कम गर्नु पनि हुँदैन । मृदु, मध्य र खर गरी लोहपाक तीन किसिमका छन् । हिलोजस्तोलाई मृदुपाक, सुकेकोलाई मध्यपाक र बालुवाजस्तो भएकोलाई खरपाक भन्दछन् । लौहपत्रलाई गन्धकले लेपन गरेर त्यसलाई तताउँदै तताउँदै जलीयांश नाश नहुञ्जेलसम्म मीनाक्षी(ब्राह्मी)जलको साथमा मर्दन गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पारद गन्धक र हिंगुललाई जस्तै मर्दन राम्ररी गर्नुपर्दछ। त्यसपछि निर्गुण्डी र वृषमत्स्याक्षी(असुरो) र मत्स्याक्षीका रसमा भावना दिएर गजपुटको आगोमा पकाएपछि यसको मारण हुन्छ। लौहचूर्णलाई वटको क्वाथमा पिण्ड बनाएर निर्वातस्थानमा १६ अंगुलको नापको गर्भयन्त्र बनाउनुपर्दछ र त्यसमा ६४ पुट दिएपछि पद्मरागमणिजस्तै निरुत्थ गुण भएको, वारितर सर्वरोगनाशक एवं योगवाही लौहभष्म तयार हुन्छ ॥६८-७४॥

अथ लौहजनिरक्षामन्त्रम् ॥

प्रज्ञाः– अब लौहज रक्षामन्त्र बताइन्छ।

ॐ अमृतोद्भवाय फट्।

अथ लौहमर्दनमन्त्रम् ॥

प्रज्ञाः– अब लौह मर्दन मन्त्र बताइन्छ।

ॐ अमृतोद्भवाय स्वाहा ॥

अथ बलिदानमन्त्रम्

प्रज्ञाः– अब बलिदान मन्त्र बताइन्छ।

ॐ नमश्चण्डवज्राय नजेमहायक्षसेनाधिपतये
कुरु कुरु महाविद्याविलाय स्वाहा ॥

अथ भक्षणमन्त्रम् ॥

प्रज्ञाः– अब लौहभक्षण मन्त्र बताइन्छ।

ॐ अमृतं भक्षयिष्यामि स्वाहा ॥

अथ लौहसेवने वर्जितानि ॥

प्रज्ञाः– अब लौह सेवनमा वर्जित कुरा बताइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कूष्माण्डं तिलतैलञ्च माषान्नं राजिकां तथा ।
मद्यमम्लरसं शाकं लोहसेवी न भक्षयेत् ॥
नाश्नीयात् कदलीकन्दं काञ्जिकं करमर्दकम् ।
करीरं कारवेल्लं च षट् ककाराणि वर्जयेत् ॥ ७५॥

प्रज्ञाः– कुभिण्डो, तिलतैल, माष, रायो, मद्य, अम्ल, शाक यति कुरा लौहसेवन गरिरहेकाले गर्नुहुँदैन । कूष्माण्ड, कदलीकन्द, काञ्जिक, करमर्द, करीर, कारवेल्ल यी ६ कबाट नाम हुने खाद्य पनि छोड्नुपर्छ । ॥७५॥

अथ गुणाः ॥

प्रज्ञाः– अब लौहका गुणबारे बताइन्छ ।

लोहं मृतं कज्जलसन्निभं तु भुंक्ते सदा यो रसराजयुक्तम् ।
तस्यैव देहे नभवन्ति रोगाः मृतोऽपि कामः पुनरेति धाम ॥७६॥

प्रज्ञाः– मृतलौह जो कज्जलजस्तै हुन्छ त्यसलाई जो पारदका साथ सेवन गर्दछ त्यसको देहमा रोगहरू हुँदैनन् । उसको शरीरमा कामशक्ति मरिसकेको भए पनि पुनः जागृत हुनजान्छ ॥७६॥

अथ ग्रन्थान्तरे गुणाः ॥

प्रज्ञाः– अब ग्रन्थान्तरमा बताइएका लौहका गुणबारे बताइन्छ ।

लोहो जन्तुविकारपाण्डुप्रभवक्षीणत्वपित्तामय–
स्थौल्यार्शोग्रहणीज्वरार्तिकफजिच्छोफप्रमेहप्रणुत् ॥
गुल्मप्लीहविषापहं बलकरं कान्ताजनानन्दकम् ।
सौख्यालंबि रसायनं मृतिहरं दृष्टेश्च कान्तिप्रदम् ॥७७॥
आमवातगदशोफशोषणं पाण्डुमेहगदनाशने गजः ॥
दुष्टकुष्ठपलितान्तवातजित् स्याज्जरामृतिवलीविनाशनः ॥७८॥
सशोफपाण्डुक्षयकामलामयप्रमेहहावीरहलीमकानि ॥
तत्केवलं लोहमिदं निहन्ति निषेवितं ह्यात्मवता नरेण ॥७९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– लौह जन्तुविकार, पाण्डुरोग, क्षीणता, पित्तविकार, स्थौल्य, अर्श, ग्रहणी, ज्वर, कफविकार, शोफ, प्रमेह, गुल्म, प्लीहा, विषविकार आदिको नाशक हुन्छ। यो बलकारक, सुन्दरीका लागि आनन्ददायक, सुखकारक, रसायन, मृत्युनाशक र दृष्टिकान्तिवर्द्धक हुन्छ। आमवात, शोफ, शोफ नाश गर्ने, पाण्डु, प्रमेहरोगनाश गर्नका लागि हात्तीसमान, दुष्टकुष्ठ पलित र वातरोगनाशक र जरामृत्यु र वलीको नाशक हुन्छ। शोफ, पाण्डु, क्षय, कामला आदिरोग र प्रमेह रोगलाई यसले नाश गर्दछ। त्यसैगरी हलीमक आदि रोगमा पनि आत्मविश्वासी र संयमी मानिसले लौह सेवन गरेमा सञ्चो हुन्छ ॥७७-७९॥

अथान्यग्रन्थे ॥

प्रज्ञाः– अब अन्य ग्रन्थमा लौहका बारेमा बताइएका कुराहरू बताइन्छ।

आयुप्रदाता बलवीर्यकर्ता रोगापहन्ता मदनस्य कर्ता।
अयः समानं न हि किञ्चिदन्यद्रसायनं श्रेष्ठतमं वदन्ति ॥८०॥
पाण्डुं खण्डयति क्षयं क्षपयति क्षैण्यं क्षिणोति क्षणात्।
कासं नाशयति भ्रमं शमयति श्लेष्मामयं खादति ॥
अर्शोगुल्मसमूलपीनसमयं श्वासप्रमेहारुचिम्।
शीघ्रं नाशयति प्रभूतगुणवल्लोहं परम्मारितम् ॥८१॥

प्रज्ञाः– आयु प्रदान गर्ने, बल र वीर्य प्रदान गर्ने, रोगलाई नाश गर्ने, कामशक्तिकारकमा लौहसमान रसायनमा श्रेष्ठ अरू केही पनि छैन। यसले पाण्डुरोगलाई तोड्दछ। क्षय रोगलाई फ्याँक्दछ । क्षीणतालाई क्षीण(नाश) गर्दछ। यसले कासलाई नाश गर्दछ। भ्रमलाई शमन गर्दछ, कफविकारलाई खान्छ। अर्श, गुल्मलाई समूल नष्ट गर्दछ। पीनस, श्वास, प्रमेह,अरुचिलाई छिटै नाश गरिदिन्छ। यसरी राम्ररी तयार गरिएको लौह भष्म धेरै गुणहरूले युक्त हुन्छ ॥८०-८१॥

इति लोहविधिः।

यति लौहविधिबारे बताइयो ॥

अथ वंगविधिः ॥

प्रज्ञाः– अब वंगविधिबारे बताइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

तत्र पूर्वं वंगसंख्या लिख्यते ॥

प्रज्ञाः– पहिले वंगको संख्याबारेमा लेखिन्छ।

द्विधापि वंगः कथितः खनीजो मिश्रोऽथ वैद्यैः शुचिबुद्धिमद्भिः ॥
मिश्रे हि दोषा बहवो वसन्ति ग्राह्यः खनीजो यदि शुभ्रकोऽसौ ॥८२॥

प्रज्ञाः– निर्मल बुद्धि भएका वैद्यहरूले खनिज र मिश्र गरी दुई थरिका वंग बताएका छन्। मिश्र वंगमा नै धेरै दोषहरू हुने गर्दछन् । त्यसकारण शुभ्रवर्णको खनिज वंगलाई ग्रहण गर्नुपर्दछ ॥८२॥

अथ वंगदोषाः ॥

प्रज्ञाः– अब वंगदोषबारे बताइन्छ।

वान्तिः भ्रान्तिः शुक्रनाशोऽथ तापो वंगे दोषाः सूरयः संवदन्ति ॥
नानाशास्त्राण्यवलोक्यैव बुद्धया तेषां शुद्धिं कीर्तयिष्ये सुखाय ॥८३॥

प्रज्ञाः– वान्ति-वमन, भ्रान्ति-भ्रम, शुक्रनाश, ताप यी वंगका दोषहरू हुन् भनेर विद्वानूहरू बताउँदछन् । बुद्धिपूर्वक नानाशास्त्रहरूको अवलोकन गरेर नै यी दोषहरूको शुद्धिका उपायहरू बताइन्छ ॥८३॥

अथ वंगशोधनम् ॥

प्रज्ञाः– अब वंगशोधनबारे बताइन्छ।

शुभे मूत्रवर्गेऽम्लवर्गे बहूनां जले क्षारतोये च वज्र्यर्कदुग्धे।
ततः क्षालयित्वा कदम्बस्य नीरे शुभे क्षालयेत्तप्तकं सप्तवारम् ॥८४॥

प्रज्ञाः– मूत्रवर्ग, अम्लवर्ग, क्षारजल, वज्रीदुग्ध, अर्कदुग्ध, कदम्बरस यी सबैमा तताएर सात पटक प्रक्षालन गरेपछि वंग शुद्ध हुन्छ ॥८५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ मारणम् ॥

प्रज्ञाः– अब वंगको मारणबारे बताइन्छ।

त्रपु शुद्धं सुदृढं सुपारदेन शुभदुग्धेन रवेर्दशांशकेन ॥
दृढदण्डेन च दाडिमोद्भवेन घृषितं मृत्युमुपैति खर्परेग्नौ ॥८५ ॥

प्रज्ञाः– शुद्ध वंगलाई पारदका साथ राम्ररी आँकको दुधमा दाडिमको दण्डले घोटेर फलामको भाँडोमा राखी अग्निमा पाक गरेपछि वंग भष्म तयार हुन्छ ॥८५॥

अथ वंगगुणाः ॥

प्रज्ञाः– अब वंगका गुणबारे बताइन्छ।

सकलमेहसमीरणनाशकृद् भ्रमकफक्षयपाण्डुविनाशनः ॥
श्वसनशूलयकृद्वमनार्तिहृत् प्रदरमेव निहन्ति सुवंगकः ॥८६॥

प्रज्ञाः– समस्त प्रमेह र वातविकार नाश गर्ने, भ्रम-कफ-क्षय-पाण्डु-रोगलाई नाश गर्ने, श्वास-शूल-यकृत-वमनरोगहरूमा उपयोगी र प्रदररोगलाई समेत सञ्चो गर्ने राम्ररी शुद्ध गरी बनाइएको वंगभष्मका गुण हुन् ॥८७॥

तत्र ग्रन्थान्तरे

प्रज्ञाः– अब ग्रन्थान्तरमा वंगका बारेमा बताइएका कुराहरू बताइन्छ।

आयुःप्रदाता बलवीर्यकर्ता रोगापहन्ता मदनस्य कर्ता ॥
वंगेन तुल्यं न च किञ्चिदन्यद् रसायनं श्रेष्ठतमं नराणाम् ॥८७॥
बल्यं दीपन-पाचनं रुचिकरं प्रज्ञाकरं शीतलम्।
सौन्दर्यैकविवर्द्धनं द्रुततरं नीरोगताकारणम् ॥
धातुस्थैर्यकरं क्षयक्षयकरं सर्वप्रमेहापहम्।
वंगं भक्षयतो नरस्य नभवेत् स्वप्नेऽपि शुक्रक्षयः ॥८८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– शुद्ध वंगभष्मलाई आयुप्रदाता, बलवीर्यकर्ता, रोगनाशक, कामशक्तिकारक बताइएको छ। रसायनमा वंगभष्मबाहेक अरू कुनै श्रेष्ठतम औषधि छैन। यो वंग भस्म बल्य, दीपन, पाचन, रुचिकर, बुद्धिवर्द्धक, शीतल, सौन्दर्यवर्द्धक, चाँडै नै निरोगी गराउने, धातुमा स्थिरता ल्याउने, क्षयरोगनाशक, सबै प्रमेहहरू नष्ट गर्ने हुन्छ। वंगको सेवन गर्ने मानिसको स्वप्नमा पनि शुक्रको क्षय (स्खलन) हुँदैन ॥८८॥

अथापक्वदोषाः।

प्रज्ञाः– अब अपक्ववंगका दोषहरू बताइन्छ।

पाकेन हीनः खलु वंगकोऽसौ कुष्ठानि गुल्मानि महान्ति रोगान्।
पाण्डुप्रमेहापचिवातशोणितं बलापहारं कुरुते नराणाम् ॥८९॥

प्रज्ञाः– राम्ररी पाक नगरिएको वंगभष्मले कुष्ठ, गुल्म, पाण्डु, प्रमेह, अपची, वातरक्त जस्ता ठूला रोगहरू लाग्दछन्। अपक्व वंगको प्रयोगले बलको पनि नाश गर्दछ ॥८९॥

अथ वंगेश्वरविधिर्लिख्यते।

प्रज्ञाः– अब वंगेश्वरको विधिबारे लेखिन्छ।

चतुर्विभागो मृतवंगकस्याप्येको विभागो मृतपारदस्य ॥
भागद्वयं वै मृततालकस्य ह्येको विभागो मृतशंखकस्य ॥९०॥
सर्वस्य चूर्णं सह काञ्जिकेन विमर्दयेत् सम्परिपाचयेद् वै ॥
शरावके वासरतः सुवन्हौ वंगेश्वरः स्याच्च गजाह्वयन्त्रे ॥९१॥

प्रज्ञाः– वंगभष्म चार भाग, एक भाग पारद भष्म, दुई भाग हरिताल भष्म, एक भाग शंख भष्म यी सबैको चूर्णलाई एकत्र गरेर काञ्जीका साथ मर्दन गर्ने। त्यसपछि त्यसलाई शरावसम्पुटमा राखेर गजपुटमा उपयुक्त अग्निले पाक गरेपछि वंगेश्वररस तयार हुन्छ ॥९०-९१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ गुणाः

भ्रमतमककफे वा श्वासकासक्षये वा
विषरुधिरककीले वातपित्तप्रमेहे।
ज्वरग्रहणिसशूले कुष्ठपाण्ड्वल्पवीर्ये
बहुगदवतिशस्तो रम्यवंगेश्वरोऽसौ ॥९२॥

प्रज्ञाः– भ्रम, तमकश्वास, कफविकार, श्वास, कास, क्षय, विषविकार, रक्तविकार, वातविकार, पित्तविकार, प्रमेहरोग, ज्वर, ग्रहणी, शूल, कुष्ठ, पाण्डू, अल्पवीर्यता र यस्ता धेरै रोगमा समेत वंगेश्वर रस प्रशस्त र उपयुक्त छ ॥९२॥

इति वंगेश्वरविधिः

यति वंगेश्वरको विधिबारे बताइयो।

अथ नागविधिः

प्रज्ञाः– अब नागको परिचय, शोधन आदिको विधिबारे बताइन्छ।

तत्र नागाश्रितौ दोषौ कथ्येते।

प्रज्ञाः– सबभन्दा पहिले नागमा रहेका दुई दोषहरूबारे बताइन्छ।

भुजंगमे द्वौ कथितौ च दोषौ वान्तिश्च तापोऽथ विचार्य बुद्ध्या।
तच्छोधनं सम्परिकीर्तयिष्ये यच्छोधने दोषविवर्जितं स्यात् ॥९३॥

प्रज्ञाः– नागमा दुई दोषहरू रहेका छन्– वान्ति वा वमन र भ्रान्ति या भ्रम अर्थात् चक्कर लाग्नु। यिनीहरूको बारेमा बुद्धिमानीपूर्वक विचार गरेर त्यसको शोधनविधिबारे बताइन्छ जस्ले गर्दा नाग दोषरहित होस् ॥९३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ नागशोधनम् ॥

प्रज्ञाः– अब नागशोधनबारे बताइन्छ।

फलत्रितयकषाये वै कुमारीरसे वा करिवरसलिले वा गालयेत् सप्तवारान्।
खदिरदहनतप्तं लोहपात्रे स्थितं स्यात् तदनु सपदि नागो जायते शुद्धभावम् ॥९४॥
खदिरदहनतप्तं खदिरकाष्ठाग्नौ तप्तम्।

प्रज्ञाः– खयरका दाउरा बालेर तताइएको र फलामको भाँडोमा राखिएको नागलाई त्रिफलाकषायमा, कुमारीरसमा, करिवरजलमा (हात्तीको मूत्रमा) सात पटकसम्म गालन गरेर (डुबाएर) पकाएपछि नाग शुद्ध हुन्छ ॥९४॥
खदिरदहनतप्तं खदिरकाष्ठाग्नौ तप्तम् = खयरका दाउरा बालेर तताइएको।

अथ नागमारणम्

प्रज्ञाः– अब नागको मारणबारे बताइन्छ।

भुजग एव हि शुद्धसुखर्परे द्विगुणशुद्धमनःशिलया सह ॥
सुदृढकिंशुककाष्ठसुदर्विणा सपदि मृत्युमुपैति विघर्षितम् ॥९५॥
ईषच्छिलानागलतारसेन सार्द्धं विमर्द्यैव पुनः पुनश्च ॥
एवं हि द्वात्रिंशपुटैः शरावैः निरुत्थतां याति भुजंगमोऽपि ॥९६॥

प्रज्ञाः– नागलाई दुईगुना शुद्ध मनःशिलासित दह्विला पलाशका दर्विका(दाविलो)ले चलाएर घोटेमा नागभष्म तयार हुन्छ। मनःशिला र ताम्बूल(पान)को पत्रको स्वरसका साथ मर्दन गरी बत्तीस पटक पुट दिएमा पनि नागको भस्म तयार हुन्छ ॥९५-९६॥

अथ नागगुणाः ॥

प्रज्ञाः– अब नागभष्मका गुणबारे बताइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्षयपवनविकारे गुल्मपाण्ड्वामयेषु भ्रमकृमिकफशूले मेहकासामयेषु ।
ग्रहणिगुदगदे वै नष्टवन्हौ प्रशस्तः शुभविधिकृतनागः कामकात्स्न्र्यं ददाति ॥९७॥

प्रज्ञाः– क्षयरोग, वातविकार, गुल्म, पाण्डुरोग, भ्रमरोग, कृमिरोग, कफरोग, शूलरोग, प्रमेहरोग, कासरोग, ग्रहणीरोग, गुदविकार तथा अग्निमान्द्य जस्ता रोगहरूमा विधिवत् निर्मित नागभष्मले फाइदा गर्दछभने यसले प्रशस्त कामशक्ति पनि दिन्छ ॥९७॥

अथान्यग्रन्थे

प्रज्ञाः– अब अन्य ग्रन्थमा बताइएको नागको गुणबारे बताइन्छ ।

नागो हि नागशततुल्यबलं ददाति व्याधींश्च नाशयति जीवितमातनोति ।
वायुं कृमीनपि निहन्ति सतिक्तमेवं वृष्यं च पित्तकरमाशु मृतिं निहन्ति ॥९८॥

प्रज्ञाः– नागले शयवटा नाग(हात्ती)को बराबर बल दिन्छ । यसले व्याधिहरू नाश गर्दछ र जीवन प्रदान गर्दछ । वायुविकार, कृमिलाई नाश गर्दछ । यो तिक्त भएर पनि पित्तकारक छ र वृष्य पनि छ । यसले चाँडै मृत्यु हुन दिदैन ॥९८॥

अथापक्वदोषाः ॥

प्रज्ञाः– अब नागको अपक्व दोषबारे बताइन्छ ।

कुष्ठानि गुल्मारुचिपाण्डुरोगाः क्षयं कफं रक्तविकारकृच्छ्रम् ।
ज्वराश्मरीशूलभगन्दराद्यं नागं ह्यपक्वं कुरुते नराणाम् ॥९९॥

प्रज्ञाः– अपक्व नागभष्मको प्रयोगले कुष्ठ, गुल्म, अरुचि, पाण्डुरोग, क्षय, कफ, रक्तविकार, मूत्रकृच्छ्र, ज्वर, अश्मरी, शूल, भगन्दर आदि रोगहरू गराउँदछ ॥९९॥

अथ नागेश्वरविधिः

प्रज्ञाः– अब नागेश्वरविधिबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मृतभुजंगमचूर्णपलद्वयं दरदशुद्धरसोऽपि पलद्वयम् ॥
पलचतुर्थविभागमनःशिला सकलचूर्णसमोऽमलगन्धकः ॥१००॥
तदनु निम्वरसेन विमर्दयेत् गजपुटे पुटितो दृढसम्पुटे ॥
वनशिलाभियुतैर्दिनमेकतो भुजगमो ननु नागपतिर्भवेत् ॥१०१॥
वनशिलाभियुते वनोपलयुते गजपुटे ।

प्रज्ञाः– नागभष्म दुई पल, शुद्ध हिंगुलबाट निकालेको शुद्ध रस दुई पल, मनःशिला चार पला, यी सबैको चूर्ण बराबर शुद्ध गन्धक मिलाएर कागतीको रसमा मर्दन गर्ने । त्यसपछि बलियो शरावसम्पुट बनाएर राखी एक दिनसम्म वन्योपल[१८] हालेर गजपुटको आगोले पकाएमा नागेश्वररस तयार हुन्छ ॥१००–१०१॥
वनशिलाभियुते वनोपलपुते गजपुटे = वन्योपल हालेर तयार पारिएको गजपुर ।

अथ नागेश्वरगुणाः ॥

प्रज्ञाः– अब नागेश्वरका गुण बताइन्छ ।

यो नागराजं रजनीविरामे ताम्बूलपत्रैःसह सेवयेद् वै ।
वल्लद्वयं पिप्पलिकायुतं वै स्त्रीणां सहस्रेण न तृप्तिमेति ॥१०२॥

प्रज्ञाः– जो नागेश्वरलाई रात जानेबितिक्कै पानको पात र दुई वल्ल पिप्लाका साथ सेवन गर्दछ त्यो हजार स्त्रीहरूलाई समेत तृप्ति दिनसक्तछ ॥१०२॥

अथ ग्रन्थान्तरे

प्रज्ञाः– अब ग्रन्थान्तरमा बताइएको नागेश्वरको गुणबारे बताइन्छ ।

अतिमेहरुजं सकामलं वा गुणरागं च समीरणभ्रमं वा ॥
श्वसनक्षयपाण्डुमन्दवह्नीन् भुजगेन्द्रः सततं निहन्ति शीघ्रम् ॥१०३॥

प्रज्ञाः– अतिमेह अर्थात् प्रमेहरोग, कामलारोग, वातरोग, श्वसनविकार, क्षयरोग, पाण्डुरोग मन्दाग्निरोगहरूलाई शीघ्र विनाश गर्ने गुण सदैव नागभस्ममा रहेको हुन्छ ॥१०३॥

---

१८ गाईले बनमा नै गोबऱ्याएर गाइकै खुट्टाले कुल्चिएर मुछिएको र त्यसपछि बनमा नै सुकेर तयार भएको प्राकृतिक गुइँठालाई वन्योपल भन्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथारविधिः।

प्रज्ञाः– अब आर (पित्तल)को विधिबारे बताइन्छ।

तत्रादौ आरशोधनम्॥

प्रज्ञाः– सबभन्दा पहिले आरशोधनबारे बताइन्छ।

अद्वितीये भुजंगारे कथिते भिषजाम्वरैः।
शोधनं कीर्तयिष्येऽहमारस्य विधिपूर्वकम्॥१०४॥
कौलत्थाम्भे तक्रतैले तथैव मूत्रे पश्चाद् काञ्जिके संक्षिपेद् वा।
ऊष्णान्युष्णान्यारपत्राणि वह्नौ शुद्धान्येवं सम्भवेयुस्तदानीम्॥१०५॥

प्रज्ञाः– भुजंगारको बारेमा भिषग्वरहरूले बताइसकेका छन्। अहिले म आरको शोधनबारे विधिपूर्वक बताउँछु भनेर ग्रन्थकार यहाँ आरशोधनबारे बताउँदछन्। तातातातो आरपत्र (पित्तलका पत्रहरू) आगोमा सेकाउँदे कुलत्थक्वाथ अथवा गहतको दालमा, तक्रमा, तेलमा, गहुँतमा, काञ्जीमा हालेर गालन गरेपछि आर शुद्ध हुन्छ ॥१०४-१०५॥

अथारमारणम्॥

प्रज्ञाः– अब आरको मारणबारे बताइन्छ।

आरस्य पत्राणि विलेपयेद् वै सूर्यस्य दुग्धेन च गन्धकेन।
समं गजाह्वे सुदृढे शरावे पुटद्वयेनापि भवेत् सुभस्म॥१०७॥

प्रज्ञाः– आरका पत्रहरूमा आँकको दुध र गन्धकले लेपन गरेर सुदृढ सम्पुटमा राखेर दुई गजपुट दिएमा आरको मारण हुन्छ॥१०७॥

अथारभष्मगुणाः॥

प्रज्ञाः– अब आरभस्मका गुणबारे बताइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

सकलवायुरुजं गुदजारुजं ग्रहणिकाकफपाण्डुभवं रुजम् ।
श्वसनकामलशूलभवं रुजं हरति भस्म तदारकसम्भवम् ॥१०८॥

प्रज्ञाः– आरभस्म समस्तवायुविकारको नाशक, गुदविकारको नाशक, ग्रहणी-कफ-पाण्डुरोगको नाशक, श्वानक-कामला-शूलरोगको नाशक हुन्छ ॥१०८ ॥

अथापक्वदोषाः ॥

प्रज्ञाः– अब अपक्व आरका दोषबारे बताइन्छ ।

विविधरोगचयं कुरुते भ्रमं गुदरुजं ह्यतिमेहरुजां गणम् ।
विविधतापकमातनुते तनौ विमृततारकमाशु[१९] हि मृत्युदम् ॥१०९॥

प्रज्ञाः– अपक्व आरले विविध रोगहरूको सञ्चय गर्दछ, भ्रम पैदा गराउँछ, गुदविकार गराउँदछ, प्रमेहरोग गराउँदछ, विविध किसिमका ताप पैदा गराउँदछ र शीघ्र मृत्यु गराउँदछ ॥१०९॥

अथ सर्वधातूनां शुद्धपरीक्षा ॥

प्रज्ञाः– अब सबै धातुको शुद्धताको परीक्षाबारे बताइन्छ ।

स्वर्णं कपोतकण्ठाभमारसेवं सदा भवेत् ।
शुल्वं मयूरकण्ठाभं तारवंगौ समुज्ज्वलौ ॥१०९॥
कृष्णसर्पनिभं नागं तीक्ष्णकं कज्जलप्रभम् ।
तदा शुद्धिं विजानीयात् वान्ति-भ्रान्तिविवर्जितम् ॥११०॥
एतत्सर्वं यदा न स्यात् पुटानन्यान् समाचरेत्
सेवनस्य प्रमाणं च कथयिष्ये हितैषिणः ॥१११॥

प्रज्ञाः– सुवर्ण परेवाको कण्ठको जस्तो आभायुक्त हुन्छ। तामा मयूरको कण्ठको जस्तो आभा भएको हुन्छ। तार र वंग समुज्ज्वल चमकयुक्त हुन्छन् । नाग कृष्णसर्पको जस्तो आभा भएको हुन्छ। तीक्ष्णलौह कज्जलीजस्तै प्रभायुक्त हुन्छ। यदि यस्ता लक्षणहरू भएमा धातु शुद्ध छन् भन्ने जान्नुपर्दछ यिनबाट वान्ति-भ्रान्ति आदि दोष देखिँदैनन् । यदि यस्तो लक्षण नभएमा आवश्यकतानुसार अन्य पुटहरू पनि दिनुपर्दछ । अब हित चाहनेहरूका लागि उक्त भस्म आदिको सेवन गर्न योग्य प्रमाण (मात्रा)को बारेमा वर्णन गरिनेछ ।

---

१९ यहाँ आरकको प्रसंग भएकोले "विमृतमारकमाशु" पाठ उचित देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथोषधीकरणे प्रशस्तस्थानमाह ।

प्रज्ञाः– अब औषधि बनाउँदा प्रशस्त स्थानबारे बताइन्छ ।

ऊर्ध्वमाच्छादिते देशे वस्त्रादिप्रावृते तथा ।
गृहे वा निर्जने पूटे भेषजं कारयेद् बुधः॥११२॥
ऊर्ध्वमुखे शिलापुत्रैः शिलायां खादयेत्सदा ।
तदा हि द्विगुणं वीर्यं स्यादिशानमुखो यदि ॥११३॥
तिन्तिडीखदिरादीनां सुदृढे विमले तथा ।
उलूखले कुट्टयित्वा ग्राह्यं भेषजमुत्तमम् ॥११४॥

प्रज्ञाः– बुद्धिमान् वैद्यले माथितिर ढाकिएको स्थानमा, वस्त्र आदिले ढाकिएका निर्जन गृहमा औषधि बनाउनुपर्दछ । ऊर्ध्वमुख भएका शिलापुत्र तयार गरेर ईशानतिर मुख फर्काएर बनाइएमा औषधिको वीर्य द्विगुण हुन्छ । त्यस्तै तिन्तिडी, खदिर आदिका दृढ र मलरहित भएका उलुखलयन्त्र (ओखल)मा कुटेर उत्तम औषधि तयार गर्न सकिन्छ ॥११२-११४॥

अथौषधस्पर्शने निषेधमाह ॥

प्रज्ञाः– अब औषधस्पर्शनका लागि निषेध गरिएका कुराहरूबारे बताइन्छ ।

रजस्वलानपत्या वा पाखण्डी यदि वा स्पृशेत् ।
आमयी वापि भैषज्यं निर्वीर्यं जायते तदा॥११५॥
आमयी रोगी ।

प्रज्ञाः– रजस्वला, निस्सन्तान नारी, पाखण्डी र रोगीहरूले यदि औषधि स्पर्श गरेभने औषधि निर्वीर्य (शक्तिहीन) बन्दछ ॥११५॥

आमयी =रोगीः ।

अथौषधकरणे निषेधस्थानमाह ॥

प्रज्ञाः– अब औषधि बनाउन निषेध गरिएका स्थानबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न कार्यमौषधं शून्ये नौकायां हट्टमण्डले ।
पथि तरुतले वापि शून्ये शून्यफलं भवेत् ॥११६॥

प्रज्ञाः– औषधि बनाउने कार्य डुंगामा, हाटमा, बाटामा रुखहरूका तल गर्नुहुँदेन, गरेमा औषधिको फल शून्य हुनेछ ॥११६॥

अथौषधभक्षणे पात्रमाह ॥

प्रज्ञाः– अब औषधि भक्षणका पात्र आदिका बारेमा बताइन्छ ।

औषधं हेमरजतं मृद्भाजनपरिस्थितम् ।
पिबेत्संचिन्त्य विष्णुं च पीत्वा पात्रमधोमुखम् ॥११७॥
निक्षिप्य तस्य सलिलं ताम्बूलाद्युपकल्पयेत् ।
मात्रया हीनया द्रव्यं विकारं न निवर्तयेत् ॥११८॥
द्रव्याणामतिबाहुल्यात् ह्यापत्संजायते भृशम् ।
मात्राया नास्त्यवस्थानं[२०] स्थानमग्निबलं वयः ॥११९॥
व्याधिं द्रव्यं च कालञ्च वीक्ष्य मात्रां प्रकल्पयेत् ।
उत्तमस्य पलं मात्रा त्रिभिश्चाक्षैश्च मध्यमे ॥१२०॥
जघन्यस्य पलार्द्धेन स्नेहक्वाथौषधेषु च ।
सार्द्धपलं तथा चार्द्धं विदध्यात् गुडखण्डयोः ॥१२१॥
श्रेष्ठमध्यमहीनेषु मात्रेयम्मुनिभिः कृता ।
अत्रास्य सौश्रुतं पञ्चरक्तिका सार्द्धकं पलम् ॥१२२॥
मोदकं वटकं लेहं कर्षमात्रं प्रयोजयेत् ।
कर्षद्वयं पलं वापि देयं कोष्ठाद्यपेक्षया ॥१२३॥
श्रेष्ठमध्यमहीनेषु द्वादशाष्टचतुष्टयैः ।
माषैर्गुग्गुलमात्रेयं कोष्ठं वीक्ष्य विभावयेत् ॥१२४॥
गुञ्जामात्ररसं देवि हेममात्रं च दापयेत् ।
तारं द्विगुञ्जकं प्रोक्तं रविजीर्णं त्रिगुञ्जकम् ॥१२५॥
तीक्ष्णाभ्रनागवंगानां कर्पूरस्य शिलाजतोः ।
षड्गुञ्जा प्रमिता मात्रा नानोपरसमाषकम् ॥१२६॥

---

२० माशुवपुष्पं पाठ मूलमा छ । त्यसको अर्थ अस्पष्ट छ । त्यसलाई अन्य ग्रन्थहरूका आधारमा सच्याइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यवमात्रं विषं देवि गुञ्जामात्रं च कुष्ठिने ।
वज्रं यवद्वयमितं तारकं यवसप्तकम् ॥१२७॥
ततो बुद्ध्या भिषग् दद्यात् प्रायोमात्रेति कीर्तिता ।
कर्षादौ तु पलं यावत् दद्यात्षोडशिकं जलम् ॥१२८॥
ततस्तु कुडवं यावत्तोयमष्टगुणं भवेत् ।
चतुर्गुणमतश्चोर्ध्वं यावत्प्रस्थाधिकं भवेत् ॥१२९॥
कालदोषौ वयो वीक्ष्य नराणां मन्दवीर्यताम्
अनिर्दिष्टप्रमाणानां प्रमाणमिदमीरितम् ॥१३०॥

प्रज्ञाः– औषधिहरू सुवर्ण र चाँदीका माटोका भाँडोमा राखेर विष्णुको स्मरण गर्दै पिउनुपर्दछ। पात्रलाई घोप्टो पारेर त्यसको पानी फाली ताम्बुल आदि कल्पना गर्नुपर्दछ । मात्रामा हीन गरेर प्रयोग गरेका औषधिले विकारलाई हटाउन सक्तैनन् । औषधद्रव्यको मात्रा ज्यादा भए पनि तुरुन्तै आपत्ति आउनसक्दछ । मात्रा यति नै भन्ने निश्चित हुँदैनृ, अग्निबल, वय, व्याधि, द्रव्य र काल विचार गरेर औषधिको मात्रा कल्पना गर्नुपर्दछ । स्नेह र क्वाथ रूपमा औषधीको उत्तम मात्रा १पल हो, तीन अक्ष मध्यम मात्रा होभने जघन्यमात्रा अर्थात् अधम मात्रा अर्द्धपल हो । औषधि जति छ त्यसमा उत्तम मात्रा भए १। पल मध्यम भए १ पल र र हीन भए आधा पल गुड/सख्खर अथवा मिश्री मिलाउनुपर्दछ।[२१] श्रेष्ठ, मध्यम र हीन गरी तीन थरिका मात्रा मुनिहरूले बताएका छन्। सौश्रुत पाँच रत्ती आधा पल हो। मोदक, वटक र लेहलाई एक कर्षको मात्रामा प्रयोग गर्नुपर्दछ। कोष्ठ आदिको विचार गरेर दुई कर्ष वा एक पल पनि प्रयोग गर्न सकिन्छ। श्रेष्ठ, मध्यम र हीनमात्रामा गुग्गुलको मात्रा १२, ८ र ४ माषा हो । यसलाई कोष्ठको अवस्था विचार गरेर मात्राविभाजन गर्नुपर्दछ । सुवर्णको मात्रा एक गुञ्जा हो। तार(रजत)को मात्रा दुई गुञ्जा बताइएको छ। रविजीर्ण अर्थात् ताम्रभस्मको मात्रा तीन गुञ्जा हो । तीक्ष्णाभ्रक-नाग-वंग-कर्पूर-मनःशिलाको मात्रालाई ६ गुञ्जा मानिएको छ। विभिन्न उपरसहरूको मात्रा १ माषा हो । विषको मात्रा एक यव हो यही कुष्ठरोगीलाई १ गुञ्जाको मात्रामा दिनुपर्दछ। हिराको मात्रा दुई यव, तार(ताल?)को मात्रा ७ यव हुन्छ। वैद्यहरूले बुद्धिपूर्वक विचार गरी निर्णय गर्नुपर्छ। यहाँ प्रायोमात्राको वर्णन गरिएको छ। क्वाथ गर्ने द्रव्य एक कर्षदेखि एक पलसम्म भएमा क्वाथ सिद्ध गर्न १६ भागसम्म पानी दिनुपर्दछ। त्यसपछि एक कुडवसम्मको मात्रा छभने पानी आठगुना दिनुपर्दछ । एक प्रस्थसम्मको मात्रामा चारगुना पानी दिनुपर्दछ। काल, दोष, वय र वीर्यको मन्दता र तीक्ष्णता विचार गरेर अनिर्दिष्ट औषधिमात्राको पनि यहाँ वर्णन गरिएको

---

२१ उत्तम मात्रा=४ अक्ष (१ पल)। मध्यम मात्रा=३ अक्ष (३/४) पल, हीनमात्रा=२ अक्ष (१/२ पल) स्नेहक्वाथको औसत मात्रा। मोदक, वटक, लेहको उत्तम मात्रा १ पल, मध्यम दुई कर्ष न्यून १ कर्ष। कर्ष ४=१पल।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ ॥११७-१३०॥

अथ सप्तधातूनां सेवनस्य मात्राप्रमाणम् ।

प्रज्ञाः– अब सप्तधातुको सेवनमा मात्राप्रमाणबारे बताइन्छ ।

वल्लार्द्धं कनकञ्च काञ्चनमितं रूप्यं च शुल्वं तथा ।
तीक्ष्णं वंगभुजंगमारनिचयो वल्लार्द्धवल्लोन्मितः ॥
तत्तुल्या शुभपिप्पली निगदिता क्षौद्रं च कर्षोन्मितम् ।
सेव्यं सम्परिहाय ग्रीष्मशरदौ ताम्रं सुसेव्यन्नरैः ॥१३१॥

प्रज्ञाः– सुवर्णको मात्रा वल्लार्द्ध हो । चाँदी र तामाको मात्रा पनि त्यही हो । तीक्ष्ण वंग-नाग-आर यिनको वल्लार्द्ध र एक वल्लसम्म हो । त्यही बराबर पिप्लाको पनि मात्रा हो । महको मात्रा एक कर्ष हो । यसरी धातुको सेवन गर्नुपर्दछ । ग्रीष्म र शरद् ऋतुमा ताम्र सेवन गर्नुहुँदैन अरू ऋतुहरूमा सेवन गर्नुपर्दछ ॥१३१॥

इत्यनुपानमञ्जर्यां सप्तधातूनां शोधनमारणन्नाम पञ्चमः समुद्देशः ॥५॥

यति अनुपानमञ्जरीमा सप्तधातुको शोधनमारणनामक पाँचौ समुद्देश हो ॥५॥

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. षष्ठः समुद्देशः

प्रज्ञाः– अब छैटौं प्रकरण लेखिन्छ ॥

अथ धातुभिर्धातुमारणम् ॥

प्रज्ञाः– अब धातुहरूले धातुमारण गर्नेबारे बताइन्छ ।

तालेन वज्रं दरदेन तीक्ष्णं नागेन हेमं शिलया च नागम् ।
शुल्वं तथा गन्धवरेण नित्यं तारं च माक्षीकवरेण हन्यात् ॥१॥

प्रज्ञाः– हरितालले हिरालाई, हिंगुलले लौहलाई, नागले सुवर्णलाई, मनःशिलाले नागलाई, गन्धकले तामालाई, तारलाई माक्षिकले काट्दछ या मारण गर्दछ ॥१॥

अथोपधातूनां संख्याशोधनमारणानि लिख्यन्ते ।

प्रज्ञाः– अब उपधातुहरूको संख्या, शोधन, मारणबारे लेखिन्छ ।

तत्रादावुपधातूनां संख्या लिख्यते

प्रज्ञाः– सबभन्दा पहिले उपधातुहरूको संख्याबारे लेखिन्छ ।

नीलाञ्जनं माक्षिकतुत्थतालं शिलाभ्रकौ वा रसकं च सप्त ।
वदन्ति नित्यं किल चोपधातून् तच्छोधनं सम्परिकीर्तयिष्ये ॥२॥

प्रज्ञाः– नीलाञ्जन, माक्षिक, तुत्थ, हरिताल, मनःशिला, अभ्रक, रसक यी सातलाई विद्वानूहरू सधैं उपधातु भन्दछन् । यिनीहरूको शोधनबारे अब बताइन्छ ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ नीलाञ्जनशुद्धिप्रकारः

प्रज्ञाः– अब नीलाञ्जनको शोधनको प्रकारको बारेमा बताइन्छ।

नीलाञ्जनं गाढतरं विचूर्ण जम्बीरतोयेन विभावयेत् तत्।
तीव्रातपे ह्येकदिनं सुशुद्धं भवेत्सुकार्येष्वथ योजनीयम्॥३॥

प्रज्ञाः– नीलाञ्जनको गाढा चूर्णलाई ज्यामीरको रसमा भावना दिएर तीव्र घाममा एक दिनसम्म राखेपछि नीलाञ्जन औषधिनिर्माण लगायतका सुकार्यमा प्रयोग गर्न सकिने गरी राम्ररी शुद्ध हुन्छ।

अथ हेममाक्षिकशोधनम्॥

प्रज्ञाः– अब स्वर्णमाक्षिकशोधनबारे बताइन्छ।

त्रयो विभागाः शुभमाक्षिकस्याप्येको विभागः शुभसैन्धवस्य॥
तन्मातुलुंगस्य रसस्य भागो जम्ब्वाम्रजंबीररसस्य भागः॥४॥
सुखर्परे लोहजदर्विणाग्नौ सञ्चालयेद् वैद्यपतिश्च मन्दम्॥
तत्खर्परे रक्तिमता यदा स्यात् तदा सुशुद्धा खलु हेममाक्षी॥५॥

प्रज्ञाः– स्वर्णमाक्षिक तीन भाग, सैन्धवलवण एक भागलाई मातुलुंगरसको र जम्बीररसको भावना दिएर फलामको ताप्केमा हाली मन्द आगोको आँचमा पाक्न दिँदै फलामको डाडूले राम्ररी चलाउनुपर्दछ। यसरी रातो हुञ्जेलसम्म तताएपछि स्वर्णमाक्षिक शुद्ध हुन्छ॥४-५॥

अथ सुवर्णमाक्षिकमारणम्।

प्रज्ञाः– अब स्वर्णमाक्षिकको मारणबारे बताइन्छ।

हेममाक्षिकविचूर्णकं न्यसेत्खर्परे बहुलनिम्बजैर्द्रवैः॥
चालयेत् तदनुलोहदर्विणा खर्परे तदनुयामकद्वयम्॥६॥
संमृता यदि सुरक्तता भवेत् पिप्पलीमधुयुता त्रिवल्लका॥
सेवतां बहुलपाण्डुकामलौ वातपित्तकहलीमकं जयेत्॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञा:– शुद्ध स्वर्णमाक्षिकलाई राम्ररी चूर्णित गरेर खर्पर अर्थात् फलामको भाँडोमा प्रशस्तमात्रामा निम्बजद्रव अर्थात् नीमको क्वाथका साथ राखेर फलामको डाडूले दुई प्रहरसम्म चलाउने । जब मजाले रातो हुन्छ त्यसपछि स्वर्णमाक्षिक मृत हुन्छ । यस स्वर्णमाक्षिक भष्मलाई तीन वल्लको मात्रामा पिप्ला र मह मिलाएर सेवन गरेमा पाण्डु, कामला, वातरोग, पित्तरोग, हलीमक रोगलाई निको पार्न सकिन्छ ॥६-७॥

अथान्यग्रन्थे सुवर्णमाक्षिकगुणाः ॥

प्रज्ञा:– अब अन्य ग्रन्थमा बताइए अनुसारको स्वर्णमाक्षिकको गुणबारे बताइन्छ ।

विविधपाण्डुगदान् भ्रमकं क्षयं श्वसनकं च जयेन्मृतमाक्षिकम् ॥[२२]

प्रज्ञा:– विभिन्न पाण्डुरोगहरू, भ्रम या चक्कर आउने रोग, क्षयरोग, श्वासरोग स्वर्णमाक्षिकभष्मले नाश हुन्छन् ।

अथ तारकमाक्षिकशोधनम् ॥

प्रज्ञा:– अब तारकमाक्षिक या रजतमाक्षिकको शोधनबारे बताइन्छ ।

कर्कोटकाद्भिः किल मेषशृंगीरसैश्च जम्बीररसैर्दिनैकम् ।
संभावयेदातपके सुतीव्रे तदा सुशुद्धा ननु तारमाक्षिका ॥९॥

प्रज्ञा:– कर्कोटकको रस, मेषशृंगीको रस र जम्बीररसले एक दिनसम्मको भावना दिएर तीव्र घाममा सुकाएपछि तारमाक्षिक शुद्ध हुन्छ ।

अथ तुत्थकशुद्धिः ॥

प्रज्ञा:– अब तुत्थक वा नीलो तुथोको शोधनबारे बताइन्छ ।

---

२२ *यसमा श्लोकार्द्ध छुटेको जस्तो लाग्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कपोतमार्जारपुरीषसार्द्धं विमर्दयेत् तुत्थकमेव गाढम् ।
दशांशकं टंकणमेव दत्वा संपाचयेत् तं मधुना च दध्ना ॥१०॥
क्षणं विधेयश्च हिरण्यरेता पुटे पुटे तुत्थकमेव शुद्धम् ॥११॥

प्रज्ञाः– परेवा, बिरालोको मल आधा भागसित तुत्थकलाई राम्रोगरी पिंध्ने त्यसपछि दशांशभाग टंकण मिलाएर मह र दहीको साथमा आगोमा पकाएपछि तुत्थक शुद्ध हुन्छ ॥१०-११॥

अथ हरितालशुद्धिप्रकारः ॥

प्रज्ञाः– अब हरितालको शुद्धिको प्रकारबारे बताइन्छ ।

दोलायन्त्रे काञ्जिके शुद्धतैले कूष्माण्डार्के वै वरायाः कषाये ।
यामं यामं पाचयेद् तालचूर्णं पश्चाच्छुद्धं कार्यके योजनीयम् ॥१२॥
वरायाः त्रिफलायाः अथवा वरवृक्षक्वाथे ।

प्रज्ञाः– दोलायन्त्रमा[२३] काञ्जिक, शुद्धतैल, कुभिण्डोको अर्क, त्रिफलाको क्वाथमा राखेर एक एक प्रहरसम्म पकाएपछि हरिताल शुद्ध हुन्छ र त्यसपछि यसलाई औषधिका लागि प्रयोग गर्नसकिन्छ ॥१२॥

वरायाः त्रिफलायाः = त्रिफलाको । अथवा **वरवृक्षक्वाथे**= अथवा वरवृक्षक्वाथमा ।

अथ हरितालमारणम् ॥

सूक्ष्मं विचूर्णं शुचितालकस्य संभावयेद् विंशतिवासरांश्च ॥
अश्वत्थतोये शुचिखल्वमध्ये घृष्ट्वा विधेयो दृढगोलकोऽपि ॥१३॥
अश्वत्थमूलार्द्धभृते च भाण्डे न्यसेत् ततो गोलक एव मन्दम् ॥
सम्पूर्य भूत्याथ शरावकेण निरुध्य मुञ्चेच्च गजाह्वयन्त्रे ॥१४॥

---

२३ एउटा माटोको भाँडो या मूषामा काञ्जिक ,त्रिफलाक्वाथ आदि पकाउनयोग्य औषाधिद्रव्य राखेर शोधन गर्नुपर्ने द्रव्यलाई चाहिं वस्त्रको पोको वा पोट्ली बनाए काठको दोलामा झुण्ड्याउन मिल्नेगरी तयार गरेर मूषामा अड्याउने विधि दोलायन्त्रविधि हो । दोलामा झुण्ड्याएको शोधन गर्नुपर्ने द्रव्य पकाउन तयार पारिएको काञ्जी क्वाथ आदिमा डुब्छ तर भाँडोको पिँधमा भने छुँदैन ।यसरी शोधन गर्ने तरिकालाई दोलायन्त्र विधि भन्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सहस्रवन्योपलसंयुते वै मृतिं व्रजेद् यामचतुष्टयेन ॥
निर्धूममेवं यदि तप्तलोहे मुञ्चेत्सुशुद्धिं शुभशुक्लवर्णम् ॥१५॥

प्रज्ञाः– शुद्ध हरितालको सूक्ष्म चूर्णलाई खलमा राखेर बीसपटकसम्म पिप्पलको पानीको भावना दिएर घोटेर दृढ गोलक बनाउनुपर्दछ। आधा अश्वत्थमूलले भरिएको भाँडोमा त्यस गोलकलाई राखेर त्यसलाई खरानीले छोपी शरावसम्पुटमा बाँधेर गजपुटको आगोमा छाडिदिनुपर्दछ । एक हजारसंख्या भएको वन्योपलको गजपुटमा चार यामसम्म पकाएर निर्धूम तुल्याएपछि त्यसलाई पुनः तप्तलोहमा हाल्नुपर्छ। त्यसपछि निख्खर सेतो रंगको हरितालभष्म तयार हुन्छ ॥१३-१५॥

अथ हरितालगुणाः

प्रज्ञाः– अब हरितालभष्मका गुणबारे बताइन्छ।

अशीतिवातान् कफपित्तरोगान् कुष्ठं च मेहं च गुदामयं च
निहन्ति वल्लार्द्धमितं च ताले षड्वल्लखण्डेन समं च गुल्मम् ॥१६॥

प्रज्ञाः– असी प्रकारका वातविकारहरू, कफपित्तका रोगहरू, कुष्ठ, प्रमेह, गुदविकार आदिमा वल्लार्द्धको मात्रामा हरितालभष्मलाई प्रयोग गरेमा निको हुन्छन्। ६ वल्लको मात्रामा समानभाग खुँदो/**सख्खर**का साथ प्रयोग गरेमा गुल्मरोग निको हुन्छ ॥१६॥

अथापक्वदोषाः ॥

प्रज्ञाः– अब अपक्व हरितालका दोषहरू बताइन्छ।

अशुद्धतालं खलु पीतवर्णं सधूमकं वातचयञ्च पीतम्।
पंगुत्वजुष्टं तनुते नराणां देहस्य नाशं प्रकरोति सद्यः ॥१७॥

प्रज्ञाः– अशुद्ध हरिताल या अपक्व हरिताल जो पीतवर्णको हुन्छ र निर्धूम भएको हुँदैन त्यसले शरीरमा वायुको प्रकोप गराउँछ र पंगुत्व आदि गराएर तत्कालै देहको विनाश समेत गर्नसक्तछ ॥१७॥

अथ मनःशिलाशुद्धिः ॥

प्रज्ञाः– अब मनःशिलाको शोधनबारे बताइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अजायाश्च मूत्रे पुरा पाचयेद् वै मनोह्वा त्र्यहं दोलकायन्त्रवर्ये ।
तदा पाचयेद् तप्तपात्रे क्षणैकं सुशुद्धं शुभे सर्वकार्ये प्रयोज्यम् ॥१८॥

प्रज्ञाः– पहिले मनःशिलालाई दोलायन्त्रमा तीन दिनसम्म अजा वा बाख्रीको मूत्रमा पकाउनुपर्दछ। त्यसपछि तातो भाँडोमा पकाउनुपर्दछ। यसरी मनःशिला राम्ररी शुद्ध हुन्छ यस्तो शुद्ध मनःशिला सबै कार्यमा प्रयोग गर्न सकिन्छ ॥१८॥

अथ रसकशुद्धिः ॥

प्रज्ञाः– अब रसकको शोधनबारे बताइन्छ।

पुंसश्च मूत्रे रसकस्य चूर्णं गोमूत्रके सप्त पचेत् दिनानि ।
सन्दोलकायन्त्रवरे सुशुद्धं संयोजनीयं सकले तु कार्ये ॥१९॥

प्रज्ञाः– पुरुषको मूत्रमा र त्यसपछि गोमूत्रमा रसकको चूर्ण राखेर सात दिनसम्म दोलायन्त्रमा स्वेदन गरेमा रसक शुद्ध हुन्छ र सबै कार्यमा प्रयोग गर्न सकिन्छ ॥१९॥

अथाभ्रकमारणम् ॥

प्रज्ञाः– अब अभ्रकको मारणबारे बताइन्छ।

तत्र प्रथमाभ्रकसंख्या लिख्यते।

प्रज्ञाः– सबभन्दा पहिले अभ्रकको संख्या बताइन्छ।

अभ्रं संकथितं चतुर्विधमथो श्वेतं च कृष्णं तथा ।
पीतं धूम्रमथो विमृश्य सुधिया श्वेतं च विप्राभिधम् ॥
कृष्णं क्षत्रियमेव पीतगणनं वैश्यं च धूम्रं तथा ।
शूद्रं संगदितं भिषग्वरगणैर्ग्रन्थार्णवज्ञैर्बुधैः ॥२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्वेताभ्रके रुप्यमथो वदन्ति कृष्णाभ्रके जाम्बुनदं सुवैद्याः ।
विचित्रवर्णत्वमथोऽपि पीते निरर्थकं धूम्रसमानकाभ्रम् ॥२१॥
गगने गरलोक्तदोषकं भिषजः सम्प्रवदन्ति मानिनः
अथ तस्य विशुद्धिमारणे कथयिष्ये विधिनैकवर्त्मना ॥२२॥

प्रज्ञाः– अभ्रक श्वेत, कृष्ण, पीत र धूम्र चार किसिमका बताइएका छन् । श्वेत अभ्रक ब्राह्मण, कृष्ण अभ्रक क्षत्रिय, पीत अभ्रक वैश्य तथा धूम्र अभ्रक शूद्र हो भनेर ग्रन्थार्णवज्ञ विद्वान् वैद्यहरूले बताएका छन् ॥२०॥ श्वेताभ्रकलाई रुप्य पनि भनिन्छ, कृष्णाभ्रकलाई जाम्बूनद भनिन्छ । पीत अभ्रकलाई विचित्रवर्णको भनिन्छ । धूमसमानको अभ्रक निरर्थक हुन्छ ॥२१॥ अभ्रकमा गरल दोष हुन्छ भनेर श्रेष्ठ भिषक्‌हरू बताउँदछन् । अतः यिनीहरूको शोधन एवं मारणको विधिवारे बताइन्छ । (श्वेताभ्रकमा चाँदीको, कृष्णाभ्रकमा सुनको अंश हुन्छ भनी योग्य वैद्यहरू भन्दछन्)॥२२॥

अथाभ्रकमारणविधिः ॥

प्रज्ञाः– अब अभ्रकको मारणविधिबारे बताइन्छ ।

उलूखले खण्डितमभ्रकृष्णं क्षिपेत् तथा काञ्जिक एव वैद्य : ।
पिष्ट्वा शिलायां च पुनःपुनश्च न्यसेत्सुसत्यं किल सप्तवारम् ॥२३॥
पश्चाद्भाण्डमुखे निबध्य रुचिरं वस्त्रं जलैः पूरयेत् ।
तद्व्रीहित्वचया समं दृढतरं सम्मर्दनीयं तदा ॥
यद्घर्षाद्यदधःपतेच्छुभतरं जातं च धान्याभ्रकम् ।
पश्चाच्छुद्धशिलातले दृढतरं सम्मर्दनीयं तदा ॥२४॥
वज्ज्रर्कोद्भवदुग्धधेनुसलिलं ब्राह्मीरुदन्तीबला ।
वासाचित्रकशाल्मलीबलवरा कुष्माण्डिका दाडिमी
जातीगोक्षुरशंखपुष्पलतिका मेघोऽमृता वर्वरी
द्राक्षामूलकराक्षसीतुलसिका शुण्ठी विशाला मदा ॥२५॥
गोजिह्वासलिलैर्विदारिलतिकाभृंग्युग्रगन्धाजलैः ।
शत्पुष्पानयनोद्भवैश्च रसकैः सम्पेषयेद् वैद्यराट् ॥
रात्रौ संपरिपाचयेद् गजपुटैः सप्तैववारान् पृथक् ।
न्यग्रोधस्य जटारसस्य सततं केशेशतोयस्य च ॥२६॥
भागाश्चैवपुटस्य विंशतिमिता घृष्ट्वा कपित्थस्य वै ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

चिञ्चिण्याः फलकोद्भवैश्च सलिलै श्रीमत्पुटेनान्वितैः ।
पश्चाद् निम्बुरसस्य धेनुपयसः संमिश्रगौडस्य च ।
दध्नः खण्डघृतस्य रम्यमधुनो वारांश्च पश्चादधः ॥२७॥
पश्चाच्चन्द्रिकया विवर्जितमथाभ्रं वै सुशुद्धं भवेत् ।
रक्तं रम्यतरं सुसेव्यमवनीशानां गणैः सर्वदा ॥

वज्री सेहुण्डः, धेनुसलिलं गोमूत्रं, रुदन्ती संजीवनी, वलवरा वरुणवृक्ष, लतिका अजमोदा, मेघो मुस्ता, मूलक मुरही, राक्षसी गोरोचना, मुण्डी गोरखमुण्डी, विदारिलतिका विदारिकन्दः, भृंगी मार्कवः, उग्रगन्धाजलम् । सत्पुष्पा मिसिः, तपनोद्भवरसः भल्लातकरसः, केशेशतोयः वटरसः ॥

प्रज्ञाः– उलूखलमा टुक्रा बनाइएका कृष्णाभ्रकमा काञ्जी प्रक्षेपण गर्दै शिलामा पिस्ने एवं रीतले सात पटक पिस्ने । त्यसपछि भाँडाको मुख राम्ररी बाँधेर भाँडालाई जलले भर्ने । धानका भूसहरूको सहायताले राम्ररी मर्दन गर्ने । मर्दन गर्दा तल जुन चूर्ण झर्छ त्यसलाई धान्याभ्रक भनिन्छ । त्यसलाई खलमा राखी सिउँडीको दुध, आँकको दुध, गाईको गहुँत, ब्राह्मी, रुदन्ती, बला, असुरो, चितू, सिमल, सिप्लिकान, कुभिण्डो, दाडिम, जाई, गोखुर, शंखपुष्प, अजमोदा, मोथे, अमृता, बर्बरी, द्राक्षा, मूलक, गोरोचना, तुलसी, शुण्ठी, विशाला (इन्द्रवारुणी ?), मदा, गोजिह्वा, विदारिकन्द, भृंगी, उग्रगन्धाजल (बोझोको रस) शतपुष्पा भल्लातकरससँग सम्पेषण गर्नुपर्दछ । रातमा गजपुटमा सात पटकसम्म पकाउनुपर्दछ । न्यग्रोधको(वटको) रसको बीस भावना दिएर त्यसै गरी कपित्थ, चिञ्चिणी(अमिली) फलको रसका साथ उपयुक्त पुट दिएर त्यसपछि निम्बुकरस, गाईको दुध,गुड घोलिएको दही, चिनी, घिउ र महमा घोटी पाँचपटकभन्दा बढी मर्दन र पुट दिएपछि चन्द्रिकारहित रातो शुद्ध अभ्रक भष्म तयार हुन्छ । यो अभ्रक भस्म राजाहरूले सेवन गर्न योग्य हुन्छ ॥

वज्री सेहुण्डः =सिउडी । **धेनुसलिलं गोमूत्रम्**=गहूँत । **रुदन्ती संजीवनी**= सञ्जीवनी । **वलवरा वरुणवृक्षः**:= वरुणको वृक्ष । **लतिका अजमोदा**=अजमोदा । **मेघो मुस्ता**=मोथे ।, **मूलक**= मुरही, मूला । **राक्षसी गोरोचना**= गोलोचन । **मुण्डी गोरखमुण्डी**= गोरखमुण्डी, **विदारिलतिका विदारिकन्दः**=विदारिकन्द। **भृंगी मार्कवः, उग्रगन्धाजलम्** = उग्रगन्धाको रस। **सत्पुष्पा मिसि**=**शतपुष्पा, सूप, तपनोद्भवरसः भल्लातकरसः**:= भल्लातकको रस । **केशेशतोयः वटरसः** = वटको/बरको रस ॥

अथाभ्रकगुणाः ॥

प्रज्ञाः– अब अभ्रकको गुणबारे बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुद्धाभ्रं ननु वल्लकद्वयमितं कृष्णामधुभ्यां युतं
मेहश्वासविषं च कुष्ठमतुलं वातांश्च पित्तान् कफान् ।।
कासक्षीणक्षतक्षयग्रहणिकापाण्डुभ्रमं कामलं
गुल्माद्यं च यथानुपानविधिना मृत्युं च जेजीयते ।।२९।।

प्रज्ञाः– शुद्ध अभ्रक दुई वल्लका मात्रामा महसित खान दिएमा प्रमेह, श्वास, विषविकार, कुष्ठ, वात, पित्तविकार, कफविकार, कास, क्षीण, क्षत, क्षय, ग्रहणी, पाण्डु, भ्रम, कामला, गुल्म आदि रोगमा यथानुपानविधिले सेवन गराएमा मृत्युलाई पनि जित्न सकिन्छ ।।२९।।

अथ ग्रन्थान्तरे गुणाः ।

प्रज्ञाः– अब ग्रन्थान्तरमा बताइएका अभ्रकका गुणबारे बताइन्छ ।

मृताभ्रकं कामबलप्रदञ्च विषं मरुच्छ्वासभगन्दराद्यम् ।
मेहं भ्रमं पित्तकफं च कासक्षयं निहन्त्येव यथानुपानात् ।।३०।।

प्रज्ञाः– मृत अभ्रक कामशक्तिदायक, बलदायक, विषविकारनाशक, वात-श्वास-भगन्दरादिरोगनाशक हुन्छ। यसले प्रमेह, भ्रम, पित्तकफविकार, कासरोग, क्षयरोग आदिलाई यथाविधि अनुपानको सहायतामा सञ्चो गराउँदछ ।।३०।।

अथापक्वदोषाः

प्रज्ञाः– अब अपक्व अभ्रकको दोषबारे बताइन्छ ।

चन्द्रिकाभियुतमभ्रकं यदा जीवितं झटिति नाशयेत्तदा ।
व्याघ्ररोम इव चोदरस्थितं वा तनौ वितनुते गदान्बहून् ।।३१।।

प्रज्ञाः– चन्द्रिकायुक्त अशुद्ध अभ्रकलाई यदि कसैले सेवन गरेमा त्यसको जीवन तुरुन्त नाश हुन्छ। यस्तो अभ्रक सेवन गरेमा पेटमा बाघका रौं भएजस्तै विभिन्न रोगहरू लगाउँदछ ।।३१।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ ग्रन्थान्तरे

प्रज्ञाः– अब ग्रन्थान्तरमा उल्लेख गरिएका अभ्रकका दोषहरू ।

स्तोकौषधैः पुटैस्तोकैरपक्वैरभ्रकैस्तथा ।
यथा व्याघ्रस्य रोम्णैव पञ्चत्वमुपजायते ॥३२॥

प्रज्ञाः– कम औषधिहरूको भावना र, कम पुट दिएको अपक्व अभ्रकले पेटमा पुगेको बाघका रौंले जस्तै सेवन गर्नेलाई पञ्चत्वमा पुऱ्याउँदछ (मार्छ) ॥३२॥

अथ मुक्ताशोधनम् ॥

प्रज्ञाः– अब मोतीको शोधनबारे बताइन्छ ।

तुरंगिकीलान्वितदोलके वै संपाचयेन्मौक्तिकचूर्णमेवम् ।
दिनैके विदेयोऽपि वन्हिश्च मन्दं शुभे कार्यके योजनीयन्ततश्च ॥३३॥[२४]

प्रज्ञाः– तुरंगिकीलान्वित (अश्वगन्धाको क्वाथले भरिएको) दोलायन्त्रमा एक दिनसम्म स्वेदन गरेर मन्द अग्निको पुट दिएर पकाएपछि भस्म भएको मोतीलाई विभिन्न कार्यमा प्रयोग गर्नसकिन्छ ॥३३॥

अथ धातूपधातुसेविनः पथ्यापथ्यप्रकारः ॥

प्रज्ञाः– अब धातु र उपधातु सेवन गर्नेहरूका लागि पथ्यापथ्यका प्रकार बताइन्छ ।

सर्वान् धातूपधातूंश्च यदा सेवति मानवः ।
तस्य गोधूमचणकौ तण्डुलं च घृतं पयः॥३३॥
शर्करा भोजने देया तैलं स्नानं च वर्जयेत् ।
अनुपानं सदा देयं सुपक्वं सुविचारितम् ॥३५॥

२४ *यहाँ छन्द बदलिएको छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रज्ञाः– सबै धातु र उपधातुहरूलाई जब मानव सेवन गर्दछ तब त्यसलाई गहूँ, चना, चामल, घिउ, दुध, सख्खर भोजनमा दिनुपर्दछ। तेलको सेवन र स्नान गर्नुहुँदैन। अनुपान दिँदा सधैं सुपक्व र सुविचारित अनुपान दिनुपर्दछ॥३५॥

अथ शूलादिरोगनाशने रसनामनुपानयोगाः॥

प्रज्ञाः– अब शूल आदि रोगमा अनुपानयोग बताइन्छ।

शूले हिंगुघृतान्वितं मधुयुता कृष्णा पुराणज्वरे।
वाते साज्यरसोनकं श्वसनके क्षौद्रान्वितं त्र्यूषणम्॥
शीते व्याललतादलं समरिचं मेहे वराः सोपलाः।
दोषाणां त्रितयेऽनुपानमुचितं सक्षौद्रमार्द्राद्रिकम्॥३६॥
घनपर्पटकं ज्वरे, ग्रहण्यां मथितं, हेम विषे, वमीषु लाजा।
कुटजोतिसृतौ, वृषोऽस्रपित्ते गुदकीलेष्वनलः, कृमौ कृमिघ्नः॥३७॥
शूलविस्फोटवातेषु जडेषु दहनक्रिया।
रक्तस्रावे चाश्मभेदे तथा वृकिविसूचिके॥३८॥
वातरक्ते बलिं दद्यात् शिरोरोगेषु शुण्ठिना।
अश्मर्यां च तथा कृच्छ्रे तथा हेमा, हरीतकी॥३९॥

प्रज्ञाः– शूलरोगमा हिङ र घृतको अनुपान उपयुक्त हुन्छ। पुरानु ज्वरमा मह मिलाइएको पिप्लाको अनुपान दिनुपर्दछ। वातरोगमा घिउ र लसुनको अनुपान दिनुपर्दछ। श्वसनविकार(दमको रोग)मा मह र त्रिकटुको अनुपान दिनुपर्दछ। शीत या चिसो लागेमा व्याललतादल(पान)को रस र प्रमेहमा शिलाजित र वरा(त्रिफला)को अनुपान दिनुपर्दछ। तीनै दोषहरूका लागि मह र आर्द्र अदुवाको अनुपान उचित हुन्छ। ज्वरमा घन(मोथे) र पर्पटक (पापडा), ग्रहणीमा मथित(मही), विषमा सुवर्णभस्म र वमनमा लाजा, अतिसारमा कुटज, रक्तपित्तमा वृष (असुरो), गुदकीलमा (अर्शमा) चितू, कृमिमा कृमिघ्न (विडंग) उपयुक्त अनुपान हुन्। शूल, विष्फोट, वातरोग र जडमा दहनक्रिया गर्नुपर्दछ। रक्तस्रावमा र अश्मरीभेदन गर्न, विसूचिका तथा वातरक्तमा बलि(गन्धक) दिनुपर्दछ। शिरोरोगमा सूठोको, अश्मरी र मूत्रकृच्छ्रमा हेमा (श्वेतवचा?) र जीवन्ती हरीतकीका साथ सेवन गर्नुपर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथा वलिं

अपस्मारे च मूर्च्छायां तैलं वायुः सुशीतलम्।
ऊर्ध्ववाते बुद्धिभ्रंशे देवपुष्पं वचा सह ॥४०॥
उदरे शुष्कपिप्पली क्षये च गुडुची तथा।
पाण्डौ रसादयः श्रेष्ठाः प्रदरे च रसाञ्जनम् ॥४१॥
दद्रूकण्डूपामकुष्ठे चार्द्धगन्धकपारदैः।
लेपनाद्धि भवेच्छान्तिः यथा नेत्रे रसाञ्जनम् ॥४२॥
एवमनुपानयोगेन भेषजं कारयेद्बुधः।
यथारोग्यं तथा पथ्यं देशकालवयो वपुः ॥४३॥

प्रज्ञाः– अपस्मार मूर्च्छामा तैल र शीतल वायु, ऊर्ध्ववात र बुद्धिभ्रंशमा वचा र देवकुसुम (ल्वाङ), उदररोगमा शुष्कपिप्पली, क्षयमा गुडूची, पाण्डुमा रसादिहरू, प्रदरमा रसाञ्जन, दद्रू-कण्डु-पामा-कुष्ठमा आधा गन्धक जारण गरेको पारदलेपनले शान्ति हुन्छ जसरी नेत्रमा रसाञ्जनले हुन्छ । यसरी देश-काल-वय-वपु अनुसारको पथ्य अनुपान जसबाट आरोग्य हुनसक्छ त्यही मिलाएर बुद्धिमान् वैद्यले औषधि सेवन गराउनुपर्दछ ॥४०-४३॥

अथ जयपालशोधनम्

प्रज्ञाः– अब जयपालशोधनबारे बताइन्छ।

निस्तुषं जयपालञ्च द्विधा कृत्वा विचक्षणः।
एतद्बीजस्य मध्ये तु पत्रवत्परिवर्जयेत् ॥४४॥
जयपालवीजस्य तप्ते श्लथगोमये तत्स्वरसेन च।
सन्तापितमूर्च्छनं विदध्यादनवद्यता तदेवास्य ॥४५॥
गोदुग्धे शुद्धिमायाति सुतप्ते जयपालकम्।
सामे जीर्णेऽग्निमान्द्ये च कफयुङ् मलबद्धके ॥४६॥
सन्निपातज्वरे जीर्णज्वरे प्लीहोदरे तथा।
सामाजीर्णोदरे बद्धे बद्धकोष्ठे शुभं भवेत् ॥४७॥

प्रज्ञाः– निस्तुष जयपाललाई दुई भाग लगाएर यसको बीजको मध्यभागमा रहेको पत्र भएको भागलाई फाल्नुपर्दछ । त्यसपछि जयपालबीज तप्तगोमय र त्यसैको स्वरसले सन्तापितमूर्च्छित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुपर्दछ। त्यसपछि तातो गोदुग्धमा स्वेदन गरेपछि जयपाल शुद्ध हुन्छ। साम र जीर्ण अग्निमान्द्यमा, कफविकारमा, मलबद्धमा, सन्निपातज्वरमा, जीर्णज्वरमा, प्लीहोदरमा साम अजीर्ण र उदररोगमा, बद्धगुदोदररोगमा, बद्धकोष्ठमा शुद्ध जयपालले राम्रो गर्दछ ॥४४-४७॥

अथाहिफेनशोधनम् ॥

प्रज्ञाः– अब अफिमको शोधनबारे बताइन्छ।

अहिफेनं शृंगवेररसैर्भाव्यं त्रिसप्तधा।
शुद्ध्यत्युक्तेषु योगेषु योजयेत् तद्विधानवित् ॥४८॥

प्रज्ञाः– अफिमलाई २१ पटकसम्म श्रृंगवेररसको (अदुवाको रसको) भावना दिएमा अफिम शुद्ध हुन्छ। यसलाई विधिवत् उपयोग गर्न सकिन्छ ॥४८॥

इत्यनुपानमञ्जर्यां धातुभिर्धातुमारणं तथोपधातूनां संख्या शोधनमारणानि एवं धातूपधातुसेविनः पथ्यापथ्यप्रकरणं नाम षष्ठः समुद्देशः ॥

यति अनुपानमञ्जरीमा धातुमारण तथा उपधातुहरूको संख्या शोधनमारण एवं अब धातु र उपधातु सेवन गर्नेहरूका लागि पथ्यापथ्य प्रकरण नामक छैठौं समुद्देश हो ॥५॥

समाप्तम् शुभम् ॥

यो ग्रन्थ शुभका साथ समाप्त भयो।

***

व्याख्यासमाप्तमितिः २०७५।१।१२ भूकम्पदिवसः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

परिशिष्ट १

अनुपान सारांश

विकार	अनुपान/**पथ्य**
धातु-उपधातु	
१ . सुवर्ण (सुनको) विकार	हरीतकी(हर्रो)लाई मिश्रीमा मिलाएर तीन दिनसम्म सेवन गर्ने ।
२. रौप्य (चाँदीको) विकार	महमा सख्खर मिसाएर तीन दिनसम्म सेवन गर्ने ।
३. ताम्र (तामाको) विकार	बिहान सबेरै जंगली धानलाई मिश्रीमा मिसाई पानीमा घोटेर तीन दिनसम्म सेवन गर्ने ।
४. वंग (टिनको) विकार	अजशृंगी/गुडमारमा मिश्री मिसाएर तीन दिनसम्म सेवन गर्ने ।
५. यशद (जस्ताको) विकार	बिहान सबेरै त्रिफलाचूर्णको सेवन गर्ने ।
६. त्रिधातुज (नाग,वंग,यशद)	बिहान सबेरै त्रिफलाचूर्णको सेवन ।
७. नाग (सीसाको) विकार	हरीतकी मिसाएर सेतो बोझो(हेमा)लाई मिश्रीसित तीन दिनसम्म ।
८. अयोविकार (फलामको विकार)	– मह र सख्खरका साथ सुकुमेलचूर्ण तीन दिनसम्म । – सैन्धवलवणलाई निशोथको चूर्णमा मिलाएर तातोपानीसित । – दुबोको रसमा मह मिलाएर पिउने । – सेतो दुबोको रस मिश्री मिसाएर पिउने ।
९. मण्डूर (कीटको) विकार	हर्रोको चूर्णमा मह मिसाएर तीन दिनसम्म ।
१०. घोष (काँसो/ कांस्यको) विकार	अमिली पानीमा मिलाएर पिउने ।
११. हरितालविकार	– पाकेको दाडिमको रस पिउने । – जीराको धुलो सख्खर मिसाएर ७ दिन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

	– कुभिण्डोको रस, दुरालभाको रस तथा राजहंसीको रस सेवन गर्ने । – सुवर्णपुष्प र भूनिम्बको क्वाथ तीन दिनसम्म । – सर्पाक्षीमा मिश्री मिलाएर सेवन गर्ने ।
१२. पारद (पारोको) विकार	– शुद्ध गन्धकको सेवन । – २ माषा गन्धकचूर्ण पानको पातको रससँग । – दाख, कुभिण्डो, खुदो/सख्खर, तुलसी, सूप, ल्वाङ, नागकेशर र सबैलाई समान भाग गन्धक मिलाएर १ कर्षको मात्रामा दुधसित छुट्टाछुट्टै सेवन गर्ने । – पानको पातको रस, भृंगराजको रस र तुलसीदलको रस १–१ प्रस्थ र समान भाग दुध मिलाएर त्यसले दिनमा २-२ प्रहर तीन दिनसम्म मर्दन गर्ने ।
१३. कुनटी (मनःशिलाविकार)	गाईको दुधमा मह मिलाएर तीन दिनसम्म सेवन गर्ने ।
१४.गन्धकविकार	गाईको दुधमा घिउ हालेर सेवन गर्ने ।
१५. अभ्रकविकार	अमलालाई पानीमा पिसेर तीन दिनसम्म ।
१६. माक्षिकविकार	गहतको दाल/क्वाथ दाडिमको बोक्राको क्वाथ ।
१७. शिलाजितविकार	घिउ र मरिच ७ दिनसम्म सेवन गर्ने ।
१८. रसकर्पूरविकार	धनियाँ र मिश्रीलाई पानीमा घोटेर पिउने ।
१९. तुत्थ (नीलो तुथो) विकार	ज्यामीरको रस तीन दिनसम्म पिउने ।
२०. मृगांक/कपूरको विकार	– गाईको घिउमा मिश्री मिलाएर सेवन गर्ने । – अमलाको रस ३ दिनसम्म सेवन गर्ने ।
२१. काचविकार	– गदहाको विष्टा – नौसादर गैरिकमृत्तिकासित सेवन गर्ने ।
२२. मौक्तिकप्रवालविकार	घिउ, मह र मिश्री गाईको दुध मिलाई पिउने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थावर विष

२३. अहिफेन (अफिम)	– बनभण्टाको रस दुधसित १ पलको मात्रामा सेवन गर्ने । – बोझो, सिधेनुन, पिप्ला, मदनफल तातो पानीसित ।
२४. मल्ल (सँखिया)	मिश्रीसित लुँडेको रस सेवन गर्ने ।
२५. भल्लातक (भलायो)	– सर्सिउँ र लुँडेलाई नौनीमा मिलाएर लेप लगाउने । – देवदारु सर्सिउँ र मोथेलाई नौनीमा मिलाएर लेप लगाउने – नौनी र तिल अथवा दुध र सख्खरको लेप लगाउने ।
२६. धत्तूर (धतुरो)	– भण्टाको बियाँको रस १पल मात्रामा । – कपासको फूल मिश्री मिलाई पानीमा ।
२७. वत्सनाभविकार	वटूशन/पटवर्णास्यवृक्षको रसलाई १पल मात्रामा सख्खर मिलाएर
२८. भृंगदंश/भमराले चिलेको	– गाईको दहीमा सुठो मिलाएर पिउने । – हरिद्रालाई पानीमा पिसेर सेवन गर्ने ।
२९. गुञ्जा/रातीगेडी	– लुँडेको रस मिश्रीसित पिउने । – दुधको सेवन । – मधु, खर्जूर, दाख, वृक्षाम्ल, दाडिम, फर्सा, अमला मिलाएर सेवन गर्ने ।
३०. पूगीफल/सुपारी	चिसो कपडा वा चिसो हावा हम्किने ।
३१. शर्कराभक्षणविकार	महमा मिश्री वा सख्खर मिलाएर सेवन ।
३२. कोद्रव/कोदो	चिसो दुध पिउन दिने
३३. कोद्रवमद्य/कोदोको मद्य	कुभिण्डोको रस गुड मिलाएर सेवन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३४. करवीरविकार
– भैंसीको दही र मिश्री मिलाएर भैंसीको दुध सेवन गर्ने।
– आँकको बोक्रा पानीमा मिलाई पिउने।

३५. वज्रीमन्दार/ सिउँडी र आँक)
– मिश्री मिलाएको चिसो पानी।
–वस्त्रवायु (कपडाले हम्किनु)।
– शीतल छहारी।
– अमिलीको पातलाई पानीमा थिचेर बनेको लेदोले जिउ माड्ने।
– हिमनदीको शीतल पानी पिउने।

३६. दन्तीबीजविकार
धनियाँमा मिश्री मिलाएर दहीसँग पिउने ।

३७. विषमुष्टि/कुचिला
घिउ, मह र मिश्री मिलाएर पिउने।

३८. लूकविकार/लू लाग्नु
अमिली, वृक्षाम्ललाई छुट्टाछुट्टै मह मिलाएर।

३९. शीतलादाह
– महपानी पिउने।
– पारिजातको पात घिउमा मिलाएर पिसी त्यसको चिल्लो लेदो देहमा लेप गर्ने।

जंगम विष

४०. विषजन्य चेतनानाश
चटेलोको जरा बोकाको पिसावले भावित गरेर काञ्जीमा पिसी तयार गरिएको नस्य।

४१. सर्पभय/ सर्पको डर
लज्जावतीको जरालाई हातमा बाँध्ने र त्यसकै लेप सम्पूर्ण शरीरमा लगाउने।

४२. दंष्ट्रा विष/डसाइको विष
त्रिफला, चन्दन, कुष्ठ, अदुवा, घिउमा मिलाएर लेप लगाउने र पिउन दिने।

४३. सर्पविष
गाइजिब्रे, दहीकाम्लो, इन्द्रवारुणी र चरी अमिलो कुनै एकलाई पानी मिलाएर पिउने।

४४. सर्पले नडस्नका लागि
हिङ र बोझो मिसेर पानीमा पिसी हात र गोडामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

	लेप लगाउने ।
४५. सर्पविषविकार	नीलो तुथो, बोझो, मदनफललाई गाईको दुधसित पिलाउने ।
४६. अलर्क/ बौलाहा कुकुर	– कुखुराको सुलीको लेप – गुड, तिलको तेल र आँकको दुधको लेप । – घिउकुमारीको गुदीमा सिधेनुन हालेर मनतातो पारी तीन दिनसम्म पिउने । – तिलको तेल, तिलको पिना, गुड र आँकको दुध बराबर मिलाई पिउने । – कुभिण्डोको जरा र मरिच १ कर्षको मात्रामा सेवन गर्ने । – टोकेको घाउमा तत्कालै फलामको डण्डीले सेकाउने ।
४७. दुष्टजन्तुजन्यविकार	विषक्रौञ्च पानीमा घोटेर पिउने ।
४८. वृश्चिकविष/बिच्छी	– हिङ र आँकको दुध घोटेर दंशस्थानमा लगाउने – शरपुंखा र लुँडेको रस सख्खर मिलाएर पिलाउने ।
४९. गृहगोधिका/माउसुली	त्रिकटु, सहिजन, करञ्ज, बेसार र काउछोको बियाँ पानीमा मिलाएर पिउन दिने ।
५०. सरट/छेपारो	आँकको जरा, बोझोको धुलो, चिसो पानीसित पिलाउने ।
५१. मूषक/मूषा	शरपुंखाको रस १ पल मिश्रीसित बिहान सबेरै ।
५२. श्वेतमूषकग्रन्थी/ सेतो मुसाको ग्रन्थी	शस्त्रले ग्रन्थी फोरी गधाको मल हाल्ने ।
५३. सिंहरोमविकार	१-१ पल मह २० दिनसम्म ।
५४. भ्रमर माक्षिक/भमरा र मौरीको विकार	भैंसीको नौनीमा सुहाग मर्दन गरी बराबर अफिम मिलाएर दिने ।
५५. डंक कीट	– गाईको बाछाको गोबरको रस ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५६. अल्पजन्तु निस्कासन

– जिउरो र तालुको सहयोगबाट अमृतस्राव गराई दंशस्थानमा लेप ।

– भलायोको फल, मोथे, काउछोको बियाँ राल र सर्सिउँ यी सबैको धूप धुवाउँने ।

– आँकको जरा कपासलाई तोरीको तेलमा भिजाई बत्ती बाल्ने ।

५७. यूकालिक्षा/ जुम्रा, लिखा

– श्रीमूल वा तुलसीमूललाई गहुँतमा घोटेर लेप लगाउने ।

– मनःशिला, गन्धक, वायुविडंगको धुलोलाई तोरीको तेलमा मिलाएर लेप लगाउने ।

५८. भ्रमरकृत जलोदर

टटेलाको बियाँ सेवन गर्नुपर्छ ।

– सर्पविषमा तिलको तेल अमिलो खाना र निद्रा अपथ्य हुन्छन् ।

– सर्पविषमा चामल, घिउ, दुध पथ्य हुन्छन् ।

– धातु–उपधातु, स्थावर-जंगम विषमा सबैमा वमन श्रेष्ठ हुन्छ ।

– अलर्कविषबाहेक सबै विषको सामान्य औषध मिश्री, मह, घिउ दुध भैसीको गोबर ।

– अलर्क विषको सामान्य औषध ।

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट २

माननिरूपण

प्राचीन मान	आधुनिक मान
६ सर्षप (सर्स्यूँ)= १ यव (जौ)	६/१२५ मिलीग्राम, लगभग २१ मिलीग्राम
६ यव = १ गुञ्जा (रत्ती)	१२५ मिलीग्राम
३ गुञ्जा = १ वल्ल	३७५ मिलीग्राम
६ गुञ्जा =२ वल्ल = १ माष (मासा)	७५० मिलीग्राम
२ माष (मासा) =१ धरण	१५०० मिलीग्राम
२ धरण = १ शाण,निष्क, कला	३००० मिलीग्राम = ३ ग्राम
२ शाण = १ वटक,कोल	६००० मिलीग्राम = ६ ग्राम
४ शाण, निष्क = १ कर्ष, अक्ष, शुक्ति	१२०००० मिलीग्राम = १२ ग्राम
२ कर्ष (अक्ष) = १ शुक्ति	२४ ग्राम
२ शुक्ति = १ पल	४८ ग्राम
२ पल = १ प्रसृत	९६ ग्राम
२ प्रसृत = १ कुडव, अञ्जलि	१९२ ग्राम
२ कुडव = १ मानिका	३८४ ग्राम
२ मानिका = १ प्रस्थ	७६८ ग्राम
४ प्रस्थ = १ आढक	३०७२ ग्राम = लगभग ३ किलोग्राम (३.०७२ कि.ग्रा.)
४ आढक = १ द्रोण	१२.२८८ कि.ग्रा.
१०० पल = १ तुला	४८०० ग्राम =४.८ कि.ग्रा.

रसरत्नसमुच्चयअनुसार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुपानमञ्जरीको पाँचौ समुद्देशको श्लोकसंख्या १२५देखि १२७ सम्मको मात्रा र १३१ मा भनिएको मात्रा विचारणीय छ। दुवैमा मात्रा फरक छ।

श्लोक १२५-१२७ को मात्रा	श्लोक १३१ को मात्रा
स्वर्ण = १ गुञ्जा (१२५ मि.ग्रा.)	१ वल्ल/२ वल्लार्द्ध =१८७ मि.ग्रा.
तार = २ गुञ्जा (२५० मि.ग्रा.)	"
ताम्र = ३ गुञ्जा (३७५ मि. ग्रा.)	"
लौह = ६ गुञ्जा (७५० मि. ग्रा.)	१ वल्ल १८७-३७५ मि.ग्रा.
अभ्रक = ६ गुञ्जा (७५० मि. ग्रा.)	१ वल्ल १८७-३७५ मि.ग्रा.
नाग = ६ गुञ्जा (७५० मि. ग्रा.)	१ वल्ल १८७-३७५ मि.ग्रा.
वंग = ६ गुञ्जा (७५० मि. ग्रा.)	१ वल्ल १८७-३७५ मि.ग्रा.

समाधान : १२५-१३७ श्लोकको मध्यम मात्रा, १३१ श्लोकको उत्तम मात्रा र न्यूनतम मात्रा अर्को पृष्ठकोलाई मान्न सकिन्छ।

औषधिहरूका मध्यममात्राहरू

औषधि	मात्रा
पारद भस्म/रससिन्दूर	
स्वर्ण भस्म	१/२ वल्ल (१८७ मि.ग्रा.)
रजत भस्म	१/२ वल्ल (१८७ मि.ग्रा.)
ताम्र भस्म	१/२ वल्ल (१८७ मि.ग्रा.)
लौह भस्म	१/२–१ वल्ल (१८७–३७५ मि. ग्रा.)
वंग भस्म	१/२–१ वल्ल (१८७–३७५ मि. ग्रा.)
नाग भस्म	१/२–१ वल्ल (१८७–३७५ मि. ग्रा.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर भस्म	१/२–१ वल्ल (१८७–३७५ मि. ग्रा.)
शुद्ध नीलाञ्जन	१ माषकसम्म ७५० मि.ग्रा.
स्वर्णमाक्षिक भस्म	१ माषकसम्म ७५० मि.ग्रा.
तारमाक्षिक भस्म	१ माषकसम्म ७५० मि.ग्रा.
शुद्ध तुत्थ भस्म	१ माष ७५० मि.ग्रा.
हरिताल भस्म	१ माष ७५० मि.ग्रा.
मनःशिला भस्म	१ माष ७५० मि.ग्रा.
रसक भस्म	१ माष ७५० मि.ग्रा.
अभ्रक भस्म	१ माष ७५० मि.ग्रा.
मुक्ता भस्म	१ माष ७५० मि.ग्रा.
प्रवाल भस्म	१ माष ७५० मि.ग्रा.
शुद्ध विष	१ यव = २०–२१ मिलीग्राम
शुद्ध अहिफेन	
शुद्ध शिलाजित	१ माष ७५० मि.ग्रा.
हीरक भस्म	२ यव = ४० मि.ग्रा.

वर्त्तमान समयलाई निर्दिष्ट मात्राहरू

औषधि	मात्रा
परद भस्म/रससिन्दूर	१-२ रत्ती (१२५-२५० मि.ग्रा.
स्वर्ण भस्म	१/४–१/२ रत्ती (३०-१२५ मि.ग्रा.
रजत भस्म	१ रत्ती (१२५ मि.ग्रा.)
ताम्र	१/२–१ रत्ती (६०-१२५ मि.ग्रा.
लौह भस्म	१-२ रत्ती (१२५-२५० मि.ग्रा.)
मण्डूर भस्म	२-८ रत्ती (२५० मिग्रा-१ ग्रा)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वंग भस्म	१-२ रत्ती (१२५-२५० मि.ग्रा.)
नाग भस्म	१-२ रत्ती (१२५-२५० मि.ग्रा.)
अभ्रक भस्म	१-२ रत्ती (१२५-२५० मि.ग्रा.)
पित्तल/आर भस्म	१/२–१ रत्ती (६०-१२५ मि.ग्रा.
स्वर्णमाक्षिक भस्म	१-२ रत्ती (१२५-२५० मि.ग्रा.)
रजतमाक्षिक भस्म	१-२ रत्ती (१२५-२५० मि.ग्रा.)
हरिताल भस्म	१/४–१/२ रत्ती (३०-१२५ मि.ग्रा.
मनःशिला	
रसक भस्म	
मुक्ता भस्म	१ रत्ती (१२५ मि.ग्रा.)
प्रवाल भस्म	१-४ रत्ती (१२५-५०० मि.ग्रा.)
शुद्ध विष	
शुद्ध अहिफेन	
शुद्ध शिलाजित	१-४ रत्ती (१२५-५०० मि.ग्रा.)
हीरक भस्म	१/७-२/७ रत्ती (१८ मि.ग्रा. रससिन्दूरमा मिसेर
तुत्थ भस्म	१-२ रत्ती (१२५-२५० मि.ग्रा.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुपानमञ्जरी हस्तलिखित ग्रन्थको फ्याक्सिमिली



श्री ५ को सरकार
शि. मं. पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय
His Majesty's Government
